# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ६, अङ्क १५, पूर्णाङ्क २४८ | २०७७ मङ्सिर १० गते बुधबार | Wednesday, 25 Nov 2020 | www.eratokhabar.com | मूल्य रु. १०


## अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीद्वारा लक्ष्मी राईप्रति हार्दिक श्रद्धाञ्जली

**काठमाडौं** : अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीले सङ्गठनकी केन्द्रीय सदस्य लक्ष्मी राईप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गरेको छ। सङ्गठनकी केन्द्रीय संयोजक सविता तामाङले बिहीबार श्रद्धाञ्जली वक्तव्य प्रकाशित गर्दै आफ्नो सङ्गठन क्रान्तिप्रति उच्च विश्वास र प्रतिबद्धताका साथ महिला मुक्तिका लागि कटिबद्ध रही लक्ष्मी राईले देखाएको बाटोमा निरन्तर अगाडि बढ्ने प्रतिबद्धता पनि व्यक्त गरेकी छिन्। उनले राईको असामयिक निधनप्रति केन्द्रीय समितिका तर्फबाट श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना पनि प्रकट गरेकी छिन्।

संयोजक तामाङद्वारा जारी श्रद्धाञ्जली वक्तव्यमा भनिएको ... बाँकी पृष्ठ ७ मा

## बाजुरा कारागारभित्रै भव्य रूपमा मनाइयो नेकपाको सातौँ पुनर्गठन दिवस

**काठमाडौं** : बाजुरा कारागारमा रहेका नेपाल कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ताले ७ औं पार्टी पुनर्गठन दिवस भव्य रूपमा मनाएका छन्। ' एकीकृत जनक्रान्तिको झन्डालाई उचो पारौं' भन्ने पार्टीकेन्द्रको मूल नारालाई आधार बनाएर कारागारमा सोमबार पार्टी पुनर्गठन दिवस मनाइएको हो। जिल्ला कारागारभित्र रहेका आस्थाका बन्दीहरूले औपचारिक कार्यक्रममार्फत पुनर्गठन दिवस मनाएको बाजुराबाट प्राप्त समाचारमा जनाइएको छ।

कार्यक्रममा सम्बोधन गर्दै नेकपाका केन्द्रीय सदस्य चूडामणि ... बाँकी पृष्ठ ७ मा

## पार्टी पुनर्गठन दिवसमा विदेशमा बस्ने नेपालीहरूको ऐक्यबद्धता

**काठमाडौं** : नेपाली जनप्रगतिशील मोर्चा कतारले नेपालमा भव्यतापूर्वक उत्सवका रूपमा मनाइँदै गरेको नेकपाको सातौं पुनर्गठन दिवसप्रति ऐक्यबद्धता प्रकट गरेको छ। मोर्चाका अध्यक्ष जयकृष्ण पोद्दार र महासचिव रवीन पुनले विज्ञप्ति जारी गरी पार्टी पुनर्गठन दिवसमा मोर्चामा आबद्ध नेपालीहरूको भौतिक उपस्थिति हुन नसके पनि उत्सव सफलताको शुभकामनासहित ऐक्यबद्धता प्रकट गरिएको छ।

विज्ञप्तिमा भनिएको ... बाँकी पृष्ठ ७ मा

### पार्टी पुनर्गठन दिवसमा महासचिव विप्लवको विशेष अन्तर्वार्ता

# दलाल सत्ताविरुद्ध प्रतिरोधात्मक कारबाही जारी रहन्छ : विप्लव

■ रातोखबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले हेडक्वार्टरसहित देशै भरि विभिन्न कार्यक्रम गर्दै सातौं पार्टी पुनर्गठन दिवस उत्वसका रूपमा मनाएको छ।

यस अवसरमा नेकपाका महासचिव विप्लवले रातो खबरका लागि वसन्त श्रेष्ठलाई दिएको विशेष अन्तर्वार्तामा मङ्सिर ८ गते नेपालको राजनीतिक आन्दोलन तथा नेपाली कम्युनिस्ट आन्दोलनलाई एउटा नयाँ उचाइ दिएको दिन भएको बताएका छन्। मङ्सिर ८ राजनीतिक सन्दर्भको उत्कर्षको दिन रहेको भन्दै महासचिव विप्लवले यो एउटा नयाँ प्रक्रिया तोडेर नयाँ क्रमभङ्ग, सुरुआत तथा आरम्भ गरेको दिनका रूपमा विश्लेषण गरेका छन्।

जनताका अधिकारहरूमाथि राज्यले हस्तक्षेप गरेको बेला आफ्नो पार्टीले आन्दोलन र जनताले प्रतिरोध गरेको र आफ्नो पार्टीले राष्ट्रका पक्षमा बोलेको बेला सरकारले गरेको प्रतिबन्धले आफूलाई केही चुनौती थपिएको भए पनि जनताका पक्षमा काम गरेका कारण प्रतिबन्ध लगाइएको विषय स्पष्ट भएको विप्लवको भनाइ छ। नेपालमा एउटा कम्युनिस्ट नाउँको पार्टीले अर्को कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाउनु आश्चर्यको विषय बनिरहेको बेला विप्लवले भने रुसमा संशोधनवादी मेन्सेबिकहरूले पनि क्रान्तिकारी बोल्सेबिकहरूलाई यस्तै व्यवहार



गरेको, जर्मनमा कम्युनिस्ट गृहमन्त्रीले नै दमन गरेर रक्तपात मच्चाएको उदाहरण दिँदै यो सत्ता र वर्गीय चरित्र भएको प्रस्ट पारेका छन्।

प्रचण्ड र केपी वलीहरूले जनताको नभई दलाल पुँजीपति वर्गको रक्षा र संरक्षण गरिरहेको भन्दै महासचिव विप्लवले जनताले नै आफ्नो हातमा शासनप्रणाली नलिएसम्म जनताको मुक्ति सम्भव नहुने प्रस्ट पारेका छन्। विप्लवले ... बाँकी पृष्ठ ७ मा

## जनमुक्ति सेनाको सलामीबीच केन्द्रीय कार्यालयमा पुनर्गठन दिवस

**काठमाडौं** : नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय कार्यालयमा भव्य समारोहका बीच पार्टी पुनर्गठन दिवस मनाइएको जानकारी रातो खबरलाई प्राप्त भएको छ।

महासचिव विप्लवको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समारोहको सञ्चालन विजय र स्वागत प्रकाश थापाले गरेका थिए भने अतिथिहरू हरि, प्रविनलगायतले शुभकामना व्यक्त गरेका थिए। कार्यक्रमका प्रमुख अतिथिलगायत अतिथि र आगन्तुकहरूलाई जनमुक्ति सेनाको एक टुकडीले मार्चपास्टसहित सलामी अर्पण गरेको थियो।

प्रमुख अतिथि विप्लवले शुभकामना व्यक्त गर्दै मङ्सिर ८ सम्पूर्ण इमानदार क्रान्तिकारीहरूको ऐतिहासिक र सदैव स्मरणीय दिन रहेको उल्लेख गरे। महासचिव विप्लवले सहिदको सम्मान ... बाँकी पृष्ठ ७ मा

## विकल्प र सुवर्णलाई बिनासर्त तत्काल रिहा गर : प्रकाण्ड

■ आशिष कुमार चौधरी/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता प्रकाण्डले पार्टी केन्द्रीय अर्थ विभागका अध्यक्ष तथा पार्टी ब्युरो सदस्य प्रेम दर्नाल 'विकल्प' र अर्थ विभाग सदस्य सञ्जीव नेपाली 'सुवर्ण' लाई तत्काल बिनासर्त रिहा गर्न माग गरेका छन्। प्रवक्ता प्रकाण्डले अर्थ विभागको कामका क्रममा काठमाडौं उपत्यकाको नक्खु इलाकामा व्यवसायीहरूसँगको बैठक परिसरबाट उनीहरूलाई रामबहादुर थापा गृह प्रशासनले आपराधिक र अपहरणकारी शैलीमा गिरफ्तार गरी दिनभरि बेपत्ता पारेकाले सरकार र गृह प्रशासनको जङ्गली एवम् बर्बर शैलीको गिरफ्तारीको कडा निन्दा र भर्त्सना पनि गरेका छन्।

प्रवक्ता प्रकाण्डको विज्ञप्तिमा भनिएको छ, '२०७७ मङ्सिर ५ गते हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय अर्थ विभागका अध्यक्ष तथा पार्टी ब्युरो सदस्य क. प्रेम दर्नाल 'विकल्प' र अर्थ विभाग सदस्य क. सञ्जीव नेपाली 'सुवर्ण' अर्थ विभागको कामका क्रममा काठमाडौं उपत्यकाको



नक्खु इलाकामा व्यवसायीहरूसँगको बैठक परिसरबाट केपी वली सरकारको रामबहादुर थापा गृह प्रशासनले दिउँसो आपराधिक र अपहरणकारी शैलीमा गिरफ्तार गरी हिजो दिनभरि बेपत्ता पार्‍यो। सरकार र गृह प्रशासनको यो जङ्गली एवम् बर्बर शैलीको गिरफ्तारीको हाम्रो पार्टी कडा निन्दा र भर्त्सना गर्दछ। अनाहकमा गिरफ्तार गरिएका क. विकल्प र क. सुवर्णलाई बिनासर्त तुरुन्त रिहा गर्न पार्टी जोडदार माग गर्दछ। अन्यथा उत्पन्न हुने गम्भीर परिस्थितिको ... बाँकी पृष्ठ ७ मा

## सातौँ पार्टी पुनर्गठन दिवस मनाइरहेको नेकपाविरुद्ध सरकारद्वारा व्यापक प्रहरी परिचालन

### कपिलवस्तुमा जनताको घरमा छापा मारियो

**काठमाडौं** : देशव्यापी विविध कार्यक्रमसहित सातौं पार्टी पुनर्गठन दिवस मनाइरहेको नेकपाविरुद्ध सरकारले व्यापक प्रहरी परिचालन गरी धरपकड गर्ने, गिरफ्तार गर्ने गरिरहेको समाचार प्राप्त भएको छ।

कपिलवस्तुबाट प्राप्त समाचारअनुसार जिल्लाको शिवगढीमा सरकारले एस्पीको नेतृत्वमा स्थानीय सर्वसाधारणका घरघरमा छापामारेको छ।

चन्द्रौटादेखि कपिलवस्तुको पश्चिम सिमाना धानखोलासम्म पूरै क्षेत्र घेरा हालेर प्रहरीले जनताको घरघरमा खानतलासी गरेको छ।

जिल्लासँग सीमा जोडिएको अर्घाखाँचीको शीतगङ्गा नगरपालिका रनसिङ गाउँबाट प्रहरीले घरमा छापामारी स्थानीय व्यवसायी मम काउचालाई गिरफ्तार गरेको छ।

प्रहरीले सातौं पार्टी पुनर्गठन दिवसका क्रममा टाँसिएका ब्यानर र पोस्टर हटाउँदै वालिङ पेन्टिङ पनि मेटेको छ। जिल्लाका विभिन्न क्षेत्रमा ठूलो सङ्ख्यामा प्रहरी परिचालन गरिएको कपिलवस्तुबाट प्राप्त समाचारमा जनाइएको छ।

नेकपाले मङ्सिर ६ देखि ८ गतेसम्म ... बाँकी पृष्ठ ७ मा

## ७ औँ पार्टी पुनर्गठन दिवसका अवसरमा रूपन्देही र कपिलवस्तुमा नेकपाद्वारा भव्य जनप्रदर्शन




■ गोपाल गिरी/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी रूपन्देही र कपिलवस्तुले ७ औं पार्टी पुनर्गठन दिवस जनसभा गरी भव्यतापूर्वक मनाएका छन्। रूपन्देहीबाट प्राप्त समाचारअनुसार जिल्लाको पश्चिमतिरको एक गाउँमा नेकपाले जनसभा सम्पन्न गरेको हो।

कार्यक्रममा नेकपा रूपन्देही सेक्रेटरी प्रभात, जनपरिषद् रूपन्देही प्रमुख जीवनलगायत जिल्ला नेताहरूको उपस्थिति रहेको समाचारमा उल्लेख छ। कार्यक्रममा सम्बोधन गर्दै सेक्रेटरी प्रभातले भने, 'पार्टीको सातौं पुनर्गठन दिवस देशैभरि मनाइरहेका छौं। यो दिन माओवादी आन्दोलनलाई अलपत्र छाडेर भागेका गद्दारहरूसँग ... बाँकी पृष्ठ ७ मा

## सरकारको राष्ट्रघाती रबैयाविरुद्ध देशभर २२ दलको प्रदर्शन




■ भीमप्रसाद चापागाईं/काठमाडौं

केपी वली नेतृत्वको सरकारले गरेको राष्ट्रघात र जनघातका विरुद्ध आइतबार २२ वटा राजनीतिक सङ्गठनले संयुक्त रूपमा देशैभर प्रदर्शन गरेका छन्।

प्राप्त जानकारीअनुसार काठमाडौंको माइतीघरमण्डला, पोखराको पृथ्वीचोक, रूपन्देहीको बुटबल, दाङको तुलसीपुर, सुर्खेतको मङ्गलगढी चोक, कैलालीको धनगढी, उदयपुरको गाईघाटलगायत स्थानमा नाराजुलससहित विरोध प्रदर्शन गरिएको हो।

माइतीघरको कार्यक्रमलाई नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका महासचिव परि थापालगायत नेताहरूले सम्बोधन गरेका छन्।

सरकारका राष्ट्रघाती एवम् जनघाती कार्यको विरोध गर्दै राष्ट्र र जनताका पक्षमा सङ्घर्षरत २२ राजनीतिक सङ्गठनको ... बाँकी पृष्ठ ७ मा

# लोकतन्त्रको बयलगाडा

### देश/परिवेश

■ उदयबहादुर चलाउने



२०६२ साल कात्तिक-मङ्सिरको महिना, तत्कालीन माओवादी पार्टी तहगत बैठक तथा प्रशिक्षणहरूको माध्यमद्वारा आगामी योजनाबारे सम्प्रेषणका कार्यक्रमहरू धमाधम गरिरहेको थियो। जनयुद्धको बाह्रौं तथा रणनीतिक प्रत्याक्रमणको दोस्रो योजनाको कार्यान्वयन अवधि थियो त्यो। योजनाको नारा थियो, 'लोकतान्त्रिक गणतन्त्रका पक्षमा व्यापक मोर्चा कायम गरौं, राजनीतिक र फौजी आक्रमणलाई नयाँ उचाइमा उठाऔं।'

प्रशिक्षित गर्ने उपल्लो तहका नेताहरूले 'अध्यक्ष कमरेड प्रचण्ड' को हवाला दिँदै योजना कार्यान्वयनको परिणाम निकै 'चामत्कारिक' हुने बताइरहेका थिए। सोही योजनाअन्तर्गत जनमुक्ति सेनालाई तीन डिभिजनबाट सात डिभिजनको तहमा वृद्धि गरियो। सैन्य प्रशिक्षण र बैठकहरूमा पनि सम्भावित चमत्कारका बारे चर्चा नहुने कुरै भएन। कमरेड अध्यक्षको प्रक्षेपण जस्ताको तस्तै सुनाइन्थ्यो, 'कमरेडहरू, अब जनमुक्ति सेनामा माधव नेपाल र गगन थापाहरूलाई कमिसार बनाएर ल्याउने हो र काङ्ग्रेस-एमालेका युवाहरूलाई जनमुक्ति सेनामा भर्ती गर्ने हो।'

योजना कार्यान्वयनको चमत्कारस्वरूप २०६२ मङ्सिर ७ गते तत्कालीन सात दल र माओवादीबीच १२ बुँदे सहमति भएको सार्वजनिक भयो। सहमतिको केन्द्रीय विषय 'निरङ्कुश राजतन्त्रको अन्त्य' र 'लोकतान्त्रिक गणतन्त्रको स्थापना' थियो। पार्टीभित्र-बाहिर, देश-विदेश सबैतिर ठूलै राजनीतिक तरङ्ग आयो। त्यसो त हिजो माओवादी नेताहरूको टाउकाको मोल तोक्ने काङ्ग्रेस-एमालेका नेताहरूसँगको सहकार्यले मानिसहरूलाई अनौठो लाग्नु स्वाभाविकै थियो। उसैमाथि थपिएको थियो संयुक्त सङ्घर्षको माध्यमद्वारा निरङ्कुश राजतन्त्रलाई अङ्कुश लगाउने कुरा। त्यसयता सडकमा 'लोकतान्त्रिक गणतन्त्र' को आवाज क्रमशः चर्किंदै जान थाल्यो। राजशाही निरङ्कुशताका विरुद्धको जनमत सडकमा पोखिन सुरु भयो। यसै पनि गाउँहरू माओवादी प्रभावमा थिए, जनमुक्ति सेनाको युद्धक्षेत्र अब सहर-सदरमुकाम-सडकमा विस्तारित भयो। सहरको पनि सहर राजधानी हुने नै भयो। सैनिक 'कू' गरेर सत्ताको अधिपति बनेका ज्ञानेन्द्र शाह गाउँ र सहरको दोहोरो चेपुवामा पर्न सुरु गरे। लोकतान्त्रिक गणतन्त्रको सैन्य मोर्चामा जनमुक्ति सेना परेड खेलिरहेको थियो भने राजनीतिक मोर्चामा 'माधव नेपाल र गगन ... बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# क्रान्तिकारी रक्तसञ्चार

नेपाल कम्युनिस्ट पार्टीले मङ्सिरको पहिलो साताभर र विशेषतः मङ्सिर ६, ७ र ८ गते देशभर सातौँ पार्टी पुनर्गठन दिवस उत्सवका रूपमा भव्यतापूर्वक मनाउँदा नेपालको राष्ट्रियता, जनतन्त्र र जनजीविकाको रक्षाका लागि जारी आन्दोलनमा क्रान्तिकारी रक्तसञ्चार भएको अनुभूति भएको छ । कम्युनिस्ट नाउँको एउटा दलाल, गद्दार र संशोधनवादी धार साम्राज्यवाद र दलाल पुँजीवादको चाकरका रूपमा उभिएर जनसेवा गरिरहेका क्रान्तिकारीहरूमाथि प्रतिबन्ध लगाउँदै, दमन गर्दै, घरघर र कोठाकोठामा पसेर लूटपाट र आतङ्क मच्चाएर गिरफ्तार गरी हिरासत र जेल भरिरहेको अवस्थामा अर्कातिर सच्चा क्रान्तिकारीहरूले भने प्रतिक्रान्तिकारी शक्ति, क्रान्तिका गद्दार र दलालहरूसँग विद्रोह गरी कम्युनिस्ट पार्टी पुनर्गठन गरेर दलाल पुँजीवादको चिहानमा वैज्ञानिक समाजवाद- साम्यवाद स्थापना गरी सर्वहारा/श्रमिक वर्गको क्रान्तिको झन्डा, मुक्तिको झन्डा फर्फराउने उद्घोष, वाचा र प्रतिबद्धतासहित यो दिनलाई क्रान्तिकारी उमङ्ग, उत्साह, जोस, जाँगर र उत्प्रेरणाले भरिपूर्ण बनेर उल्लास मनाएका छन् । नेपाली श्रमिक जनता पनि यो उत्सवमा उल्लासमय ढङ्गले लामबद्ध भएर क्रान्तिकारी आन्दोलनलाई साथ दिने प्रतिबद्धता व्यक्त गरेका छन् । नेपाल र नेपालीको भविष्यका लागि यो सुखद र खुसीको दिन हो ।

मङ्सिर ८ दलाली, गद्दारी, आत्मसमर्पण, संशोधनवाद, अवसरवाद र फासिवादविरुद्ध ऐतिहासिक विद्रोहको दिन हो । यो क्रान्तिको पूर्ण विजयको दिन नभए पनि क्रान्तिकारीहरूले हरकेखाले अकर्मण्यता र पलायनवादीहरूबाट विद्रोह गरी क्रान्तिको शङ्खघोष गरेको दिन हो । यो दिन जनक्रान्तिका एघारजना महान् सहिदहरूका साथै जनयुद्धका दस हजार सहिद, हजारौँ बेपत्ता योद्धा, घाइते-अपाङ्ग योद्धाहरूदेखि लिएर नेपालको इतिहासमा भएका सम्पूर्ण विद्रोह, आन्दोलन, युद्ध र क्रान्तिका अधुरा सपनाहरू पूरा गर्ने अठोट सार्वजनिक गरिएको उत्सवको दिन हो । त्यसैले क्रान्तिकारीहरूले क्रान्तिको मैदानमै यो दिवसलाई उल्लासमय ढङ्गले मनाएका छन् । नेकपाका महासचिव विप्लवले क्रान्तिको मैदानबाटै क्रान्तिकारीहरू, देशभक्त शक्तिहरूलाई शुभकामना दिएका छन् भने क्रान्तिकारीहरूबीच व्यापक रूपमा यो उत्सवको शुभकामना आदानप्रदान भएको छ । जनता खुसी हुँदा शासक वर्ग झन् असन्तुष्ट र कठोर देखिएको छ । क्रान्तिकारीहरूको अठोट, प्रतिबद्धता र उल्लासले प्रतिक्रियावादीहरूको मुटुको ढ्याङ्ग्रो बजेको छ । यो स्वाभाविकै हो ।

जनताले क्रान्तिकारीहरूमाझ उत्सव मनाइरहँदा शासकहरू अत्तालिएका छन् । त्यसैले उनीहरूले जनक्रान्तिमा लामबद्ध नेकपाका भरपर्दा युवा नेता पूर्णबहादुर सिंहदेखि लिएर कयौँ क्रान्तिकारीहरूलाई यही उत्सवकै बीचमा कायरतापूर्वक गिरफ्तार गरी हिरासतमा राखेर खुसी मनाए पनि त्यो उनीहरूको क्षणिक खुसी हो । क्रान्तिकारीहरूले जेल र हिरासतभित्रै पनि सातौँ पार्टी पुनर्गठन दिवसमा हर्ष र शुभकामना साटासाट गरेका छन् र दुस्मनको कालकोठरीभित्रबाटै क्रान्ति सम्पन्न भएर देश र जनता मुक्त हुने सङ्कल्प गरेका छन् । त्यसैले यो दिनमा क्रान्तिकारीहरूको जीवनमा क्रान्तिकारी रक्तसञ्चार भएको छ भने प्रतिक्रियावादी शासकहरूको शरीरमा चिसो र भयभीत रक्तप्रवाह भएको बुझ्न सकिन्छ । अन्यथा उनीहरूले निहत्था रूपमा उत्सव मनाइरहेका जनबस्तीहरूलाई सशस्त्र सुरक्षाकर्मीहरूले घेरेर छापामार्ने, खानतलासी गर्ने थिएनन्, सर्वसाधारण जनता र क्रान्तिकारीहरूका परिवारका सदस्यहरूलाई समेत आतङ्कित पार्ने थिएनन् । ऐँजेरु दलाल पुँजीवाद कति कायर, भयग्रस्त र मृत्युउन्मुख जीवन बाँचिरहेको छ भन्ने प्रमाण उनीहरूले जनताको उत्सवमा देखाएको ताण्डवले पनि प्रमाणि गरिदिएको छ ।

नेकपाका महासचिव विप्लवले पार्टी पुनर्गठन दिवसका अवसरमा रातो खबरलाई दिएको विशेष अन्तर्वार्तामा सम्पूर्ण क्रान्तिकारी र देशभक्तहरूलाई पार्टी पुनर्गठन दिवसको शुभकामना प्रदान गर्दै जनताको मागअनुसार देश र जनताको मुक्तिका लागि जस्तोसुकै आन्दोलन अघि बढाउन पनि आफ्नो पार्टी तयार र सक्षम रहेको बताएर क्रान्तिकारीहरूमाझ अझ शक्तिशाली क्रान्तिकारी रक्तसञ्चार गरेका छन् । उनले आजसम्म भएका सङ्घर्षहरू जनताको मागअनुसार नै भइरहेको पनि बताएका छन् । उनले यसका लागि जनमुक्ति सेना र पार्टीसँग रहेका सबै खाले क्रान्तिका औजारहरू आवश्यकताअनुसार प्रयोग हुने र त्यसले धराशयी बन्दै गएको पुँजीवाद, साम्राज्यवाद र उत्तरसाम्राज्यवादको अन्त्य भई स्वतन्त्र र मुक्त वैज्ञानिक समाजवाद- साम्यवाद स्थापना भइछाड्ने उद्घोष पनि गरेका छन् ।

मङ्सिर ८ नेपालको राजनीतिमा विशिष्ट र उत्कर्षको दिन हो । यो एउटा राजनीतिक सन्दर्भ पटाक्षेप गर्दै अर्को उचाइको राजनीतिक आन्दोलन घोषणा गरिएको उत्कर्षको दिन भएकाले नेपाली क्रान्तिकारीहरूका लागि उत्सवको दिन बनेको हो । संसद्वादी पार्टीहरूले लादेको प्रतिगमन र पश्चगमनलाई निषेध गरेर क्रान्तिकारी कम्युनिस्ट आन्दोलनलाई नयाँ मोड दिँदै नयाँ क्रमभङ्ग र नयाँ क्रान्ति- एकीकृत जनक्रान्ति आरम्भ गरेको दिन भएकाले यो दिनसँगै नेपाली श्रमिक जनताले एउटा नयाँ दिनको आरम्भ भएको महसुस गरेका छन् । श्रमिक वर्गका लागि यो एउटा नयाँ पर्व बनेको छ ।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# सरकारी नेकपाभित्रको अन्तरविरोध



**ओमप्रकाश पुन**

सरकारी नेकपाभित्रको अन्तरविरोध वा झगडा अहिले बकितमबाट लिखितममा पुगेको छ । पूर्वएमाले र पूर्वमाओवादी केन्द्रबीचको मोर्चा बनेदेखि नै यो वा त्यो रूपमा चल्दै आएको अन्तरद्वन्द्व कहिले सामान्य त कहिले उत्कर्षमा पुग्दै अहिले एकअर्काप्रति आरोप-प्रत्यारोपको लिखित चरणमा प्रवेश गरेको छ । गत कात्तिक २८ गतेको सचिवालयको बैठकमा दोस्रो तहका अध्यक्ष प्रचण्डले केपी वलीका विरुद्ध १९ पृष्ठ लामो आरोपपत्र दर्ज गरेपछि यसले अन्तरविरोधलाई औपचारिक रूप दिएको छ । प्रचण्डले पेस गरेको आरोपपत्र जसलाई उनीहरूले बैठकको प्रतिवेदन भनेका छन्, यसको जबाफ पनि नदिने र त्यो फिर्ता नभएसम्म बैठक पनि नबस्ने अडान लिएको वली पक्ष कात्तिक ३ गतेको निर्धारित सचिवालयको बैठकमा अनिच्छा र बाध्यतावस सहभागी भयो र थप १० दिनको म्याद मागेर वलीले पनि प्रत्यारोप पत्र लेख्ने सहमति भयो । यसबीचमा राष्ट्रपति विद्या भण्डारीदेखि चिनियाँ राजदूत होउ याङ्छीसमेतको दौडधुप र भेटघाट पनि चल्यो जसका कारण आगामी मङ्सिर १३ गते सचिवालय, १८ गते स्थायी समिति र २५ गते केन्द्रीय समितिको बैठक बस्ने सहमति भएको कार्यसूची प्रवक्ता नारायणकाजी श्रेष्ठले सार्वजनिक गरेका छन् । यो विषयलाई लिएर विभिन्न पक्षका टीकाटिप्पणी र पक्षविपक्षहरू बाहिर आइरहेका छन् । कसैले यसलाई विधि र प्रणालीबीचको लडाइँ भनेका छन्, कसैले भागबण्डाको झगडा भनेका छन् । कसैले यो लोकतन्त्र र धर्मनिरपेक्षतालाई धरापमा पार्ने खेल पनि भनेका छन् । स्वयम् द्वन्द्वरत पक्षले पनि विधि र पद्धतिकै कुरा बढी उठाएको छ । त्यसकारण खासमा यो हो के भन्ने विषयमा यहाँ सङ्क्षिप्त टिप्पणी गर्ने कोसिस गरिएको छ ।

**१. झगडाको कारण**

सरकारी नेकपाभित्रको झगडा वा अन्तरविरोध विचार र कार्यदिशाबीचको नभई कार्यशैली र कार्यप्रणालीबीचको हो । भनिन्छ, घरको जगमा छतको आयु निर्भर हुन्छ । एमाले र माओवादी केन्द्रबीचको एकता वा सहकार्य विचार, सिद्धान्त र लक्ष्न नभई निहित स्वार्थ र उद्देश्यमा थियो । त्यो पार्टीएकता नभई मोर्चा मात्रै बनेको थियो । त्यो चुनावी सहकार्यबाट सुरु भएको मोर्चा सत्ता सञ्चालनसम्म पुगेको थियो । दुईवटा अध्यक्ष, साठी/चालीसको समीकरण, सरकारमा आलोपालो प्रणाली र हरेक लाभका पदमा पूर्वसमूहको भागबन्डा त्यसैको व्यावहारिक अभिव्यक्ति हो । मोर्चाको सिद्धान्त वा मान्यता के हुन्छ भने समान स्वार्थ मिल्दासम्म सँगै जान्छ तर एक पक्षले त्यसमा सहमति उल्लङ्घन गऱ्यो वा अमान्य गऱ्यो भने त्यो स्वतः विघटन हुन्छ वा भङ्ग हुन्छ । अहिले डबल नेकपाको मोर्चामा त्यही समस्या पैदा भएको छ । केपी वली पक्षले त्यसको उल्लङ्घन गर्दै जाने र प्रचण्ड पक्षले त्यसलाई निरीहपूर्वक स्वीकार गर्दै जानुपर्ने अवस्था आयो । जब त्यो प्रक्रियाले सीमा नाघ्यो तव प्रचण्ड समूहका अगाडि दुईवटा विकल्प खडा भए : ती के भने कि त केपी वलीसामु सम्पूर्ण रूपले आत्मसमर्पण गर्ने कि भने विद्रोह गर्ने र आफ्नो मोर्चा समाल्ने । यसमा पनि हारेको सेनाले आफ्नो गुमाएको मोर्चा समाल्न निकै चुनौतीपूर्ण हुन्छ । पूर्वएमाले समूह, त्यो पनि केपी पक्ष भनेको संसद्वादी मोर्चाको विजेता ग्रुपजस्तै हो भने प्रचण्ड समूह पराजित र आत्मसमर्पण गरेको समूह हो । भन्न त एमाले र माओवादीको एकता भनियो तर व्यवहारमा त्यो माकेको एमालेमा सम्मिलीकरण भयो । यो एक प्रकारले समायोजन वा एकता नभएर विलोपीकरण हो । पूर्वएमालेको केपी वली पक्षले यसलाई विलोपीकरणकै रूपमा लिएकाले नै यो समस्या आएको हो । भागबन्डालगायत पार्टीका सबै अङ्गहरूमा प्रचण्ड पक्षलाई विरोध गर्न खोज्नु र घरज्वाइँ बस्न गएको जस्तो व्यवहार गर्नु त्यसकै परिणाम थियो र हो । प्रचण्डले पेस गरेको आरोपपत्र (प्रतिवेदन) मा पनि त्यही कुराको झल्को पाइन्छ । त्यहाँ विचार र सिद्धान्तको बहसको कुरा उठाइएको छैन ।

**२. यो अन्तरविरोध हो वा अन्तरसङ्घर्ष ?**

सरकारी नेकपाभित्रको झगडा अन्तरसङ्घर्ष हैन, अन्तरविरोध हो । यसलाई आन्तरिक द्वन्द्व पनि भन्न सकिन्छ । अन्तरसङ्घर्ष क्रान्तिको आमनियमभित्र पर्छ । अन्तरविरोध क्रान्तिको आमनियमभित्र पर्दैन, बरु वस्तुभित्रको आमनियममा पर्छ । अन्तरविरोध भनेको एउटै वस्तु वा फरक समूहभित्रको समान चाहना, फरक विचार र स्वार्थबीचको टकराव हो । क्रान्तिकारी सङ्घर्षका तीन नियम वा चरणअन्तर्गत आत्मसङ्घर्ष, अन्तरसङ्घर्ष र वर्गसङ्घर्ष पर्दछन् । आत्मसङ्घर्ष र अन्तरसङ्घर्ष वर्गसङ्घर्षका अभिन्न अङ्ग हुन् । मार्क्सवाद र वर्गसङ्घर्ष पनि अन्तरसम्बन्धित पक्ष हुन् । वर्गसङ्घर्षबिनाको मार्क्सवाद र मार्क्सवादबिनाको वर्गसङ्घर्ष सम्भव छैन । डबल नेकपाको शब्दकोषबाटै वर्गसङ्घर्ष हराइसकेकाले अन्तरसङ्घर्ष र आत्मसङ्घर्ष हुने भन्ने कुरै भएन । मार्क्सवादबिना वर्गसङ्घर्षको कल्पना गर्न नसकिने भएकाले पूर्वएमाले पङ्क्तिभित्र मार्क्सवाद र वर्गसङ्घर्ष पहिल्यै डिलिट भएर पनि रिसाइकलबिनबाटै हटिसकेकाले त्यो आशा गर्नु बेकार हुने भयो । पूर्वमाओवादी खेमामा भने वर्गसङ्घर्ष मूल फाइलबाट डिलिट भए पनि रिसाइकलबिनमा रहेकाले कहिलेकहीँ आकलझुकल सपनाजस्तो देखिनु स्वाभाविकै हो । त्यो पनि जानीबुझीकनै डिलिट गरेकाले आफूलाई अप्ठ्यारो पर्दा मात्रै कहिलेकहीँ सम्झनामा आउने भएकाले वास्तविक जीवनमा आउने सम्भावना छैन । यो स्वार्थ, गुट र भागबन्डामा आधारित अन्तरविरोध वा अन्तरसङ्घर्ष भएकाले यसले विचार, सिद्धान्त र समाजवादी क्रान्तिका क्षेत्रमा कुनै योगदान गर्ने हैन । यसको परिणाम उल्टो वा सुल्टो जे आए पनि देश र जनताको जीवनस्तरमा कुनै फरक पर्नेछैन । केपी र प्रचण्डबीच चलेको आरोप र प्रत्यारोपपत्रले पनि त्यही कुराको सङ्केत गर्छ ।

**३. अन्तरविरोध केमा आधारित छ ?**

सरकारी नेकपाभित्रको अन्तरविरोध विचार र सिद्धान्तमा आधारित छैन । त्यो व्यक्तिगत इगो र भागबन्डामा आधारित छ । मतलब केपी र प्रचण्डबीचको लडाइँ एक प्रकारको जुँगाको लडाइँ हो । त्यसमा माधव नेपाल पनि मिसिँदा कहिलेकहीँ त्रिपक्षीयजस्तो पनि देखिन्छ । यसलाई हाम्रो गाउँले भाषामा अभिव्यक्त गर्नुपर्दा केपी वली जुँगा नआएको तर उम्केर खाएको जस्तो, प्रचण्ड जुँगा आएको तर उम्केर नखाएको जस्तो र माधव नेपाल कहिले जुँगा पाल्ने कहिले फाल्नेजस्तो चरित्र देखिन्छ । विचार, राजनीति र क्रान्तिका विषयमा तिनीहरूबीच झगडा छैन, मेरा मान्छे को कहाँ परे र मेरो भूमिका के हुने भन्नेमा छ । सत्ता र शक्ति केपीले एकलौटी प्रयोग गरेपछि उनी फासिवादी शैलीमा अघि बढिरहेका छन् । त्यसको मारमा जनता र आमक्रान्तिकारीसहित पार्टीभित्र प्रचण्ड र माधव खेमा पनि परेका छन् । लडाइँ पार्टीमा सङ्घ र प्रदेशमा अनि अन्य राजनीतिक लाभका नियुक्तिमा मेरा मान्छे परे कि परेनन् भन्नेमा छ । यसमा केपी वली आफ्नो मान्यतामा टसमस नहुने, पुष्पकमल दाहाल कहिले यता लसपस, कहिले उता लुसुक्क हुने, सही बोली र व्यवहारको ठेगान नहुने र माधव नेपाल कहिले उचालिने र कहिले थेचारिनेजस्तो गर्ने भएकाले अन्तरविरोध अन्त्यहीनजस्तो हुने गरेको छ । यो भागबन्डामा आधारित भएकाले केपी वलीले झगडालु पक्षलाई फकाउने, भुलाउने र तर्साउने गर्दै आएका छन् । फुटाऊ र शासन गरको पुँजीवादी सिद्धान्तअनुसार केपी वलीले साम, दाम, दण्ड, भेदको नीति अवलम्बन गर्दै आएका छन् । यसमा प्रचण्ड र माधव नेपालले न त बहुमतका आधारमा केपीलाई कारबाही गर्ने हुती राख्छन्, न त चुपचाप बस्न सक्छन् । उही गलेगले खाउँलाको अवस्थामा रहेका छन् । यस्तो हुनुमा दक्षिणपन्थी अवसरवादी चरित्रको परिणाम नै हो ।

**४. आरोपपत्रको सार**

केपी र प्रचण्डका बीच चलेका पत्र व्यवहारलाई हेर्दा देश र जनताप्रतिको मजाक देखिन्छ । त्यसमा प्रचण्डको आरोपपत्रमा केही सत्यतामा आधारित छ तर केपी वलीको आरोपपत्र बढी झूटको पुलिन्दा र हास्यव्यङ्ग्य खालको छ । अबको प्रत्यारोपपत्र केपीको कस्तो आउँछ, त्यो भने हेर्न बाँकी नै छ । अहिलेको अन्तरविरोधमा केपीभन्दा प्रचण्डले अलि बढी विधि पकडेको देखिए पनि सारमा यी दुवै एउटै केमेस्ट्री भएका व्यक्ति हुन् । दुवैको पार्टी सञ्चालन गर्ने र आफ्नो स्वार्थका लागि जे पनि गर्ने चरित्र दुवैको समान नै छ । त्यो त विगतमा जनयुद्धको एकलौटी विर्सजन गर्नेदेखि माओवादीको एक खेमालाई एमालेमा विलय गराउँदासम्मको घटनाक्रमले प्रचण्डको कार्यशैली प्रस्ट हुन्छ । प्रचण्डको भन्दा केपीको झन् बढी नश्लीय पुँजीवादी खालको छ । यो नश्लीय पुँजीवाद भनेको पुँजीवाद र सामन्तवादको गर्भबाट जन्मिन्छ । अध्यात्मवाद र भौतिकवाद, पुँजीवाद र सामन्तवादको अवैध गर्भबाट जन्मिने नश्लीय पुँजीवाद राष्ट्रियताको सवालमा गुलाम राष्ट्रवाद, शासनशैलीमा सामाजिक फासिवाद र विचारका क्षेत्रमा भँडुवा विकासवादका रूपमा देखापर्छ । पूर्वएमाले त्यसमा पनि केपी खेमालाई हेर्ने हो भने दौरासुरुवालमा सजिएका पञ्चेजस्ता देखिने, आचरण र व्यवहारमा हेऱ्यो भने दलाल पुँजीवादी देखिने कारण पनि त्यही हो । पूर्वएमालेको ठूलो खेमा त्यही राता पनि हैन, सेता मण्डलेका रूपमा पतन भएको देखिन्छ भने पूर्वमाओवादी एउटा खेमा पनि राता कुण्डलेको रूपमा देखापरेको छ । शासनशैली, आचरण र व्यवहारको दृष्टिबाट हेर्ने हो भने राणाकालका गेनबहादुर, पञ्चायतकालका सूर्यबहादुर, बहुदलको गिरिजा र अहिलेको कथित लोकतन्त्रका केपीमा कुनै फरक देखिँदैन । यही अशिष्ट, अनुदारवादी, फासिस्ट र अहंकारी शासकको चरित्र अभिव्यक्त भएको छ । आरोपपत्रमा पनि आरोपपत्र देश, जनता र समाजवादप्रति पूरै बेखबर र आफ्नो कुर्सी स्वार्थप्रति मात्रै केन्द्रित देखिन्छ । आरोपपत्रका केही ठाउँमा सामान्य रूपमा विचारको रङ दिन खोजे पनि सिङ्गो जोड कार्यशैली र कार्यप्रणालीमा नै दिएकाले यसको विचार र राजनीतिसँग कुनै पनि सम्बन्ध छैन भन्ने कुरा स्वयम् पुष्टि भएको छ ।

**५. पुँजीवादी चरित्र र केपी वली**

अमेरिकामा राष्ट्रपतीय चुनावमा लज्जाजनक हार खाँदा पनि हार स्वीकार नगर्ने डोनाल्ड ट्रम्प, भारतमा विरोधी विचार र फरक धर्मलाई स्वीकार नगरी हिन्दु धार्मिक सत्ता चलाउन खोज्ने मोदी, रुसमा जीवनभर कुनै पनि कानुनले कारबाही नगर्ने र लाञ्छना लगाउन नपाउने कानुन पास गर्ने भ्लादिमिर पुटिन र नेपालमा अक्षम, अयोग्य र आलोच्य भै नालायक साबित हुँदासमेत मैले कुर्सी छोडे देशै रहन्न भन्ने केपी यी समकालीन विश्वका लखपात्र शासक देखापरेका छन् । फासिस्ट र तानाशाह शासकहरू राजाका रूपमा दरबारमा मात्रै जन्मिँदैनन्, जनताको भोटबाट पनि जन्मिन्छन् भन्ने यी राम्रा उदाहरण हुन् । रुसमा त पुटिनले केही ऐतिहासिक र उल्लेखनीय काम गरेकाले त्यो शक्ति आर्जन गर्नु स्वाभाविकै हो तर नेपालमा त केपी वली अर्काको शक्तिमा खडा भएका दलालले पनि त्यो सपना देख्नु भनेको पुँजीवादको पनि बच्कना चरित्र प्रदर्शन गर्न खोज्नु नै हो । केपी वली सत्ता र शक्तिका कति अन्धा भइसकेका छन् भने आफैँ निर्वाचित सांसद, आफैँले बनाएको संविधान र आफैँले गठन गरेको पार्टीलाई समेत बेवास्ता गर्दै गएका छन् । सेना आफ्नै सारथी, राष्ट्रिय अनुसन्धान र अख्तियार आफ्नै सारथी, राष्ट्रपति आफ्नै गोजीको जस्तै भैहालिन् । यसो गर्नुको कारण उनलाई आजीवन शासन बन्न धुन सवार भएको छ । देश र जनताप्रतिको उनको जवाफदेहीलाई हेर्ने हो भने उनको चरित्र रोमका सम्राट् निरोको जस्तो देखिन्छ । रोम जलिरहेको बेला निरो दरबारको छतमा बसेर बाँसुरी बजाउँदै थिए रे, त्यस्तै केपी वलीको छाँट छ ।

सत्ता र शक्तिको दुरुपयोगको कुरा गर्ने हो भने फ्रान्सका राजा लुई सोह्रौँजस्ता देखिँदैछन् । फ्रान्समा लुई सोह्रौँका बाजे लुई चौधौँले म नै राज्य (क्ष क तजभ कतबतभ) भन्ने गर्थे । उनका नाती लुई पन्ध्रौँ झन् कस्ता थिए भने आफू मरेपछि यो संसारको सर्वनाश होस् भन्दथे । लुई सोह्रौँ आफूलाई भगवान् सम्झेर आफ्नो बोलीलाई देववाणीका रूपमा लिन्थे र अत्याचारी शासन चलाउँथे । उनकी श्रीमती रानी अस्ट्रियाकी राजघरानाकी थिइन् र निकै विलासी थिइन् । उनलाई यो देशका जनता भोकै बस्छन भन्ने पनि थाहा थिएन । भर्साइल दरबारमा लुई सोह्रौँका १,६०० सेवक र महारानी मेरी एन्टोनियटका ५०० दासी थिए । त्यहाँ कुलीन वर्ग, पादरी र शाही परिवारबाट जनता कति प्रताडित थिए भने भोकभोकै मर्न लागेका जनता दरबारको ढोकामा पुगेर लुई सोह्रौँकी रानी मेरी एन्टोनिएटसामु 'महारानी हामीलाई खान एउटा ब्रेड पनि छैन' भनेर हात पसार्दा रानीले यसो भनेर जबाफ दिन्थिन्- 'ब्रेड छैन भने तिमीहरू किन केक खाँदैनौ त ?' हो यिनै शासकले पछि जनविरोधी शासन गर्नका लागि संसद्का ६०० जना जनप्रतिनिधिलाई बेवास्ता गर्दा फ्रान्सेली राज्यक्रान्तिको ज्वारभाटा उठ्यो र सन् १७९३ को २१ जनवरी आइतबारको दिन फासिस्ट राजा लुई सोह्रौको गिलबैनमा टाउको काटियो भने सन् १७९३ कै ३० अक्टोबरका दिन भारदारसहित रानी एन्टोनिएटलाई पनि मृत्युदण्ड दिइयो । यो प्रसङ्ग यहाँ किन उठाइएको हो भने नेपालमा केपी वली र विद्या भण्डारीको कानुन, शासनशैली र फासिवादी चरित्र देखापर्दै छ, त्यसले पनि त्यही इतिहास नेपालमा पनि नदोहोऱ्याउला भन्न सकिँदैन । कतिसम्म भने हामी विद्रोही क्रान्तिकारीलाई राज्यशक्तिको दुरुपयोग गरेर दमन गरेका छन् नै, आफ्नै पार्टीभित्रको अन्तरविरोधमा समेत सेना र प्रहरीको अनुसन्धान विभाग खटाएर फरक खेमामा लागेका नेताहरूलाई निगरानी गर्नु कहाँसम्मको फासिवादी चरित्र देखाउनु हो ! यसले नै बताउँछ- केपी वलीको सामाजिक फासिवाद जनताले कसरी सहन गरेका र भोगेका रहेछन् भन्ने कुरा ।

**६. पार्टी एकताबारे हाम्रो धारणा**

साबिकको नेकपा एमाले र एकीकृत नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) को एकता हुँदै गर्दा हाम्रो पार्टीले आफ्नो धारणा निम्नानुसार सार्वजनिक गरेको थियो :

क) यो एकता विचार, सिद्धान्त, सङ्गठन र राजनीतिमा नयाँ निकास नभई विशुद्ध सत्ता र शक्तिको शीघ्र आशक्तिबाट गरिएको गठबन्धन हो । यो एउटा स्वार्थ अभिप्रेरित गुटको पोका हो । यो कुनै पनि बेला पानीको फोकाझैँ फुट्न सक्छ ।

ख) यो डरका कारण पैदा भएको मोर्चा हो । एकातिर मधेस र जनजातिबाट एमाले समाप्त हुने र अर्कोतर्फ ७० को चुनावभन्दा पनि माओवादी केन्द्र तल झर्ने र सानो समूहमा सीमित हुने डरका कारण दुवैको स्वार्थ मिलेर गरिएको सहकार्य हो यो । यो अस्तित्वको रक्षाकरण हो ।

ग) यो विचारको स्वाभाविक मिलन पनि हो । एमाले संसद्वादी, छद्म पुँजीवादी छँदै थियो । पूर्वमाओवादीको प्रचण्ड समूह पनि औपचारिक रूपमै संसद्वादी भएको घोषणा भएको थियो । यो एकताले समाजवादको यात्रा हैन, पुँजीवादी यात्रा तय गरेको थियो । यसले देश र जनतामा कुनै सकारात्मक परिवर्तन ल्याउनेछैन, बरु उल्टो सामाजिक पुँजीवाद लागू हुनेछ र समाजवाद हैन, दलाल पुँजीवाद हाबी हुनेछ ।

यो कुरा हाल आएर व्यवहारमा पुष्टि भयो । जनता र कार्यकर्ताको आँखामा छारो

... बाँकी पृष्ठ ३ मा

## लोकतन्त्रको बयलगाडा ...

थापाहरू’ गणतन्त्रको आवाज बुलन्द गरिरहेका थिए ।

आन्दोलनको तापक्रम वृद्धिसँगै काङ्ग्रेस-एमालेका नेताहरूको गिरफ्तारी सुरु भयो तर त्यसले कुनै माने राखेन । सडकमा जनताको उपस्थिति झन् बढ्न थाल्यो । सुरुआतीमा सय र मुस्किलले हजारको जुलुस क्रमशः हजार र दसौं हजारमा वृद्धि भयो । त्यति मात्र नभएर आन्दोलन देशव्यापी विस्तार भयो । देशका ठूला सहरहरू जताततै दसौं हजारका जुलुसहरू सडकमा उत्रिए । संयुक्त सङ्घर्षको तालमेलअन्तर्गत नै जनमुक्ति सेनाले काठमाडौंको ढोका थानकोट र दधिकोट एवम् पाल्पाको सदरमुकाम तानसेनसहित देशव्यापी सैन्य कारबाहीका मोर्चाहरू पनि अघि बढाइरहेको थियो ।

गाउँ र सहर, राजनीतिक र फौजी सबैतिरको घेराबन्दीले अत्तालिएका ज्ञानेन्द्र शाही २०६३ वैशाख ११ गते ‘जनताको नासो जनतालाई नै फिर्ता’ को घोषणा गरेर संसद्को पुनर्स्थापना गर्न बाध्य भए । सात दलले उक्त घोषणाको स्वागत गऱ्यो । तर माओवादीले त्यसको विरोध गऱ्यो । सानोतिनो खटपट हुँदाहुँदै पनि परिस्थिति अघि बढ्दै गयो । अन्तरिम सरकार र अन्तरिम विधायिका बन्यो । माओवादीसमेत त्यसमा सहभागी भयो । सात दल-माओवादी संयुक्त सहकार्यको विकासअन्तर्गत २०६३ मङ्सिर ५ गते अन्तरिम सरकार र माओवादीबीच ‘विस्तृत शान्ति सम्झौता’ सम्पन्न भयो । संविधानसभाको चुनावलाई सुनिश्चित गर्ने सर्तअन्तर्गत जनमुक्ति सेनालाई अपरिचालनको दायरामा राखियो । ढिलो गरी २०६४ चैत २८ गते संविधानसभाको चुनाव सम्पन्न भयो । अन्तरिम संविधानको व्यवस्थाबमोजिम २०६५ जेठ १४ गते संविधानसभाको पहिलो बैठकले नेपालको इतिहासबाट राजतन्त्रलाई सदाका लागि अन्त्य गरिदियो ।

मङ्सिर ७ गते चमत्कारपूर्ण बाह्रबुँदे समझदारीको ठीक डेढ दशक पूरा भएको छ । हुनत लोकतान्त्रिक गणतन्त्र कहाँबाट, कसरी, कुन उद्देश्यका साथ ‘आर्किटेक्ट’ गरिएको हो भन्ने कुराको पहेली नेपाली जनताका लागि कुनै रहस्यको विषय अब रहेन । फेरि पनि लोकतान्त्रिक गणतन्त्रको सर्जक भनेर आफूले आफैंलाई ‘लङ्का साधेको’ ठान्ने र ‘घिरौंलाजत्रो नाक बनाउने’ माओवादी-काङ्ग्रेस-एमालेका नेताहरूको हातबाट लगाम खोसेर कमरेड केपी शर्मा वलीले लोकतन्त्रको बयलगाडा हाँकिरहेका छन् जब कि केपी कमरेड एमालेका नेता भईकन पनि लोकतान्त्रिक आन्दोलनका विरुद्ध ‘सतिसाल’ झैं उभिनुभएको थियो । केपी कमरेडको यो नेतृत्व बाह्रबुँदेका सूत्राधारहरूका लागि निश्चय नै ‘ताजुब’ को विषय हो । अझ भन्ने हो भने काङ्ग्रेस-एमालेका नेताहरूलाई जनमुक्ति सेनामा भर्ती गरेर नौलो जनवादी क्रान्ति सम्पन्न गर्ने बताइरहेका कमरेड प्रचण्ड, जनमुक्ति सेनाका ‘सुप्रिमो’ स्वयम् माओवादीको ठूलै पङ्क्ति लिएर एमालेमा प्रवेश भइसकेका छन् र केपी कमरेड वरिष्ठ अध्यक्ष भएको पार्टीका ‘कार्यकारी’ अध्यक्ष बन्नु कम ताजुबलाग्दो कुरो होइन ।

माओवादी पङ्क्तिभित्र लोकतान्त्रिक आन्दोलनको कार्यनीतिका ‘आइडोलक’ भनेर चिनिने बाबुराम भट्टराई जसले शान्तिप्रक्रियासँगै माओवादी आन्दोलन मात्रै छोडेनन्, मार्क्सवादबाटै संन्यासको घोषणा गरिसकेका छन् । बाबुराम जसले लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिलाई जनयुद्धको विकसित स्वरूप, उच्च चरण बताउँथे र अझै अघि बढेर एङ्गेल्सको हवाला दिँदै ‘इतिहासमा विरलै प्राप्त हुने अवसर’ का रूपमा सैद्धान्तीकृत गर्थे, अन्तिम बिन्दुमा आएर गरिएको उनको यो टिठलाग्दो बहिर्गमनले देखिजान्ने र सुनिजान्ने सबैलाई ताजुब मात्र बनाएन, चकित बनाइदियो ।

पूर्वराजा ज्ञानेन्द्रका विरुद्ध लोकतान्त्रिक आन्दोलनको तोपका मोहरीहरू सोझिएका थिए । उनलाई ‘छल’ हुनु त युद्धको सनातनी नियमै हो । तथापि ‘निरङ्कुश राजतन्त्र’ विरुद्ध थालिएको आन्दोलन राजसंस्थाकै अन्त्यको कारण बनेकोमा उनलाई पनि ताजुब लाग्नु स्वाभाविकै हो ।

मार्क्सवादका प्रणेतामध्येका एक एङ्गेल्सले ड्युहरिङ मत खण्डन पुस्तकमा भनेका छन्- प्रकृतिका विरुद्ध मानवीय क्रियाकलापको पहिलो परिणाम ‘अपेक्षित’ भए पनि दोस्रो र तेस्रो परिणाम भने ‘अप्रत्यासित’ हुन्छ । नेपालमा राजतन्त्र अर्थात् सामन्तवादको अन्त्य आवश्यक थियो तर जुन अप्राकृतिक गठजोडबाट लोकतान्त्रिक आन्दोलनको आरम्भ गरियो त्यसको पहिलो परिणाम सात दल-माओवादी मोर्चालाई अपेक्षित भए पनि दोस्रो र तेस्रो परिणाम भने बिल्कुल अप्रत्यासित बन्दै गइरहेको छ । यसको पहिलो परिणामस्वरूप नेपाली काङ्ग्रेसका तत्कालीन सभापति, सातदलिय गठबन्धनका नेता तथा अन्तरिम सरकारका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई लोकतान्त्रिक गणतन्त्रको चक्रव्यूहमा प्रथम ‘अभिमन्यु’ बनाइयो । राष्ट्रपतिको स्वाभाविक अवसरबाट नाटकीय पाराले ‘साइड’ गरियो । विधिको विडम्बना ! उनको छिटै देहावसान भयो । त्यसपछिको नेपाली काङ्ग्रेस लोकतान्त्रिक प्रतिस्पर्धाका ‘ब्याटल’ हरूमा एकपछि अर्को पराजय मात्र भोगिरहेको छ ।

लोकतान्त्रिक आन्दोलन यसर्थ पनि अप्राकृतिक थियो, यो ‘स्वचालित’ नभै ‘परिचालित’ थियो । परिचालित आन्दोलनका पछाडि अप्रत्यक्ष एवम् दीर्घकालीन स्वार्थहरू ज्यादा रहेका हुन्छन् । त्यही बोझ आज नेपाली जनताले बोकिरहेका छन् । अर्को कुरा के भने सामन्तवादको अन्त्यपश्चात् स्थापित गरिनुपर्ने आर्थिक-सामाजिक प्रणाली भनेको पुँजीवादी दृष्टिबाट औद्योगिक पुँजीवाद र कम्युनिस्ट दृष्टिबाट नौलो जनवाद र समाजवाद हुनुपर्थ्यो । लोकतान्त्रिक गणतन्त्रको जग न औद्योगिक पुँजीवादमा खडा भएको छ, न त जनवाद वा समाजवादको जगमा, बरु यो दलाल पुँजीवादको घिनलाग्दो दलदलमा थच्चिएको छ । स्थापनाको सुरुदेखि नै एकपछि अर्को चरम रुपमा बढिरहेको बेरोजगारी, माफियागिरी, भ्रष्टाचार, परनिर्भरता र पराधीनता त्यसकै परिणामहरू हुन् ।

लोकतान्त्रिक गणतन्त्रका ‘ग्र्यान्डमास्टर’ हरूलाई यो त अति आवश्यक कुरा हो, संसारभर जति सकिन्छ कठपुतली सरकारहरू स्थापित गर्दै दलाल उत्पादन सम्बन्धको निर्माण गर्नु र आफ्ना उत्पादित मालहरूको व्यापार सुनिश्चित गर्नु । विकासोन्मुख देशका पार्टी र नेताहरू पनि उनीहरूका लागि माल हुन् । त्यहाँको सम्पूर्ण तन्त्र माल हो । अतः दलाल पुँजीवादको आधारभूत विशेषता भनेको असैद्धान्तिक र अराजनीतिक मूल्यप्रणालीको स्थापना गर्नु हो । यसखाले मूल्यप्रणालीबाट व्यक्तिवादको जन्म अनिवार्य बन्दछ । व्यक्तिवादको अन्तिम गन्तव्य फासिवाद हो । नेपाली राजनीतिमा यो सङ्क्रामक रोग निकै भयावह स्तरमा बढिरहेको छ । ठूला भनिने पार्टीहरू मात्र नभएर करिब सबैजसो राजनीतिक पार्टीहरू यसको सङ्क्रमणबाट अति ग्रसित छन् । अतः पूर्वमाओवादी मात्र होइन, काङ्ग्रेस-एमालेमा समेत वैचारिक स्खलन विघटनको चरम बिन्दुमा पुग्नु यसकै एउटा सानो किस्सा मात्र हो ।

संसदीय दलाल पुँजीवादी अर्थ-राजनीतिको सरोवरमा फक्रिएको व्यक्तिवादको सुन्दर पुष्पकमल हो- केपी शर्मा वली । केपी सानो अंशमा व्यक्ति भए पनि मूलतः यो प्रवृत्ति हो । व्यक्तिको उपादेयता निश्चित समयपछि स्वतः समाप्त हुने गर्दछ । लोकतान्त्रिक प्रतिस्पर्धामा हिजोका पात्रहरू आज नहुनु पनि त्यसकै परिणति हो । फरक यत्ति हो, केपीले हिजोकाहरूभन्दा थप कबुलियतनामा गरे ! यो कुरा पनि निश्चित हो भोलि उनीभन्दा हिम्मतिलो ‘फिनिक्स’ जन्मन्छ र इतिहासको कार्यभारलाई अघि बढाउँछ । स्मरण रहोस्, माधव नेपाल र गगन थापाहरू पनि कुनै बेला गणतन्त्रका विरुद्धमा संवैधानिक राजतन्त्रको घोचो लिएरै उभिएका थिए । अतः विनाशको खाल्डोतिर हुइँकिरहेको लोकतन्त्रको बयलगाडालाई नैतिक सिद्धान्तको लगाम लगाएर स्वपरिचालन गर्ने ‘रिस्क’ लिनु नै आउँदो समयको अहम् कर्तव्य हो ।

## प्रतिबन्ध चिर्दै कैलालीमा सातौँ पार्टी पुनर्गठन दिवस भव्य

**कैलाली** : नेपाल कम्युनिस्ट पार्टी कैलालीले पार्टी केन्द्रको घोषित कार्यक्रमअनुसार सातौँ पार्टी पुनर्गठन दिवस भव्य रूपमा सम्पन्न गरेको छ।

प्राप्त समाचारअनुसार चौतर्फी कडा सुरक्षाकर्मीको घेराबन्दी र राज्यका तर्फबाट लगाइएको प्रतिबन्ध चिर्दै एकीकृत जनक्रान्तिको झन्डालाई उच्च पारौँ ! ७ औँ पार्टी पुनर्गठन दिवस भव्य रूपमा सफल पारौँ !! भन्ने मूल नाराका साथ कैलालीको कैलारी गाउँपालिकामा उत्सवका रूपमा पुनर्गठन दिवस मनाइएको हो ।

नेपाल कम्युनिस्ट पार्टी कैलालीका सेक्रेटरी करनको सभाध्यताक्षमा प्रमुख अतिथि थारुवान स्वायत्त जनसरकार प्रमुख महान रहेका थिए । कार्यक्रमको सञ्चालन अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य बबरजङ्गले गरेका थिए भने स्वागत मन्तव्य अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी जिल्ला अध्यक्ष सुनिताले राखेकी थिइन्

कार्यक्रममा पार्टी, जनगींय सङ्गठन, पत्रकार र आमजनसमुदायको बाक्लो उपस्थिति रहेको प्राप्त समाचारमा जनाइएको छ।

# पार्टीको बदनाम गर्न खोज्ने तत्वबाट सजग बन्न नेकपा उपत्यका ब्युरोको आग्रह

**काठमाडौँ** : नेकपा उपत्यका विशेष ब्युरोले विज्ञप्ति प्रकाशित गरी पार्टीका नाममा अवैध चन्दा असुली गर्ने धन्दा गर्दागर्दै काठमाडौँको बानेश्वरबाट पक्राउ गरिएका नुवाकोट जिल्लाका पूर्वसेक्रेटरी बिन्तोस सिलवाल ‘अशोक’, पूर्वब्युरो सदस्य रामदल श्रेष्ठ ‘अटल’, काभ्रे निवासी तीर्थमान तामाङ र चितवन निवासी नन्दुराज आचार्य हाल आफ्नो पार्टीमा आबद्ध नरहेको प्रस्ट पार्दै पार्टीको बदनाम गर्न खोज्ने तत्वबाट सजग रहन सबैमा आह्वान गरेको छ।

ब्युरो इन्चार्ज मिलनले बुधबार जारी गरेको विज्ञप्तिमा पार्टीका नाममा अवैध चन्दा असुली गर्ने ती व्यक्तिहरू पार्टीविरोधी गतिविधिका कारण यसअघि नै कारबाहीमा परिसकेका र हाल पार्टीसँग कुनै सम्बन्ध नरहेकाले उनीहरूसँग पार्टीको नाम नगाँस्न पनि अनुरोध गरेका छन् । ती चारैजनालाई प्रहरीले पार्टीका नाउँमा अवैध आर्थिक गतिविधि गर्दै गरेको अवस्थामा पक्राउ गरेको थियो ।

ब्युरो इन्चार्ज मिलनले जारी गरेको विज्ञप्तिमा बिन्तोस सिलवाल र रामदल श्रेष्ठ गिरफ्तार पर्दा आत्मसर्मपण गरेको, आर्थिक अराजकता र विचलनमा फसेको, सांस्कृतिक विचलनमा फसेको, पार्टीको सूचना बेच्ने गरेको र विभिन्न गलत गतिविधि र क्रियाकलापले गर्दा यसअघि नै पार्टीबाट निष्कासित व्यक्ति रहेको र उनीहरू चारैजना पार्टीको कुनै पनि आधिकारिक जिम्मेवारीमा नरहेको स्पष्ट गराएका छन् ।

मिलनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘२०७७ कात्तिक २६ गते विभिन्न सञ्चारमाध्यममा ‘विप्लवका नाममा तीन करोड’ भन्ने शीर्षकमा समाचार प्रकाशन भएकोप्रति हाम्रो महान् तथा जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टी, उपत्यका विशेष ब्युरोको गम्भीर ध्यानाकर्षण भएको छ । २०७७ कात्तिक २५ गते प्रहरीले बानेश्वरबाट नुवाकोट जिल्ला पूर्वसेक्रेटरी बिन्तोस सिलवाल ‘अशोक’, पूर्वब्युरो सदस्य रामदल श्रेष्ठ ‘अटल’ सहित काभ्रे निवासी तीर्थमान तामाङ र चितवन निवासी नन्दुराज आचार्यलाई पार्टीका नाममा अवैध चन्दा असुली गर्ने धन्दाबाट गिरफ्तार गरेको छ ।’

विज्ञप्तिमा अगाडि भनिएको छ, ‘बिन्तोस सिलवाल ‘अशोक’ र रामदल श्रेष्ठ ‘अटल’ गिरफ्तार पर्दा आत्मसर्मपण गरेको, आर्थिक अराजकता र विचलनमा फसेको, सांस्कृतिक विचलनमा फसेको, पार्टीको सूचना बेच्ने गरेको र विभिन्न गलत गतिविधि र क्रियाकलापले गर्दा यसअघि नै पार्टीबाट निष्कासित व्यक्ति हुन् । उनीहरू चारैजना पार्टीको कुनै पनि आधिकारिक जिम्मेवारीमा नरहेको स्पष्ट गराउन चाहन्छौं । पार्टीको बढ्दो लोकप्रियताबाट फाइदा उठाउँदै पार्टीबाट निष्कासित र कारबाहीमा परेका गलत व्यक्तिहरूले हाम्रो जनप्रिय पार्टीको नाम लिँदै विभिन्न उद्योगी व्यवसायीहरूलाई धम्क्याउने, जोरजबर्जस्ती गर्ने, नक्कली पत्र काटेर धम्की दिनेजस्ता गलत गतिविधहरू यदाकदा हुने गरेका छन् । यसप्रकारका गलत र पार्टीबाट निष्कासित तत्वहरूले सञ्चालन गरेको गतिविधिमा सचेत बन्न सबैमा अपिल गर्दछ । यसप्रकारका गलत कार्यको सूचना पार्टीको आधिकारिक माध्यममा दिनसमेत अनुरोध गर्दछ ।’

विज्ञप्तिमा भनिएको छ, ‘हाम्रो पार्टी राष्ट्र र जनताको हितविपरीत भएका राष्ट्रघात, जनघात, भ्रष्टाचार, कालोबजारी, तस्करी, लुटखसोट, अनियमितता, हत्या, हिंसा, बलात्कारजस्ता गतिविधिका विरुद्ध निरन्तर विभिन्न प्रकारका सङ्घर्षका कार्यक्रमसहित एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्ने महान् र गौरवपूर्ण यात्रामा अघि बढिरहेको कुरा सम्पूर्ण न्यायप्रेमी जनसमुदायहरूलाई स्पष्ट र अवगत नै भएको विषय हो । अतः पार्टीको आधिकारिक नीति, कार्यक्रम, योजना र सङ्घर्षका कार्यक्रमहरूमा उत्साहका साथ कार्य गर्न सम्पूर्ण न्यायप्रेमी जनसमुदायलाई हार्दिक अनुरोध गर्दै र पार्टीलाई बदनाम बनाउने तत्वहरूबाट सजग बन्न विशेष अनुरोध गर्दछौं ।’

# पाल्पा इन्चार्ज सिंह र आलेलाई तत्काल रिहा नगरे सम्झौताहीन सङ्घर्ष गर्छौं : नेकपा

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी लुम्बिनी ब्युरोले पाल्पा जिल्ला इन्चार्ज पूर्णबहादुर सिंह र मगर मुक्ति मोर्चा नेपालका नेता मीनबहादुर आलेमगरलाई प्रहरीले गिरफ्तार गरेकोमा घोर निन्दा एवम् भर्त्सना गर्दै सिंह र आलेमगरको रिहाइका लागि पहल गरिदिन बुद्धिजीवी, मानवअधिकारकर्मी एवम् सरोकारवाला सबैलाई हार्दिक अनुरोध गरेको छ ।

ब्युरो इन्चार्ज भीमले शुक्रबार प्रेस वक्तव्यमार्फत शान्तिपूर्ण पार्टी कामको सिलसिलामा रहेका सिंह र आलेमगरलाई बुटवल दीपनगरबाट गिरफ्तार गरी विस्फोटक पदार्थजस्तो झूट्टो र नक्कली मुद्दा लगाएर फसाउन खोजिएको भन्दै देशको राष्ट्रियता, जनतन्त्र र जनजीविका अस्तव्यस्त भएको बेला त्यसको समस्या समाधान गर्नुको साटो नेता-कार्यकर्ताहरुलाई गिरफ्तार गर्ने, जेल हाल्ने र धरपकड गर्नेजस्ता सरकारको फासिवादी र आततायी कदमका विरुद्ध पार्टीले सम्झौताहीन सङ्घर्ष गर्ने चेतावनी दिएका छन् ।

लुम्बिनी ब्युरो इन्चार्ज भीमले प्रेस वक्तव्यमा भनेका छन्, ‘यही मङ्सिर ४ गते बिहान हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी पाल्पा इन्चार्ज क. पूर्णबहादुर सिंह र मगर मुक्ति मोर्चा नेपालका नेता क. मीनबहादुर आलेमगरलाई बुटवलको दीपनगरबाट गिरफ्तार गरिएको छ । शान्तिपूर्ण पार्टी कामको सिलसिलामा रहेका कमरेडद्वय सिंह र आलेलाई गिरफ्तार गरी विस्फोटक पदार्थजस्ता झूट्टा र नक्कली मुद्दा लगाएर फसाउने सरकारी रबैयाको हाम्रो पार्टी घोर निन्दा एवम् भर्त्सना गर्दछ । देशको राष्ट्रियता, जनतन्त्र र जनजीविका अस्तव्यस्त बनिरहेको अवस्थामा सामाजिक दलाल पुँजीवादी केपी वली नेतृत्वको सरकारले जनताका समस्याहरु समाधान गर्नुको सट्टा हाम्रो पार्टीका नेता-कार्यकर्ताहरूलाई गिरफ्तार र धरपकड गरिरहेको छ । राष्ट्रघात, जनघात, सत्ताको लुछाचुँडी, भ्रष्टाचार, तस्करीजस्ता एकपछि अर्को हर्कत गरी ब्रह्मलुट मच्चाइरहेको छ ।’

इन्चार्ज भीमले प्रेस वक्तव्यको अन्त्यमा भनेका छन्, ‘यो अवस्थामा हाम्रो पार्टीले वैज्ञानिक समाजवादी सत्ता प्राप्तिको सङ्घर्ष अघि बढाइरहेको बेला हाम्रो पार्टीका नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गर्ने, जेल हाल्ने, हिरासतमा राख्नेजस्ता सरकारको आततायी र फासिवादी कदमका विरुद्ध हाम्रो पार्टीले सम्झौताहीन सङ्घर्ष गर्ने जानकारी गराउँछौं । साथै गिरफ्तार गरिएका कमरेडद्वय सिंह र आलेमगरलाई रिहाइका लागि पहल गरिदिन बुद्धिजीवी, मानवअधिकारकर्मी एवम् सरोकारवाला सबैलाई हार्दिक अनुरोध गर्दछौं ।’

## सरकारी नेकपाभित्रको ...

हाल्न एमालेको पुरानो दक्षिणपन्थी संशोधनवादी कार्यदिशा जनताको बहुदलीय जनवाद र माओवादी केन्द्रको एक्काईसौँ शताब्दीको जनवादलाई मिलाएर जनताको जनवाद बनाएको नाटक त गरियो तर यी पनि रुसमा ख्रुस्चेबले ल्याएर असफल भएको उक्त संसद्वादी कार्यदिशाबाहेक केही पनि हैन । जब २०४६ सालपछि एमालेले मदन भण्डारीको नेतृत्वमा बहुदलीय जनवादको कार्यदिशा पारित गऱ्यो तब प्रचण्डकै नेतृत्वमा त्यसलाई ख्रुस्चेबी संशोधनवादको नेपाली आयाम भनेर आलोचना गरिएको थियो । त्यही लाइनले नेपालमा विभिन्नखाले प्रतिक्रान्तिकारी हर्कत गर्दै हाल केपी वलीजस्ता दलाल र गद्दारको जन्म गरायो । रुसमा ख्रुस्चेबले ल्याएको शान्तिपूर्ण सहअस्तित्व, शान्तिपूर्ण प्रतिस्पर्धा र शान्तिपूर्ण सङ्क्रमणको कार्यदिशाले त्यहाँको समाजवाद मात्रै ढालेन, बोरिस एल्तसिनजस्ता गद्दार जन्मायो र सोभियत सङ्घ नै विघटन गरायो । माओवादी जनयुद्धको बीचबाट ल्याइएको एक्काईसौँ शताब्दीको जनवादले प्रचण्डलाई एमालेको पाउमा र बाबुरामलाई मार्क्सवाद नै छोडेर भाग्ने बनायो । अहिले जबज र एक्काईसौँ शताब्दीको जनवादको बीचबाट जुन जनताको जनवाद नामको संसद्वादी कार्यदिशाको भ्रम दिन खोजिएको छ, यो झन् तल्लो स्तरको सामाजिक फासिवादमा अभिव्यक्त हुँदैछ । क्रान्तिबिना युद्धरहित विश्व र चौतर्फी सहयोगको विश्व सम्भव छैन भनेर अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनले संश्लेषण गरेको विषय हो । लेनिनको भनाइमा तत्कालीन उपलब्धिलाई नै सबैथोक ठान्ने, सुधारका कुरा मात्रै गर्ने, जोखिम मोल्न नचाहने, दैनिक घटनाको प्रतिक्रियामा मात्रै आफूलाई सीमित राख्ने प्रकृति भनेको सामाजिक जनतन्त्र हो । सामाजिक जनतन्त्र एउटा पुँजीवादी सैद्धान्तिक शासन हो । सामाजिक जनवादी पार्टी पुँजीपति वर्गका राजनीतिक दस्ता हुन् । लेनिनको यो भनाइले पनि एमाले र माकेको एकता कस्तो हो भन्ने कुरालाई पुष्टि गर्दछ । मार्क्सको भनाइमा पनि शान्तिपूर्ण सङ्क्रमणमा सबै कुराको आशा गर्ने साधुहरू भनेका ऐतिहासिक आदर्शवादका घोडाहरू हुन् ।

वास्तवमा वर्गीय समाजमा वर्गविहीन वा वर्गभन्दा माथि कुनै पनि राजनीतिक पार्टी हुँदैन । सबै राजनीतिक दलहरूको वर्गीय स्वरूप हुन्छ । दलगत भावना भनेको वर्गचरित्रको केन्द्रीय अभिव्यक्ति हो । सर्वहारा वर्गको पार्टीमा जनवादी केन्द्रीयता र लौह अनुशासन हुन्छ । त्यहाँ विचारको बहस हुन्छ । निजी स्वार्थ र गुटगत भावनाबाट माथि उठेका नेता-कार्यकर्ताहरू हुन्छन् । तर सरकारी नेकपाभित्र के रहेछ भन्ने कुरा त पेस गरिएका आरोपपत्रहरूले नै पुष्टि गरिसकेका छन् । तसर्थ यो एकता नीति, विचार र समाजवादी उद्देश्यमा थिएन भन्ने कुरा पुष्टि भएको छ ।

**७. अन्तरविरोधको परिणाम के होला ?**

सरकारी नेकपाभित्रको अन्तरविरोध भागबन्डा मिले एकता अनिवार्य बन्न जान्छ तर त्यो नमिले विघटन पनि हुनसक्छ । यो कुरा बाहिरी शक्तिको चाहनामा पनि भर पर्दछ । किनकि यो पार्टी भित्रबाट भन्दा पनि बाहिरबाट बढी चल्ने भइसकेको छ। कहिले उत्तरको र कहिले दक्षिण-पश्चिमको चलखेल हुनु त्यसकै परिणाम हो । डबल नेकपाभित्रको अवस्था कस्तो छ भने अहिले न बहुमत पक्षले केपीलाई कारबाही गर्न सक्ने, न त केपीले आफ्नो लत छोड्नसक्ने । यसका बीचमा दुईवटा बाटा छन् : कि त केपीले पार्टी वा संसदीय दलमा पार्टी विभाजन गर्नसक्ने पोजिसन तयार पार्ने र सरकारको नयाँ समीकरण तयार पार्ने वा त्यो नसके संसद् विघटन गर्ने र अध्यादेशमार्फत मध्यावधि चुनाव गराउने । यहाँ प्रचण्ड पक्षले दबाब दिएर केपीलाई ब्याक गर्ने र सहमति खोज्ने नसके हिम्मतका साथ कारबाही गर्ने र पार्टी फुटको पनि चुनौती बेहोर्ने । यी दुवै कुरामा दस दिनको म्यादमा केपीले कुनै ठूलो षड्यन्त्र नगरी सहज रूपमा आफ्नो प्रत्यारोपपत्र पेस गरेमा सहमतिको सम्भावना धेरै छ किनकि झगडा भागबन्डा र अवसरको भएकाले पार्टी विभाजन भएमा ती दुवै गुम्ने खतरा हुने भएकाले सकेसम्म भीडबाहिरको दबाबमा भागबन्डामै मिल्ने देखिन्छ । त्यसो नभएमा पनि न आकाश खस्छ, न त धर्ती धस्छ । मोहनविक्रम सिंहजस्ता छद्म अवसरवादीले भनेजस्तो लोकतन्त्र, राष्ट्रियता र धर्मनिरपेक्षता यहाँ केही खतरामा पर्दैन ।

केपी वलीको नश्लवादी फासिवादलाई जसरी मोहनविक्रमले बूढो काँध थाम्न पुगेका छन्, यसले के पुष्टि गर्छ भने उनको संसद्वादी यात्रा गारो छ र सरकारमा जान खुट्टो उचालेका छन् । सङ्घीयताको विरोध गर्ने तर त्यही संसदीय पुँजीवादको भत्ता खाएर बस्ने । विचारमा क्रान्तिकारी मार्क्सवाद ओकल्ने तर व्यवहारमा संसदीय पुँजीवाद बोक्ने अनि केपी वलीजस्ता भ्रष्ट, दलाल र फासिस्टलाई लोकतन्त्रवादी र राष्ट्रवादी देख्ने मोहनविक्रम सिंहको छुपेरुस्तम प्रवृतिलाई उनको वक्तव्यले नै पुष्टि गरिसकेको छ । वास्तवमा केपी र प्रचण्डको झगडा केही अवसरवादी तप्काबाहेक आमजनता र देशका निम्ति न हर्ष न विस्मात् जस्तै भएको छ । यसलाई क्रान्तिकारी दृष्टिकोणबाट हेर्ने हो भने यिनीहरूबीचको झगडा मिले पनि क्रान्तिकारी आन्दोलनका निम्ति फाइदा नै छ र फाटे पनि फाइदा नै छ किनकि मिले पनि भागबन्डामा मिल्यो भनेर जनताले बुझ्नेछन् र फाटे पनि यो सिद्धान्त र विचारमा आधारित एकता थिएन भनेर जनताले बुझ्नेछन् । २०५४ सालको एमालेको विभाजनले जनयुद्धलाई फाइदा नै गरेको थियो । अहिले पनि अवसरवादीहरू यता र उताको कित्तामा लाग्नेछन् तर क्रान्तिकारीहरू विद्रोह गर्नेछन् र क्रान्तिकारी आन्दोलनमा सरिक हुनेछन् । सरकारी नेकपाको सरकारको असफलता र विभाजन भनेको दलाल संसदीय व्यवस्थाकै असफलता भएकाले यसले वैज्ञानिक समाजवादको आवश्यकतालाई नै पुष्टि गर्नेछ ।

# युवा र कार्यभार


डीबी सिलवाल

शारीरिक, मानसिक एवम् संवेगात्मक विकासको उत्कर्ष चरण नै युवा उमेर हो जसमा साहस, जोस, जाँगर अधिक हुने गर्छ । युवा वर्गमा शरीरमा बल, मस्तिष्कमा सोच, मनमा सपना र सपना साकार गर्नसक्ने क्षमता हुन्छ । हाम्रो देशमा १६ वर्षदेखि ४० वर्षको उमेरसमूहलाई युवा भनिन्छ । अझ सामान्यीकरण गरेर भन्नुपर्दा बाल्यावस्था पार गरिसकेका र प्रौढावस्थामा पुगिनसकेको व्यक्तिलाई युवा भनिन्छ । यसरी हेर्दा राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कमा युवाको संख्या एक करोड सात लाख देखिन्छ ।

त्याग, निष्ठा, बलिदान र नवनिर्माणको सुन्दर भावनाको पर्याय नै युवा वर्ग हो । युवा त्यो उमेरसमूह हो जसमा राष्ट्रको भविष्य, वर्तमानका साझेदार तथा समृद्धिको अग्रसंवाहक बन्ने सामर्थ्य लुकेको हुन्छ । युवा वर्गले राष्ट्रिय भावनाका साथै परिवर्तनगामी शक्तिका रूपमा परिचय बनाएको इतिहास छ । युवावर्ग घर, परिवार, समाज, राष्ट्र र विश्वका मेरुदण्ड भएकाले देशको राजनीतिक, आर्थिक र सांस्कृतिक रूपान्तरणमा महत्वपूर्ण भूमिका हुन जरुरी छ । आज हामी युवाहरूले राज्य रूपान्तरणमा गरेको योगदान, युवाहरूको दुर्दशा र आगामी दिनमा सचेत युवाहरूले निर्वाह गर्नुपर्ने भूमिका सम्बन्धमा यहाँ सामान्य चर्च गर्नेछौं ।

### राज्यसत्ता रूपान्तरणमा युवाहरूको योगदान

विश्व-इतिहासलाई सिंहावलोकन गर्दै नेपालको गौरवमय इतिहासका पाना पल्टाउँदा राणाविरोधी आन्दोलनमा गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमा, दशरथ चन्द र शुक्रराज शास्त्रीको भूमिकादेखि २०२८ सालको झापा विद्रोह, २०४६ सालको जनआन्दोलन, २०५२ देखि सञ्चालित महान् जनयुद्ध र मुख्यतः २०६२-६३ को जनआन्दोलन हुँदै वर्तमान समयमा दलाल पुँजीवादी संसदीय व्यवस्थाको विकल्प वैज्ञानिक समाजवाद-साम्यवाद स्थापनार्थ एकीकृत जनक्रान्तिको बाटोमा लामबद्ध हुने क्रममा सहादत प्राप्त गर्नुहुने कुमार पौडेल, निरकुमार राई, राजु, महान, रामकुमार, दीपेन्द्र, प्रज्वल, सनराइज, निरन्तरजस्ता होनहार युवाहरूको योगदान अतुलनीय छ । मूलतः विगतदेखि वर्तमानसम्म आइपुग्दा राष्ट्रिय मुक्ति आन्दोलनका साथै जनतन्त्र र जनजीविकाका सवालमा सङ्घर्ष गर्दा निरङ्कुश शासन र शासकका दानवीय छायालाई परास्त गर्न र स्वाधीन, समतामूलक राष्ट्र निर्माण गर्ने कार्यमा युवाहरूले निर्वाह गरेको भूमिका विश्वकै लागि अनुपम एवम् ऐतिहासिक सन्देश बन्न पुगेको छ ।

सुनौलो भविष्य, स्वाधीन र समानतासहितको समाजको अपेक्षा बोकेर लाखौं युवा २०५२ सालबाट सञ्चालित दीर्घकालीन जनयुद्धमा लामबद्ध भएका थिए । तत्कालीन पार्टीमा कायम गरिएको सुदृढ एकता, नेता-कार्यकर्ताहरूमा विद्यमान पार्टी र क्रान्तिप्रति युवाहरूको समर्पणभावका कारण प्रतिक्रियावादी राज्यव्यवस्थाको भीषण र नरसंहारकारी दमन अभियान चिर्दै नेपाली जनयुद्धले एकपछि अर्को विजयअभियान चुम्न सफल भैरहेको थियो । पार्टीका विभिन्न तहको कुशल नेतृत्व, हजारौं युवाहरू जनमुक्ति सेनामा लामबद्ध, देशव्यापी रूपमा निर्माण गरिएका सांस्कृतिक परिवारहरूमा युवा सक्रियता, जनसत्ता, सूचनासञ्चार तथा सप्लाईमा युवाहरूको इमानदारी, उद्योग, कृषि, स्वास्थ्य, शिक्षा, सहकारीजस्ता विभागीय क्षेत्रमा युवाहरूको भूमिका निर्णायक रहेको थियो र त जनयुद्ध विजयनिकट पुगेको थियो । तर विडम्बना ! मूल नेतृत्वको विचलनसँगै क्रान्तिका विरुद्ध थोपरिएको प्रतिक्रान्तिका कारण जनयुद्धमा सहभागी हजारौं युवाहरूको स्वाधीन, समुन्नत र समतामूलक समाज निर्माणको सपना अधुरै हुन पुग्यो ।

### युवाहरूको दुर्दशा

यथास्थितिबाट आफू र आफ्नो समाजमा मुक्ति दिँदै सामाजिक रूपान्तरणको महाअभियानमा युवा वर्गले अग्रीम भूमिका निर्वाह गर्दागर्दै पनि आजसम्मका राजनीतिक नेतृत्वले 'युज एन्ड थ्रो' को नीति लिनु समग्र युवा वर्ग र समाजकै लागि दुःखदायी कुरा हो । शासकहरूले युवा वर्गलाई हेर्ने दृष्टिकोणमा सकारात्मक परिवर्तन नआएकै कारण, सङ्घर्षको बेला नेतृत्वको एक आदेश मृत्युभन्दा प्यारो ठानी अघि बढ्ने लाखौं युवाहरू आज राज्यसत्ताको नीति निर्माण र निर्णयप्रक्रियाको तहभन्दा कोसौं टाढा हुनु युवाहरूको निम्ति दुर्दशा भयो । पुराना, पाका र अनुभवी व्यक्ति खोज्ने क्रममा गलिसकेका, मर्न लागेका, मिति गुज्रिएका व्यक्तिलाई स्थान दिँदा वा ती मिति गुज्रिएका व्यक्तिले जिम्मेवारीबाट अवकाश नलिँदाखेरि र युवाहरूलाई विश्वासको आँखाले नहेर्दा युवाहरू नेतृत्व तहबाट टाढा हुन पुगे । नयाँ नेतृत्व युवाहरूको चाहनामा नहुँदो रहेछ । युवा सहभागिताका सन्दर्भमा समाज उदार देखिन्न । युवासोचको कार्यान्वयन नेतृत्वको प्राथमिकतामा कहिल्यै परेन ।

विडम्बना भन्नुपर्छ, नेतृत्वको यस्तो क्रियाकलापका कारण युवा वर्गमा राजनीतिप्रति वितृष्णा पैदा हुन पुग्यो । युवा वर्गलाई घरपरिवार, समाज, राष्ट्र र विश्वको मेरुदण्डका रूपमा नेतृत्वले कहिल्यै बुझ्न चाहेन । देशको कुल गार्हस्थ उत्पादन, आर्थिक वृद्धि तथा विकास र पर्यटन प्रवर्द्धनको कार्यमा युवा वर्गको महत्वपूर्ण भूमिका हुँदाहुँदै पनि राज्य र नेतृत्वले कहिल्यै विश्वास गरेन । युवाहरू हरेक क्षेत्रको युगान्तकारी परिवर्तनमा सहभागी हुँदा पनि अन्ततः लाभको पदबाट टाढा नै राखियो । युवाहरूको महत्वपूर्ण योगदानबाट भएका राजनीतिक र सामाजिक परिवर्तनहरूका हिस्सेदार बन्न दिइएन । आजका युवाहरू उन्नति र प्रगतिमा वेगवान् हुन्छन् भन्ने कुरा सत्तामा बसेकाहरूको बुझिदिएको भए सायद युवाहरू निराशावादी हुने थिएनन् । संसदवादीहरूको चाहना भनेको जसरी हुन्छ चुनावताका भोट पाउनु हो । चुनाव आएपछि युवाहरूलाई विभिन्न भ्रष्ट्र प्रलोभनमा पारेर प्रयोग गर्छन् । मोटरसाइकलमा पेट्रोल, मोबाइलमा ब्यालेन्स, एक ट्वाक रक्सी र एक डबका छ्याङको भरमा युवाहरूलाई प्रयोग गर्छन् । जब चुनाव जित्छन्, सत्तामा पुग्छन् तब क्रमशः बिर्सँदै जान्छन् ! युवाहरूका लागि राज्यले गुणस्तरीय, व्यावहारिक र सर्वसुलभ शिक्षा दिन कहिल्यै सकेन । रोजगारी दिन कहिल्यै सकेन । निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउन सकेन । यी विषयप्रति सत्तालोलुपहरूको कहिल्यै ध्यान गएन । जसरी भए पनि 'एनी हाउ पैसा कमाऊ' भन्ने गलत सोचाइमा लाग्न पुगे । बेरोजगारी समस्या ज्यूँका त्यूँ छ । पछिल्लो जनगणनाअनुसार १९.२ प्रतिशत युवाहरू पूर्ण बेरोजगार छन् । ३६ प्रतिशतभन्दा बढी अर्धबेरोजगार छन् । अहिलेको राज्यव्यवस्थाबाट आकुलव्याकुल भएका श्रमजीवी, किसान र मध्यमवर्गीय युवाहरू एक छाक खान र एकसरो लगाउनकै लागि आज खाडीको ४५ डिग्री तापक्रममा पसिना बगाउन बाध्य छन् । तथ्याङ्क हेर्दा दैनिक पन्ध्र सय युवा विदेशी श्रमबजारमा बेचिएका छन् । यहाँ नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा जनकलाकार चिरन पुनको शब्दसङ्गीतमा रहेको गीति काव्यको एक अन्तरा प्रस्तुत गर्दा सान्दर्भिक नै होला :

कसले पुऱ्यायो तिमीलाई अरबको खाडीमा
त्यो मरुभूमिमा, मलाया छाउनीमा
विदेशी गल्लीगल्लीमा
रहरले हो कि बाध्यताले
दस हन्डर खानुमा, सीमा काटी जानुमा
जीवन उतै फल्नुमा
भारतका गल्लीगल्लीमा ।

यसबाट पनि थाहा हुन्छ नेपाली युवाहरूको दुर्दशा कस्तो छ भनेर । सुनौलो भविष्यको खोजीमा विदेशका गल्लीहरू चाहार्दाचाहार्दै नेपाली युवाहरूको काठको बाकसमा लास दैनिक विमानस्थमा आउँछ । यसप्रति शासकहरूलाई कुनै चासो छैन । जनताले तिरेको कर र युवाहरूले विदेशीको गुलाम बनेर तातो अनि रातो रगतपसिना बगाएर बिरानो ठाउँमा कमाएको रेमिट्यान्सबाट शासकहरू धनाढ्य वर्गमा प्रवेश गरेर सेठको व्यवहार गर्छन् ।

### युवाहरूको आगामी कार्यभार

युवा भनेको साहस, जोश, जाँगर अधिक भएको वर्ग हो । तर हामीले यो साहस, जोश, जाँगरलाई सही तरिकाले प्रयोग गरेमा स्वयम् व्यक्ति र समाजलाई नै सफलता मिल्छ । गलत तरिकाले उपयोग गरेमा विभिन्न दुर्व्यसन तथा अपराधमा संलग्न भै स्वयम् व्यक्ति र समाजलाई नै कुभलो हुने हुन्छ । त्यसैले युवाहरूले आफ्नो क्षमतालाई कहाँ, कसरी र केका लागि सदुपयोग गर्नुपर्ने हो, सही मनन गर्नुपर्छ । नेपाली युवा वर्गले परिवर्तनको आन्दोलनमा निर्वाह गरेको भूमिका र आजका युवा वर्गको दुर्दशाबारे चर्चा गरिएअनुसारको अवस्था के कारणले उत्पन्न भयो ? के यी समस्याहरू आज नै उत्पन्न भएका हुन् ? वा पहिल्यैदेखिका समस्या हुन् ? यी समस्याहरू अहिलेको सरकारको नेतृत्वका कारण उत्पन्न भए कि सिङ्गो व्यवस्थाका कारण ? यी प्रश्नहरूको समाधान खोजेपछि निश्चय नै हामीले हाम्रो बाटो पत्ता लगाउनेछौं ।

नेपाली श्रमिक तथा उत्पीडित जनताले जसका विरुद्ध सङ्घर्ष गरेका थिए त्यही पुँजपति वर्ग अर्थात् नेपालको हकमा दलाल पुँजीपति वर्ग र संशोधनवादीहरूको अधिनायकत्व र प्रभुत्व कायम रह्यो । भन्दा उत्पीडित जनताको सत्ता र व्यवस्था भने पनि सारतः उत्पीडक वर्गकै हालिमुहाली रह्यो । सत्तालाई पुरानै ठाउँमा राखेर पुरानै वर्गको अधिनायकत्व र प्रभुत्व कायम गरेर जनतालाई सुखी र समृद्ध बनाउन सकिन्छ भन्ने हौवा फिँजाइयो । यो दलाल पुँजीपति र संशोधनवादीहरूले चलाएको कृत्रिम र ढोंगी बहस मात्र हो । जनताले चाहेको आमूल परिवर्तन हो । जनताले चाहेको जीवनमा परिवर्तन हो । जनताले चाहेको राष्ट्रको जीवनमा परिवर्तन हो जुन यो दलाल संसदीय पुँजीवादी व्यवस्था कथित सङ्घीय लोकतान्त्रिक गणतन्त्रद्वारा सम्भव छैन । सङ्घीय लोकतान्त्रिक गणतन्त्र भने पनि त्यो व्यवस्था भनेको दलाल पुँजीवादी गणतन्त्र नै हो । आजसम्मका सङ्घर्षहरू यही दलाल संसदीय व्यवस्थाका विरुद्ध थियो । जनतालाई सुखी र समृद्ध बनाउन थियो । जनतन्त्र र जनजीविकाको रक्षा गर्न थियो र राष्ट्रिय स्वाधीनताको रक्षाका लागि थियो । विडम्बना ! त्यो पूरा हुन सकेन । उत्पीडित जनतालाई गुमराहमा राखियो । घुमाइफिराई दलाल पुँजीवादी संसदीय व्यवस्था नै लादियो । त्यही भएर नै यो देशका जाति-जनजाति, सुकुमबासी, महिला, युवा, दलित, सीमान्तकृत र श्रमिक वर्गले भनेजस्तो व्यवस्था आएन । यो उत्पीडित वर्ग अभाव र तनावमै हुनुपर्‍यो । हाम्रा समस्या भन्नुपछि झन् जटिल बन्दै गए । के अब हामी सधैं चुप लागेर हाम्रो वर्गका समस्याहरूबाट भागेर, हाम्रो लक्ष्य र उद्देश्यबाट भागेर धर पाइएला त ? अहँ, पटक्कै पाइन्न । यो राष्ट्र, यो संसार युवाहरूको हो । युवाहरूको राष्ट्र भएपछि आफ्नो राष्ट्रलाई कस्तो बनाउने भन्ने युवाहरूकै हातमा छ । यस सम्बन्धमा माओको संश्लेषण आज पनि सान्दर्भिक छ-युवाहरू हो, यो संसार तिमीहरूको हो र हाम्रो पनि हो । अन्तिम रूपमा यो संसार तिमीहरूकै हो किनकि हामी अस्ताउँदा सूर्य हौं भने तिमीहरू बिहानीको उदाउँदो सूर्यजस्ता हौ ।

त्यसैले युवा साथीहरू हो, आउनुहोस् । अब यो देशको मुहार फेर्ने पालो तपाईंहाम्रो काँधमा आइपुगेको छ । सबैखालका व्यक्तिगत स्वार्थ र समस्यालाई पन्छाउँदै एकपटक सामूहिक स्वार्थ र हितका लागि संसारकै उत्तम व्यवस्था वैज्ञानिक समाजवाद- साम्यवाद स्थापनाका लागि एकजुट होऔं । उत्पीडित जनता, श्रमिक वर्ग विशेषतः युवाजीवन सुहाउँदो उत्तम वैचारिक र राजनीतिक हतियार भनकै एकीकृत जनक्रान्ति हो । यो सुन्दर भविष्य निर्माणको बौद्धिक र भौतिक हतियार पनि हो । त्यसैले यो बौद्धिक र भौतिक हतियारले नेपाली जनताको प्रगतिको बाधक विद्यमान दलाल पुँजीवादी संसदीय व्यवस्थालाई चिहानमा पुऱ्याऔं र त्यही चिहानबाट देश र जनताको मुक्ति र स्वतन्त्रताका लागि नेपाली माटो सुहाउँदो वैज्ञानिक समाजवाद स्थापना गरौं । हाम्रो जित सुनिश्चित छ । आउनुहोस्, एकपटक जोडले भनौं- वैज्ञानिक समाजवाद जिन्दावाद !

---

पुस्तक परिचय

# समयको बयान र साक्षी

डा. शिवशङ्कर बस्याल

दिनभरको धपेडी यात्रा र त्यसपछिको झन्डै आठ घन्टाको पैदलयात्रा । जहाँ कैयौं नदी र खोलाका ढुङ्गे बाटाहरू छिचोल्दै पुग्यौं एउटा डाँडाको बस्ती ! केही धुरीहरू ! हाम्रो यात्रा अघि बढिरहेकै छ । केही दर्जन साथीहरूसँगै मेरो पनि यात्रा ! यात्राभरि बत्ती बाल्ने अनुमति छैन । छन् त केवल खोलाका उज्याला ढुङ्गा र जूनकीरीका पुच्छर । बस्ती, गाउँ कहींकतै छैन, छ त हतारोमा फगालिरहेको खोला ।

एउटै खोलालाई सत्रपटक तरेका छौं । खुट्टाभरि ठेला उठेको छ । कैयौंपटक खुट्टा चिप्लिएर लडेका छौं । साथीहरू बन्दोबस्तीका सामान बोक्छन् झोलाभरि । हप्ता दिनका लागि त हो ! मेरा लागि एउटा गम्छा काफी छ । दाँत जङ्गली रूखका डाँठहरूबाट माझ्छु । जाबो एक हप्ता नुहाए पनि त चल्छ ! शरीर आफ्नै हो । त्यसैले झोला बोकेको छैन । अर्को कुरा यतिबेला खुट्टाको समस्याले बोक्ने तागत पनि छैन ।

जतिबेला हामी यी अप्ठेरा र अँध्यारा अनकन्टार गौँडाहरू तर्दै पहाडी डाँडाको एउटा बस्तीमा पुगेका थियौं । हामी सन्नाटाको महासागरभित्र छौं । हामी कहाँ छौं ? हामी आफैं लाई थाहा थिएन । त्यतिबेला जूनकीरीजस्तै मिहिन उजेलोमा केही जोर मानिसहरू हामीतिर आए । ती केही जोर मान्छेहरू हाम्रा परिचित साथीहरू थिए । त्यसैमध्येको बीचमा मझौला कदका शरीर र मुस्कानसहित हात बढाउँदै थिए- खोमा । 'लौ साथीहरू आइपुग्नुभयो ! हामी तपाईंहरूकै प्रतीक्षामा बसिरहेका थियौं ।' हामीलाई न्यानो अभिवादनसहित छिप्पिसकेको मध्यरातमा खोमालगायतको टिमले न्यानो स्वागत गरेको थियो । यसपालि झन्डै हप्ताभर नै खोमाजी र मसँगै बस्ने मौका मिल्यो । त्यो अनकन्टार बस्तीको बसाइ । कोरोनाको कहरबीच विशेष सन्दर्भमा अनकन्टार गाउँतिरको यो संयोगको भेट हाम्रा लागि निकै महत्वपूर्ण थियो । हुनत यसपालिभन्दा अगाडि अखिल नेपाल जनसांस्कृतिक महासङ्घ लुम्बिनी ब्युरोले बुटवलमा एमसीसीविरुद्ध कविगोष्ठी गरेको थियो । कार्यक्रममा उहाँको टिमले मलाई प्रमुख अतिथिका रूपमा बोलाएको थियो । कहिलेकहींका कविगोष्ठीहरू पनि निकै अविस्मरणीय हुन्छन् । महासङ्घले धेरैपटक साहित्यिक-सांस्कृतिक गोष्ठीहरू गर्दै आएको छ । ती गोष्ठीहरूमा हाम्रा औपचारिक वा अनौपचारिक भेटहरू हुन्थे । ती भेटहरू अल्पकालीन समयका रहे । हामी गफिन पाएका थिएनौं । तर यसपालि हामीले मन्थन गर्न बाँकी रहेका कला, साहित्य, दर्शन, राजनीतिलगायत विभिन्न विषय र भावनाहरूलाई साट्ने र मन्थने अवसर पायौं । मार्क्सवादी लेखनका राम्रा र नपुग्दा पाटाहरूलाई दिमागले भ्याएजति खोस्रियौं । पछिल्लो समय मैले लेखेको उपन्यासका केही पक्षहरूमाथि पनि हामीले समूहमा छलफल गर्‍यौं । खोमालगायत साथीहरूको सुझाव र टिप्पणीहरूले उपन्यास लेखन र सम्पादनका लागि निकै महत्वपूर्ण सहयोग पुग्यो । पछिल्लो समय प्रकाशन भएको खोमा तरामुको निबन्ध कृतिसँगको भेट पनि यही बेला जुऱ्यो । उहाँले आफ्नो एक थान पुस्तक थमाइदिँदै हेरेर हिस्स हाँसेको याद छ मलाई । आकर्षक आवरणमा सजिएको पुस्तकभित्रका अक्षरहरू निकै बिम्बात्मक, आकर्षक र नरम छन् ।

यतिबेला मैले चिनेका खोमा कविका रूपमा होइन, एउटा निबन्धकारका रूपमा प्रस्तुत भएका छन् । कविका रूपमा स्थापित कवि खोमा निबन्ध विधामा पनि उत्तिकै आकर्षक, लालित्य र सक्रिय रूपमा पेस भएका छन् । सहिदभूमिमा उभिएर, गुन्जिरहनेछन् गाउँमा यी गीतहरू, सपना ओढेको त्यो रेसुङ्गा, मधेसमा गुन्जिएको अनेकोट, चुत्राबेसी र चुत्राबेसीहरू, झन्डा बोकेर सूर्यास्तमा, उज्यालो पर्खेरमा साँझमा, शिवगढी अर्थात् लालगाउँ, गाउँबस्तीमा क्षितिज परिवार, रोल्पा मरेको छैन, तिनाउ, कविता र सपनाहरू, भुल्किन बाँकी रातो घाम, ताराहरू रोएको अँधेरी रात, सुनकोसीको तीरैतीर, दोभानमा कविताको सौन्दर्य, अँध्यारोमा बलिरहेको बत्ती, हृदयको मझेरीमा सहिद परिवारसँग, बाहुनडाँडामा छापामारसँग, निःशब्द मन, खण्डहर गोरखा, जूनकीरीको बस्तीमा, लुम्बिनीमा सांस्कृतिक मोर्चा, चुनुको अजम्बरी गीत, हरियो झन्डामुनि जितगढी, सपना डढेको बस्ती, गाउँको अस्थिपञ्जरमा उभिएर, हिउँको बर्सात् सम्झेर गरी जम्माजम्मी २६ वटा निबन्ध सङ्गृहीत उक्त पुस्तकमा धेरैजसो निबन्धहरू नियात्रा र संस्मरण शैलीका छन् । पुस्तकको प्रकाशन अखिल नेपाल लेखक सङ्घ केन्द्रीय समितिले गरेको छ । पुस्तकबारे वरिष्ठ लेखक एवम् साहित्यकार दिल साहनी र वरिष्ठ सङ्गीतकार एवम् संस्कृतिकर्मी माइला लामाको टिप्पणीले पुस्तकलाई थप उचाइ दिएको छ । साहनीले पुस्तकलाई मुक्ति सङ्घर्षको एउटा कलापक्षीय दस्तावेजका रूपमा लिएका छन् भने संस्कृतिकर्मी माइला लामाले वर्गसङ्घर्षका उदात्त सपनाहरूलाई पुस्तकमा उनिएको बताएका छन् । कमरेड माइला लामा अहिले प्रतिक्रियावादी सरकारको जेलमा बन्दी हुनुहुन्छ । उहाँ नेकपाका नेता एवम् अखिल नेपाल जनसांस्कृतिक महासङ्घका केन्द्रीय अध्यक्षसमेत हुनुहुन्छ । निबन्धकार स्वयम्ले सपना छउन्जेल, आगो रहुन्जेल क्रान्ति नमर्ने र रगतसित गाँसिएका सपनाहरू ननिभ्ने भन्दै त्यही अधुरा सपनाहरूले जन्माएको यो किताब आफैँमा लङ्मार्च भएको बताएका छन् ।

मालेमावादी विचारलाई केन्द्रमा राखेर लेखिएका सबै निबन्धहरूको उद्देश्य र लक्ष्य एउटै रहेका छन् । आत्मपरक शैलीबाट उनिएका उक्त निबन्धहरूका उत्प्रेरणाका आधार जनयुद्ध वा क्रान्ति नै बोध हुन्छ । नेपाली जनयुद्ध एउटा विशेष कालखण्ड मुक्तिकामी युगका आँधीहुरी चलाउने युद्ध रह्यो । मुक्तियुद्धको उक्त आह्वानमा लाखौँलाख जनता समाहित भए । हजारौंको बलिदानी भयो । अङ्गभङ्ग, बेपत्ता, घाइते र यातनाको सिकारमा शुली चढेको जनयुद्ध एकाएक जनयुद्धकै नायकबाट धर्मराएन मात्रै, स्खलित र हत्या भयो । जसले हिजो सपना बाँडेका थिए, ती सपनाहरूलाई बेवारिस छोडेर नेतृत्व दुस्मनकै शरणमा रमाउन थालेपछि क्रान्तिकारी शक्तिहरूको अन्योल, संवेदनहीनता र सपनाहरूको अन्त्य हुँदै गरेको पल निबन्धकारले पुस्तकमा उनेका छन् । वास्तवमा निबन्धकारले भनेजस्तै यतिबेला सपना मरेकै छैन, सपना अजम्मरी र अमर छ । सपना बोक्ने केही यात्रीहरू बाटो बिराए पनि वा विचलित भए पनि क्रान्तियात्रीहरू अविराम यात्रा गरिरहेको सन्देश पुस्तकले दिएको छ । पुस्तकको नाउँले नै नयाँ उत्साहको सन्देश छरेको छ ।

'सपनाको भन्ज्याङतिर' सपनालाई कुनामा सडाएर सुख चाहनेहरूविरुद्धको बयान हो वा सपनाका हत्याराहरूविरुद्धको कोलाज हो । सपनाको चुली चढाउने 'सपनाको भन्ज्याङतिर' शीर्षक पढ्दा नै बोधगम्य, सरल र बिम्बात्मक छ । पुस्तकको शीर्षकले नै समग्र सन्देश दिएको छ । उक्त पुस्तकभित्र समाहित निबन्धहरू क्रान्तिकारी चेतनाबाट भरिभराउ छन् । विगतका धोकाघडीबाट निराशा होइन, उत्साह जगाउँदै अघि बढेका छन् निबन्धकार । निबन्धकार लेखनमा मात्र होइन, स्वयम् व्यवहारमा समेत स्पातिला छन् । पटकपटक हिरासतका जञ्जिरभित्रको जीवनसमेत उनले भोगेका छन् । निबन्धभित्र लुकेको काव्यात्मकता खोमाको छुट्टै विशेषता हो जसले नेपाली साहित्यको भीडबाट उनलाई अलग पार्छ । निबन्ध पढ्दै जाँदा कविताको बहमा पाठकलाई बगाउने कला उनको विशेषता हो । त्यति मात्रै होइन, निबन्धका बीचमा प्रायोजित काव्यहरूले छुट्टै उत्प्रेरणा र रोचकता थप्छन् । निरासासित विगतका पात्रहरूलाई उत्प्रेरणा प्रदान गर्दछन् भने विगतमा सपना बाँडेर धोका दिनेहरूलाई उपहास र चुनौती । विगतका धोकाघडीका विरुद्ध निराशा हैन, उत्साहले मात्र मुक्तिको विकल्प बन्न सक्छ भन्ने 'सपनाको भन्ज्याङतिर' को मर्म हो । यो मर्मभित्रको लेखनीमा खोमाले प्रकृतिको वर्णनलाई भरपूर रङ्गीन बनाएका छन् । आफू पुगेका गाउँबस्ती त्यत्ति सुन्दर थिए वा थिएनन् तर उनले सुन्दर बनाइदिएका छन् कुशल चित्रकारले जस्तै । यो उनको खुबी हो ।

उनी केही निबन्धभित्र कहिले प्रकृतिको सुन्दरतामा आफूसँगै पाठकलाई पनि हराउँछन् । कहिले दुःख भावनाभित्र डुबाउँछन्, कहिले आफ्नो नियात्रामा पाठकलाई समेत सँगसँगै हिँडाउँछन् । उकालीओरालीहरूमा रोचक शैलीको काव्यात्मकताले पाठकले थकान महसुस गर्दैनन् । एकै बसाइमा बिट मारेर उठ्न सक्छ पाठक । त्यसो त यो कृति दोषरहित नै छैन भन्न खोजेको होइन । कृतिका साँधसीमा पनि छन् । त्यसका लागि निबन्धकारका लागि धेरै बाध्यताहरू पनि थिए होलान् । थुप्रै रोचक पक्षहरू अझै पनि गर्भभित्रै छन् जुन लेख्न बाँकी नै छ । सबै लेख्ने बेला पनि भइसकेको छैन । पुस्तकमा कतिपय ठाउँमा पुनरावृत्त दृश्यहरू पनि कमजोरी बन्न पुगेका छन् । समालोचकहरूको आँखामा भाषा, शैली वा संरचनागत विषयहरूका सीमाहरू होलान् । तर त्यतिबेला यी पक्षको विश्लेषणभन्दा पनि मार्क्सवादी साहित्यमा भविष्यप्रति आशा जगाउने क्रान्तिकारी पक्षधरतासहित वैज्ञानिक समाजवादी व्यवस्था प्राप्तिको सङ्घर्षको दिशामा स्वयम् खोमाले भोगेका र देखेका अनुभूतिहरू बिल्कुल नयाँ विषय हो । अहिलेको प्रतिकूल परिवेशमा पनि नयाँ आशा र उत्साहसहितको कृति प्रकाशनका लागि म साहित्यकार खोमालाई हार्दिक बधाई व्यक्त गर्दछु ।

पछिल्लो समय साहित्य क्षेत्रमा क्रियाशील खोमाद्वारा रचित यो कृति प्रतिध्रुवीय स्वरहरूको हुँकार हो । अत्यन्तै प्रतिकूल समयमा पनि वर्तमान शासन र विधिसँग विमति राख्दै निबन्धकारले विगतका इतिहासका पात्रको निर्मम समीक्षा र उदाङ्गो पार्न आफूलाई पछि पारेका छैनन् । निबन्धकारले विगतको समीक्षा मात्र गरेका छैनन्, अँध्यारोमा रुमल्लिएका मानिसहरूलाई लालटिनको उज्यालो सम्भावनासमेत देखाएका छन् । त्योबाहेक उक्त कृतिमा मातृभूमिप्रतिको अगाध माया देख्न पाइन्छ जसअन्तर्गत आफू जन्मे हुर्केको ठाउँ, आफूले टेकेको माटो, आफूले घुमेका परिवेश र आफ्नो आँखाले रङ्गीन देखेका प्रकृति र सपनाहरूको वर्णन पनि त्यत्तिकै मोहक ढङ्गमा गरेको देख्न पाइन्छ । त्यसबाहेक निबन्धकार स्वयम् दर्शक वा रमिते बनेर होइन, समयको निर्मम आँधीमा आफू हेलिएर आत्मबलिदानीको भावमा चुर्लुम्म डुबेका छन् । आमनेपाली समाजका निमुखा पात्रहरूको चयन र तिनीहरूको जीवन, परिवेश र बोलीमार्फत समयको बयान दिइरहेका छन् । यो उनको छुट्टै विशेषता हो । दुःखीराम, मनोज, रक्षा, ऋषिराम, नरबहादुर थापा, सविना विक आदि यसै का प्रतीक हुन् । सरल, सहज र सुबोध शैली यो कृतिको छुट्टै विशेषता हो । निबन्धकारको यो यात्रा अझ निखारिँदै जाओस् यही शुभकामना ।

रुस यात्रा डायरी

सन्दर्भ : अक्टोबर क्रान्तिका एक सय वर्ष

# त्यसपछि विश्व-सर्वहारा क्रान्ति जिन्दावादको नाराले रुसको आकाश गुन्जिरह्यो



अशोक सुवेदी

*साम्राज्यवाद भनेको सर्वहारा समाजवादी क्रान्तिको पूर्वसन्ध्या हो ।'*

*– लेनिन*

## क) उच्च आकाङ्क्षा बोकेर लेनिनग्रादमा

आज सन् २०१७ नोभेम्बर पाँच तारिख । अब लगातार ६ दिनसम्म हामी यही लेनिनग्रादमा बस्नेछौँ र अक्टोबर क्रान्तिको शतवार्षिकी महासम्मेलनका विभिन्न गतिविधिमा सामेल हुनेछौँ ।

रेलबाट झर्दानझर्दै आयोजक संस्थाका कमरेडहरू हाम्रो सहयोगमा तल्लीन भइहाले । कमरेड दिमित्री र कमरेड अलेक्स हामीसँगै भएकाले कुनै कठिनाइ महसुस भएन । हामी एकछिन यात्रा गरेर सम्बन्धित होटेलमा पुग्यौँ । यिनै रेलको यात्रा गर्न र होटेलमा बस्नका लागि भनेर हामीले नेपालमै केही रकम जम्मा गरेर पठाइसकेका थियौँ । हामी बिहानै पुगेकाले होटेलका कोठा खाली भइसकेका रहेनछन् । लबीमै हाम्रा सुटकेसहरू थन्क्यायौँ र चियानास्ता गर्न भनेर हामी बाहिरियौँ । लेनिनग्राद पुग्दा सिमसिम पानी परिरहेको थियो । रुसको उत्तरी भूभाग, युरोपको पूर्वी क्षेत्र र फिनल्यान्डको सीमा रहेको यो समुद्री तट भएकाले यहाँ प्रायः पानी परिरहने, घाम नलाग्ने जानकारी हामीलाई आयोजकहरूले दिए । मस्कोको माइनस तापक्रम समेत सजिलै पचाइसकेका हामीलाई लेनिनग्रादको चिसो पचाउन कुनै गाह्रो थिएन तर पनि घामै लाग्दैन रे भन्ने सुन्दा बाहिरी चिसो भित्र कताकता छुँदै लहरियो तर पनि हामी हिम्मत कसेर बजारतिर निस्कियौँ । हामीले एक फन्को लगाउँदासम्म पनि लेनिनग्राद ब्युँझिएको थिएन । मध्यरातसम्म व्यापारमा मस्त रहने र चहलपहल भइरहने यो सहर बिहान १० बजेसम्म सुस्ताइरहने रहेछ ।

कमरेड आन्द्रेई (मैले सुरुमै राखिदिएको नाम रुसी कमरेड चे) थपिनुभएको छ हाम्रो लेनिनग्रादको यात्रामा । आन्द्रेई यहीँका स्थायी बासिन्दा हुनुहुन्छ । मस्कोका कमरेड दिमित्री र त्यहाँबाट झन्डै ६ हजार किलोमिटर दूरीमा रहेको लेनिनग्रादका कमरेड आन्द्रेई अनि दक्षिणएसियाका हामी सबैलाई जोड्ने एउटै कडी थियो मार्क्सवाद-लेनिनवाद । अक्टोबर क्रान्तिको सफलतापछि नै कमरेड स्टालिनले संश्लेषण गर्नुभएको थियो लेनिनका योगदान र विचारहरूलाई लेनिनवादका रूपमा । लेनिनवादले हामीलाई मात्र होइन, संसारभरका कम्युनिस्ट क्रान्तिकारीहरूलाई रुसमा भेला गराएको थियो- ब्राजिलदेखि पेरूसम्म, बेलायतदेखि बेल्जियमसम्मका लेनिनवादीहरूलाई र एउटै मोर्चा र मञ्चमा एकत्रित गराएको थियो । लेनिनवादका मात्र नभएर जुछे विचारका समेत पक्षपोषक थिए कमरेड दिमित्री, कमरेड चे र कमरेड भादिमहरू । जनगणतन्त्र कोरियाको राजधानी प्योङ्याङमै भएको थियो उनीहरूसँग हाम्रो भेट र त्यहीँ भएको थियो मस्को र लेनिनग्रादमा अक्टोबर क्रान्तिको शतवार्षिकी कार्यक्रम मनाउने सल्लाह ।

लेनिनग्रादको पुरानो नाम पेत्रोग्राद थियो र लेनिनले विद्रोह घोषणा गरेर सबैभन्दा पहिले मुक्त गराएको सहर भएकाले महान् विचारक र क्रान्तिकारी नेता लेनिनको सम्मानमा यसको नाम लेनिनग्राद राखिएको थियो । प्रतिक्रान्तिपछि फेरि शासकहरूले यो सहरको नाम सेन्टपिटर्सबर्गमै फर्काएका थिए । सेन्टपिटर्स कुनै समयमा रुसका शासक थिए र यो सहरको विकासमा उनको योगदान थियो ।

लेनिनग्रादमा मलाई परेको पहिलो प्रभाव यहाँको प्राचीनता, सुन्दरता र सरसफाइ थियो । प्योङ्याङ सहरमा जस्तै यहाँ पनि कतै फोहोर देखिएन । मानिसका पैतालाका डोब देखिएलान्जस्ता चिल्ला र सफा सडक थिए । सडकमा बिछ्याइएका ढुङ्गाहरू पनि पुछेर सफा पारिएका थिए । घरको बनोट पनि कलात्मक, चोक, गल्ली र सडककिनाराहरू कलात्मक, ठाउँठाउँमा सजाइएका स्तम्भहरू कलात्मक । मलाई फेरि लागिरह्यो- समाजवाद स्थापना भएको मुलुकमा विचार र विकाससँगै सिर्जनालाई पनि उत्तिकै स्थान दिइँदो रहेछ । त्यसैले त लेनिनगृहको नाम गोर्की हिल रह्यो होला । कुनै ठाउँको नाउँ जजिऱ्या पार्क, कुनै अस्त्रोभस्की, कुनै पुस्किन गाउँ र कुनै के रहेका होलान् । चित्र, मूर्ति, सालिक, कम्युनिस्ट पार्टीको हँसियाहथौडा अङ्कित झन्डा सबैले उत्तिकै स्थान पाएका थिए । कलाले ठाउँ पाएकाले कलाकारले पनि ठाउँ पाएका थिए वा पाएका छन् होला भन्ने बुझ्न कुनै कठिनाइ भएन । समाजवादमा जस्तो पुँजीवादमा कला र कलाकारले ठाउँ पाउन नसक्ने कुरा त स्वाभाविक नै हो किनकि समाजवादमा कला जीवनका लागि, परिवर्तन र क्रान्तिका लागि हुन्छ भने पुँजीवादमा कला कलाका लागि हुन्छ । हिजो समाजवादले देश, जनता, वर्ग, क्रान्ति र मुक्तिलाई साहित्य, कला र संस्कृतिको संरक्षण, प्रवर्द्धन र विकास गरेको थियो, आज पुँजीवादले आफ्नो सत्ता टिकाउनका लागि समाजवादी कला बेचिरहेको छ । उसले आफ्नो व्यापार गरेको भए पनि त्यसले केही हदसम्म हामीलाई लाभान्वित नै बनायो । हिङ नभए पनि हिङ बाँधेको टालोका रूपमा समाजवादी कलालाई पुँजीवादी कलासँग मिसमास पारेर भए पनि पुँजीवादले केही हदसम्म संरक्षण गरिदिएको रहेछ । विचार र व्यवस्था पुँजीवादी भए पनि समाजवादी कलाका केही पक्षहरूलाई जोगाएर राखिदिएकाले यो पक्षका लागि पुटिनलाई धन्यवाद दिइयो ।

एउटा गाडीमा चढेर हामी विशाल तालबाट बगेर लेनिनग्राद हुँदै अघि बढ्ने नोभा नदीकिनारमा पुग्यौँ । कमरेड दिमित्री, कमरेड अलेक्सीका साथमा अब अर्का कमरेड थपिएका थिए आन्द्रेई । उनी लेनिनग्रादका स्थायी बासिन्दा थिए । विचारले कहाँका मानिसलाई कहाँका मानिससँग भेट गराउँछ ! मस्कोका दिमित्री, भोल्गा नदीको किनारका आन्तोन र अलेक्सी, लेनिनग्रादका आन्द्रेई अनि कयौँ हजार किलोमिटर टाढा दक्षिणएसियाली मुलुक नेपालका हामी । हाम्राबीचमा एकैपटकको भेट नै आत्मीय भइहाल्थ्यो र हामी एकै छिनमा बर्सौंदेखि सँगै छौँजस्ता भइहाल्थ्यौँ किनकि हाम्रो विचार, भावना, वर्ग मिल्थ्यो । हामी संसारको जुनसुकै कुनाका भए पनि एउटै उद्देश्य साम्यवाद प्राप्तिको सङ्घर्षमा होमिएका सचेत, क्रान्तिकारी, मालेमावादीहरू थियौँ । भूगोल मात्र होइन, भाषा फरक थियो, सामाजिक संस्कृति, रीतिरिवाज र चालचलनहरू फरक थिए । एकपटक समाजवाद आइसकेर प्रतिक्रान्ति भएको मुलुक र जनवादी- समाजवादी क्रान्ति लड्दै गरेको मुलुकका बीचमा कयौँ कार्यनीतिक नारा र सङ्घर्षका आयामहरू फरकफरक थिए तर हाम्रो मूल ध्येय एउटै थियो- मार्क्सवाद-लेनिनवादको सही कार्यान्वयन, समाजवादका अनुभवहरूको केन्द्रीकरण, संसारका जनयुद्ध, विद्रोह र क्रान्तिहरूबाट शिक्षा लिँदै सामन्तवाद, पुँजीवाद र साम्राज्यवादविरुद्ध सङ्घर्ष /क्रान्ति र वैज्ञानिक समाजवाद हुँदै साम्यवाद प्राप्ति । यसका लागि सबैले मार्क्सवादका तीन सङ्घटक अङ्गहरू : दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको गहन अध्ययन र व्यवहारमा उतार्ने प्रतिबद्धता व्यक्त गर्दै एउटा खाका प्रस्तुत गर्नु थियो । सबैले आआफ्नो समाजका उत्पादनका साधनहरू, उत्पादक शक्तिहरू र उत्पादन सम्बन्ध व्यवहारबाटै बदल्ने प्रतिबद्धता व्यक्त गर्नु थियो र अन्तर्राष्ट्रिय गीत र सम्मेलनबाट त्यसलाई पारित गर्नु थियो । यसैका लागि त भेला भएका थियौँ हामी सबै महादेशका मालेमावादीहरू । त्यहाँ नयाँ दर्शनमाथि रस्साकस्सी गर्नेभन्दा मालेमालाई व्यवहारमा उतारेर नयाँ दर्शनशास्त्र प्रतिपादन गर्ने प्रतिबद्धता व्यक्त गर्नु थियो । सबैका आआफ्नो समाजका पीडाहरू थिए । कतिपय समाजमा अझै सामन्तवाद बाँकी थियो, कतिपय समाजमा अर्धऔपनिवेशिकता, नवऔपनिवेशिकताले गाँजेको थियो । कतिपय समाजमा पुँजीवादको चरमोत्कर्ष थियो र कतिपय मुलुकलाई पुँजीवादको साम्राज्यवाद र उत्तरसाम्राज्यवादमा भएको भ्रष्टीकरणले तहसनहस पारेको थियो । तर सबैको एउटै साझा उद्देश्य थियो- सबैखाले शोषण, दोहन, उत्पीडन र विभेदबाट मुक्तिका लागि विद्रोह, सङ्घर्ष, युद्ध र क्रान्ति र साम्यवाद स्थापना । यसका लागि सबैले आआफ्नो देश र समाजका सामाजिक विशेषता र विशिष्टताहरू बोकेका थिए र एकापसमा राखेर त्यसलाई समाधान गर्ने साझा निष्कर्षीबिन्दु निकाल्ने प्रतिबद्धता व्यक्त गरेका थिए महान् अक्टोबर क्रान्तिको शतवार्षिकी महासम्मेलनको अवसर पारेर ।

भेट हुनासाथ कमरेड आन्द्रेईले देखाएको निश्छल वर्गीय माया पेरू, नेदरल्यान्ड, बेलायत, बेल्जियम वा ब्राजिलका कम्युनिस्ट पार्टी/सङ्गठनका कमरेडहरूले देखाएको भन्दा पृथक थिएन, उस्तै गाढा थियो । एउटै दर्शनले बाँधेको थियो सबैलाई । कोही पनि दर्शन प्रतिपादन गरेर भेला हुन आएको थिएन, दर्शनले सबैलाई पछ्याइरहेको थियो । महान् अग्रजहरूले भनेझैँ दर्शन वस्तुगत सङ्घर्ष, उत्पादनका लागि सङ्घर्ष र वर्गसङ्घर्षबाट आउँछ । हामी सबैको उद्देश्य एउटै भएकाले हामी सबै एउटै दर्शनमा बाँधिएका थियौँ । सायद त्यसैले यस्तै अवस्थालाई ध्यानमा राखेर मार्क्सले भन्नुभएको थियो, 'सामाजिक जीवन मूलतः व्यावहारिक छ । सारा रहस्य जसले सिद्धान्तलाई रहस्यवादको गलत बाटोमा भड्काइदिन्छ । मानवव्यवहारमा र यस व्यवहारको संज्ञानमा आफ्नो बुद्धिसम्मत संज्ञान पाउँछ ।'

- मार्क्स, फायरबाखबारे निबन्ध ।

लेनिनले यसैलाई अगाडि भन्नुभयो, 'जीवन र अनुभवको दृष्टिकोण नै ज्ञानसिद्धान्तको पहिलो र मुख्य दृष्टिकोण हुनुपर्छ र यसले अनिवार्यतः असङ्ख्य प्राध्यापकीय मनगढन्ते पाण्डित्याइँहरूलाई बढार्दै भौतिकवादमै पुऱ्याउँछ ।'

- लेनिन, भौतिकवाद र अनुभवसिद्ध आलोचनावाद, १९०८ ।

यसै विषयलाई फ्रेडरिक एङ्गेल्सले यसरी दर्साउनुभएको थियो, 'छानबिन सिद्धान्तबाट सुरु हुँदैन, बरु छानबिनको अन्तिम परिणाम सिद्धान्त हुन्छ । यो सिद्धान्त प्रकृति तथा मानवइतिहासमा लागू हुँदैन, बरु त्यसबाट निकालिन्छ । प्रकृति तथा मानवजातिलाई यी सिद्धान्तअनुरूप हुन जरुरी छैन । यसको उल्टो सिद्धान्त त्यही हदसम्म ठीक हुन्छ जुन हदसम्म त्यो प्रकृति तथा मानवइतिहासअनुरूप हुन्छ ।'

- एङ्गेल्स, ड्युहरिङ मत खण्डन, १८७६-७८० ।

लेनिनग्रादमा उन्मुक्त भएर विचरण गर्न आरम्भ गर्नासाथ नोभा नदीको तटमा कमरेड आन्द्रेईलाई मैले तिमी त कमरेड चे ग्वेभाराजस्तै लाग्छौ भन्दा उनी हृदयकै भाषा बोलेझैँ खुसी भएर ऐक्यबद्धता दर्साउँदै हौसिएर तस्बिर खिच्न तयार भएका थिए । उनले आफूले मात्र तस्बिर खिचेनन्, सडक सफा गर्दै गरेका मजदुरहरूसँग पनि तस्बिर खिचिदिए । हामी संसारका सबै श्रमिक, उत्पीडितहरू एक हौँ । भलै यतिबेला हामी भ्रमण र अध्ययनमा छौँ र यहाँका मजदुरहरू काममा छन् । हामी पनि एक किसिमको मजदुरी गर्दागर्दै महासम्मेलनमा भाग लिन आएका हौँ । मजदुरहरू पनि हाम्रो उत्साहसँग उत्साह थप्दै तस्बिरका लागि तयार भए । फरक कति थियो भने यतिबेला उनीहरूका हातमा श्रम गर्ने औजार थिए, हाम्रो हातमा क्यामेरा र कलम ।

सिमसिम पानीका बीच कञ्चन नोभा नदीमा हाँसहरू रमाउँदै पौडी खेलिरहेका थिए । हाम्रो मन पनि ती हाँसहरूजस्तै स्वच्छन्द सतहमा तैरिरहेको थियो । फरक यत्ति थियो, हाँसहरू बन्धनमुक्त थिए, हामी बन्धनसहित । त्यही बन्धन तोड्ने प्रतिबद्धता जनाउने महासम्मेलनमा सहभागी हुन हामी संसाभरका मालेमावादीहरू मस्को हुँदै लेनिनग्रादमा भेला भएका थियौँ । यही लेनिनग्रादबाट कमरेड भ्लादिमिर इल्यिच लेनिनले एक सय वर्षअघि सम्पूर्ण बन्धनहरूबाट विद्रोह र मुक्तिको शङ्खघोष गर्नुभएको थियो र विजयपताका फहराउँदै करिब ६ हजार किलोमिटर यात्रा गरेर रुसको क्रेमलिनमा विद्रोहको झन्डा उचाल्नुभएको थियो । मस्कोलगायत त्यस भेगकै चालीसौँ लाख मजदुरले एकैसाथ लेनिनलाई सशस्त्र क्रान्तिमा साथ दिएका थिए । त्यही विद्रोह निरङ्कुश जार शासकलाई ढाल्न सफल भएको थियो र त्यो दिन अक्टोबर २५ (हाल नोभेम्बर ७) थियो । हामी नेपालमा अक्टोबर २५ मै अक्टोबर क्रान्तिको शतवार्षिकी समारोह मनाएर मस्को हुँदै पुगेका थियौँ लेनिनग्रादमा ।

नेपाल कम्युनिस्ट पार्टीले अक्टोबर क्रान्तिको शतवार्षिकी एक वर्षसम्म विभिन्न कार्यक्रमसाथ मनाएको थियो । अक्टोबर क्रान्ति शतवार्षिकी आरम्भ हुनासाथ नेकपाले एउटा महत्वपूर्ण विचारगोष्ठी आयोजना गरेको थियो काठमाडौँमा । नेकपाका महासचिव कमरेड विप्लव प्रमुख अतिथि रहनुभएको कार्यक्रममा नेकपा स्थायी समिति सदस्य एवम् अन्तर्राष्ट्रिय ब्युरो इन्चार्ज कमरेड धर्मेन्द्र बास्तोला 'कञ्चन' ले लेख्नुभएको अक्टोबर क्रान्तिको अन्तर्राष्ट्रिय आयामसम्बन्धी पुस्तिका नै वितरण गरिएको थियो । उक्त पुस्तिका प्रकाशन गर्ने र वितरण गर्ने जिम्मेवारी मैले नै पाएको थिएँ । समाजमा स्थापित व्यक्तित्वहरूको उपस्थिति र क्रियाशीलतामा शतवार्षिकी कार्यक्रम मनाउन आरम्भ गरिएको थियो । आरम्भमै म आफैँले शतवार्षिकी भव्य रूपमा सम्पन्न गराउने उद्देश्यले नौलो बिहानीलाई शतवार्षिकी विशेषाङ्कका रूपमा प्रकाशित गरेको थिएँ- पेरिस कम्युनदेखि एकीकृत जनक्रान्तिसम्म शीर्षक दिएर । नेकपाको ऐतिहासिक आठौँ महाधिवेशनमा थबाङमा उक्त विशेषाङ्कले राम्रो परिचर्चा र स्थान पाएको थियो । त्यसमा मार्क्स, एङ्गेल्स, लेनिन, स्टालिन, चारुदेखि विप्लव, धर्मेन्द्र बास्तोला, कृष्णदास श्रेष्ठ, मोहनविक्रम सिंहसम्मका रचना समेटिएका थिए ।

त्यसपछि अक्टोबर २५ मै नेकपाले काठमाडौँमा महासचिव विप्लवकै प्रमुख आतिथ्यमा भव्य सभा र प्रदर्शन आयोजना गरी अक्टोबर क्रान्तिको शतवार्षिकी मनायो । देशभरबाट दसौँ हजार नेता, कार्यकर्ता र जनता सहभागी उक्त कार्यक्रमले नेपालमा मालेमावादीहरू अर्को शिराबाट क्रान्तिको झन्डा बोकेर उठिरहेका छन् भन्ने सन्देश दिएको थियो । मैले लेनिनग्रादबाट संसारकै क्रान्तिकारीहरुलाई यो सन्देश प्रवाह गर्ने उत्कट अभिलासाका साथ ती सम्पूर्ण सामग्रीहरु ठूलो झोलामा बोकेर लगेको थिएँ- नेपालबाट हजारौँ किलोमिटर टाढा लेनिनग्रादसम्म । पार्टीको केन्द्रीय प्रकाशन रातो खबर साप्ताहिकले अक्टोबर क्रान्तिको शतवार्षिकीलाई विशेष स्थान दिएर मुख्य समाचार, लेख र सम्पादकीय नै प्रकाशन गरेको थियो ।

नेपालमा महान् अक्टोबर क्रान्तिको शतवार्षिकी नागरिक स्तरसम्म मनाइएको थियो । गीतकार शरद पौडेल, मुरारि न्यौपाने, सोनाम साथीलगायतको पहलमा काठमाडौँमा एक भव्य गोष्ठी आयोजना गरी एक वर्षसम्म अक्टोबर क्रान्तिको शतवार्षिकी मनाउने कार्यक्रम तय गरिएको थियो । उक्त कार्यक्रममा नागरिक समाजको नामबाट एउटा महत्वपूर्ण पर्चा पनि प्रकाशित भएको थियो । आफूलाई मार्क्सवादी-लेनिनवादी वा कम्युनिस्ट हौँ भन्ने पार्टीहरूलाई अक्टोबर क्रान्तिको मूल स्पिरिट स्वीकार गर्न लगाउन नागरिक समाजले एउटा प्रतिबद्धतापत्र पनि तयार पारेको थियो ।

त्यसै सिलसिलामा मैले अक्टोबर क्रान्तिको शतवार्षिकी समारोहमा रुसबाट आयोजकले निम्ता पठाएको र जाने तयारी गरेको सूचना पार्टीसमक्ष दिएको थिएँ । पार्टीले पनि कार्यक्रममा सहभागी हुन स्वीकृति दिएको थियो । विशेषगरी पार्टी स्थायी समिति सदस्य एवम् अन्तर्राष्ट्रिय ब्युरो इन्चार्ज कमरेड धर्मेन्द्र बास्तोला 'कञ्चन', पार्टीको सञ्चार ब्युरो प्रमुख तथा मेरो पार्टी ब्युरोका इन्चार्ज अनिल शर्मा 'विरही', म आबद्ध मोर्चा अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, नेपाल-कोरिया लेखक/पत्रकार मञ्चलगायत सम्बन्धित निकायको स्वीकृति र सन्देशसमेत लिएर म रुसतर्फ लागेको थिएँ । नागरिक समाजका अगुवा शरद पौडेलसँग टेलिफोनमा भएको वार्ताअनुसार त्यो पर्चा रुससम पुऱ्याउने जिम्मा मैले लिएको थिएँ ।

यही सन्देश र प्रतिबद्धतासहित हामी पुगेका थियौँ रुसको मस्को हुँदै लेनिनग्रादमा । लेनिनले विद्रोहको शङ्खघोष गरेको मैदानबाट आरम्भ गरेका थियौँ हामीले लेनिनग्रादको भ्रमण र अवलोकन । सुरुमा लेनिनको सालिक राखिएको यो मैदानको बीचमा यतिबेला अर्कै प्रतीकचिह्न राखिएको थियो । अरू के देखिरहेका थिए कुन्नि, म भने यो स्तम्भमा पनि लेनिन र स्टालिनकै सालिक रहेको अनुभूति गरिरहेको थिएँ । सायद प्रतिक्रान्तिकारी ख्रुस्चेब र उसका ब्रेजनेभ, एल्तसिन, गोर्वाचोभ, पुटिनलगायत पुँजीवादी चेलाहरूले लेनिनग्रादको यो मुख्य चोकबाट लेनिनको सालिक हटाएका थिए जसरी उनीहरूले साम्राज्यवादको निर्देशनमा स्टालिनग्रादबाट अपमानपूर्वक स्टालिनको सालिक हटाएका थिए । साम्राज्यवादका पिछलग्गुहरूले चोकहरूबाट लेनिन र स्टालिनका सालिकहरू हटाएका भए पनि, सहरको नाउँ लेनिनग्राद र स्टालिनग्रादलाई अरू नै नाम परिवर्तन गरे पनि संसारभरका श्रमजीवी, शोषित र उत्पीडितहरूको मानसपटल र हृदयका पानाहरूमा सजिएको लेनिन-स्टालिनका योगदान र विचारहरू ढाल्न, फाल्न र फेर्न सकेका थिएनन् । त्यसैले त भेला भएका थियौँ हामी लेनिन र स्टालिनका अनुयायीहरू । मार्क्सवाद-लेनिनवाद-माओवादलाई प्रथप्रदर्शक सिद्धान्त मान्नेहरू ।

हामीले जारकालीन जेल (हालको एक सङ्ग्रहालय) प्राङ्गणमा पुगेर लेनिनको ब्यानर फहरायौँ र लेनिनवाद हाम्रो हृदयबाट कहिल्यै नमेटिने उद्घोष गऱ्यौँ । यात्राकै क्रममा लेनिनग्रादमा भेटिएका थिए सेन्टपिटर्सबर्ग बूढा अर्थात् उनको सालिक । उनलाई ब्यानर देखाउँदै हामीले तस्बिर खिच्यौँ । लेनिनग्रादको नाममा प्रतिक्रान्ति ल्याएर पुँजीवादीहरूले सेन्टपिटर्सबर्ग नै राखेका थिए तर आमश्रमजीवीहरूको हृदयमा त्यो भूमिको नाम लेनिनग्राद र स्टालिनग्राद नै गुन्जिरहेको थियो । जारकालीन जेलका भित्ताहरूमा जारशाहीहरूले विद्रोहीहरूलाई दिने यातनाको शैली झल्किने आकृतिहरू कुँदेर राखिएको थियो । हामीले त्यसलाई पनि तस्बिरमा कैद गऱ्यौँ । कमरेड आन्द्रेई तत्कालीन जेल र हालको सङ्ग्रहालयका बारेमा सविस्तार वर्णन गरिरहेकै थिए । एउटा राम्रो पक्ष के थियो भने अन्तर्राष्ट्रिय महासम्मेलन आयोजक संस्थाका सबै पदाधिकारीहरू आआफ्नो क्षेत्रका अभ्यस्त पथप्रदर्शक (रुट गाइड) जस्ता लाग्थे । हामीलाई निम्ता गरिसकेपछि यसबारेमा उनीहरूले राम्रै तयारी गरेको अनुमान मेरो थियो । मस्कोमा हामीलाई कमरेड दिमित्री, आन्तोन, आलेक्सी, निकोलाई र अर्का एकजना कमरेड (दाह्रीवाल, लारिसाको निकटको साथी) ले पालैपालो पथप्रदर्शक र दोभासेको काम गरेका थिए भने लेनिनग्रादमा त्यही काम कमरेड आन्द्रेईले गरिरहेका थिए । उनीहरू हामीलाई धेरैभन्दा धेरै सूचना र मनोरञ्जन प्रदान गरेर यात्रालाई चौतर्फी रूपमा सफल बनाउन चाहन्थे । लेनिनग्रादका हरेक चोक, दरबार, सङ्ग्रहालय र सडकहरूमा हामी पहिलो दिनमै कति मोहित भयौँ भने हरेक दृश्यले हामीलाई लोभ्याइरहे र साथीहरू टाढा पुगिसक्दा पनि हामी धित मरुन्जेल ती दृश्यहरू हेर्नीतर लाग्यौँ । दृश्यहरू हृदय र तस्बिरमा कैद गर्दागर्दै हिमलाल पराजुली र म एकातिर पऱ्यौँ । अरू सबै कता हराए कता ! नयाँ गोलार्द्ध, नयाँ महादेश र नयाँ भूगोलमा हराएका हामी अनुमानले नै पहिला बसबाट ओर्लिएको स्थान अनुमान गर्दै त्यतितिर लाग्दै गर्दा केही पर सुरेन्द्र केसी, मोहनलाल घिसिङ र माणिक लामाको परिवारका सदस्यहरू अघि लागेको देख्यौँ । हामी साथी भेट्यौँ भनेर मक्ख पर्दै तस्बिर खिच्नतिर लाग्यौँ तर उनीहरू पनि मुख्य समूहबाट हराएर अनुमानकै भरमा गाडी खोज्दै नदी पार गरिरहेका रहेछन् । गाडीमा पुगेर हामीले चालकलाई हामी दुई समूह बाटो अल्मलिएर गाडीमा आइपुगेको खबर गरिदेऊ भन्यौँ । उनले फोन लगाएजस्तो पनि गरे तर सम्पर्क भएनछ क्यारे । झन्डै आधा घन्टापछि अर्को ठूलो समूह हामी हरायौँ भन्दै हस्याङफस्याङ गर्दै गाडीमा आइपुग्यो । हाम्रा प्रमुख प्रदर्शक कमरेड दिमित्री हामीलाई खोज्दै निकै टाढासम्म पुगेछन् । त्यहाँ आएकाहरूमध्ये कसैले दिमित्रीलाई खबर गरिदियो । त्यसको पनि झन्डै २० मिनेटपछि दिमित्री थकित भएर गाडीमा आइपुगे र माणिकका श्रीमती र बहिनीका कारण एउटा समूह हराएको भन्दै अलि आक्रोशित भए । त्यसलगत्तै फिनल्यान्ड जाने रेल स्टेसन घुम्दै हामीले खाना खायौँ । त्यो दिन दिमित्री अरू देशका कमरेडहरूलाई लिएर अर्कै कार्यक्रमतिर लागे । हामी भने लामो समयसम्म यता र उता गर्दै रेल स्टेसनवरिपरि घुमिरह्यौँ ।

त्यसपछि हामी गाडीबाट अलि पर पुग्यौँ । त्यहाँ लेनिनले सम्बोधन गर्दै गरेको विशाल सालिक थियो । हामीले त्याहाँ पनि ब्यानर प्रदर्शन गर्दै केही तस्बिर खिचायौँ । यतिबेला आलेक्सी हाम्रा अगुवा भएका थिए । सन्ध्याकालमा हामीलाई स्वागत गर्न आयोजक समितिकै कमरेड भादिम आइपुगे । उनले भूमिगत मेट्रो रेल स्टेसनका भित्ताहरूमा कुँदिएका ऐतिहासिक सालिक, चित्र र मूर्तिहरूबारे जानकारी गराए । कमरेड आलेक्सीले अङ्ग्रेजी भाषामा त्यसको परी लगाए । लेनिन र गोर्कीका सालिक र चित्रहरू रेल स्टेसनका भित्ताभरि देख्दा म गर्वले भरिएँ ।

बेलुका हामी बिहान सुटकेसहरू राखेकै होटेलमा फर्कियौँ । होटेल सञ्चालकहरूसँग तस्बिरहरू खिचेर स्मरणका लागि राखियो । होटेल व्यवस्थापनमा देखिएको ढिलासुस्तीका कारण होला, त्यस होटेलमा हामी सबैलाई ठाउँ पुगेन । अलि कमजोर व्यवस्थापनको अर्को होटेलमा ६ जनालाई लग्ने कुरा भयो । मैले कमजोर भए पनि नयाँ व्यवस्थापनको होटेलमै जानेमा सहमति जनाएँ । म, हिमलाल पराजुली, भीम भारती, सुरेश पोखेल, दुर्गा अधिकारी र कटुवाल अर्कोमा जान तयार भयौँ । एक दिनको तीन हजार रुपैयाँका दरले तिरेको होटेलको यो हाल देखेर साथीहरूबीच केही ठुस्काठुस्की पनि भयो । तर पाहुना भएर आइसकेपछि कयौँ ठाउँमा सम्झौता गर्नुपर्ने बाध्यता थियो । यस्तो सम्झौता हामीले मस्कोमा पनि गरिसकेका थियौँ । हामी मस्ती गर्न नभएर महान् लेनिन र स्टालिनका योगदानहरू, त्यहाँको विकास अनि नयाँ क्रान्तिको तयारीका लागि अनुभव र विचार आदानप्रदान गर्न विश्वभरबाट भेला भएका थियौँ । अलि व्यवस्थित कोठा गोपालजी, सुरेन्द्र केसी, श्रीमती र बहिनीलाई रोजिदिएर माणिक लामा पनि हामीसँगै हिँड्नुभयो । त्यो दिन म, माणिक र भीम भारती दुईवटा ओछ्यानमा मिलेर सुत्यौँ । सुरेश र हिमलाल एउटा कोठामा, दुर्गा र कटुवाल अर्कोमा मिलेर सुते । अक्टोबर क्रान्तिको शतवार्षिकी महासम्मेलनमा भाग लिन रुस आउन पाउनु हाम्रा लागि आफैँ गर्व र उच्च महत्वको कुरा थियो । हामी यात्रालाई भविष्यसँग गाँसेर उद्देश्यपूर्ण बनाउनेमा चिन्तित थियौँ । त्यसैले होटेलको असुविधाले हामीलाई बाधा पुऱ्याउन सकेन । एउटा रेस्टुरेन्टमा गएर आआफ्नो रुचिअनुसार खाना खायौँ र आआफ्नो बिस्तरामा सुत्नुअघि हामीले दिनभरको यात्रा, भ्रमण र अवलोकनको समीक्षा गऱ्यौँ । मेरो एउटै कुरामा जोड रह्यो- समाजवादकालमा निर्माण भएको कला र संरचना पुँजीवादले बिगार्न सकेको रहेनछ । र मैले यो पनि भनिरहेँ- बाघको छालामा स्यालको रजाइँ । कमरेड हिमलाल र भीम भारतीले मेरो कुरालाई समर्थन गरिरहनुभयो । मार्क्सवादलाई विकास गरेर क्रान्तिलाई नयाँ चरणमा उठाउने र निरङ्कुश जारशाहीलाई ध्वस्त पारेर रुसको कायापलट गर्ने लेनिनको सालिक ढाल्ने र सोभियत रुस निर्माण गरेर हिटलरी नाजीवादलाई धुलो चटाउँदै आधुनिक सोभियत रुस निर्माण गर्ने स्टालिनको सालिक र शव ढालेर घिसार्ने साम्राज्यवादका असली सन्तानहरूले चाहेर पनि रुसको विकास र निर्माणलाई भने भत्काउन सकेका रहेनछन् । रुसका हरेक पाइलापाइलामा लेनिन र स्टालिन थिए । लेनिन र स्टालिनलाई रुसको विचार, परिवर्तन र विकास निर्माणबाट हटाउनु भनेको वैचारिक मात्र होइन, भौतिक रूपमा पनि प्रतिक्रान्ति गर्नु हुन्थ्यो । समाजवादबाट पुँजीवादमा मात्र होइन, सामन्तवादमा फर्किनु हुन्थ्यो । त्यसैले त पुँजीवादले चाहेर पनि लेनिन र स्टालिनका योगदानहरूलाई समाप्त पार्न सकेको रहेनछ । नाजीवाद र साम्राज्यवादलाई चकनाचुर पारेको हुनाले दुष्टहरू स्टालिनलाई क्रूर भनेर बदनाम गराउने योजनामा छन् भने लेनिनको नाउँ लिने तर विचार त्याग्ने गरेर चीनमा माओलाई झैँ खोपीको देउता बनाउने षड्यन्त्रमा छन् तर रुस रहेसम्म यहाँबाट लेनिन र स्टालिनका योगदानहरू कसैले चाहेर पनि समाप्त पार्न सक्तैन । यहाँको माटो, ढुङ्गो, बाटो, इँट, भवन, भुइँ, पुलपुलेसा, स्तम्भ, रेल स्टेसनदेखि सबै ठाउँमा हँसियाहथौडा अङ्कित झन्डाहरू छन् । जमिनको सतहमा मात्र होइन, भूमिगत रेल स्टेसनका भित्ताहरूमा समेत लाखौँको सङ्ख्यामा कम्युनिस्ट पार्टीको झन्डा, मार्क्स र लेनिनका सालिक अनि वीरवीराङ्गनाहरूका सालिक र शिलालेखको अभिलेख छ । भूमिगत रेल स्टेसनहरूका भित्ताहरूबाट कम्युनिस्ट पार्टीको झन्डा, हँसियाहथौडा र मूर्ति तथा चित्रहरू हटाउनु भनेको त्यो सबै संरचना ध्वस्त बनाउनु हो । निर्माण भइसकेको भौतिक संरचना ध्वस्त बनाएर नयाँ बनाउन पुँजीवादको ह्याउ नै छैन । त्यसैले हामीले ती सबै संरचना हेरिसकेपछि भन्यौँ- एक सय वर्षअघि नै सहरमा जमिनभन्दा दुई सय मिटरमुनि रेल कुदाउने योजना कार्यान्वयन गर्नु समाजवादभन्दा अरू कसैको मस्तिष्क र बुताको कुरा थिएन । पुँजीवादमा त्यो सम्भव हुन्थ्यो भने जार शासकहरूले त्यो किन गर्न सकेनन् ? समाजवादपछि ख्रुस्चेब र उसका चेलाहरूबाट त्यो किन सम्भव भएन र आज एक सय वर्षपछि पनि पुटिनहरू त्यही संरचनामा आफूलाई बडो गौरवान्वित ठान्दै शासन गरिरहेछन् !

*... बाँकी अर्को अंकमा*

# सातौँ पार्टी पुनर्गठन दिवसका अवसरमा नेकपाद्वारा काठमाडौँका विभिन्न स्थानमा कोणसभा

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी काठमाडौँले सातौँ पार्टी पुनर्गठन दिवसका अवसरमा पोस्टरिङ र कोणसभा गरेको छ । पार्टीको केन्द्रीय कार्यक्रमअनुसार नेकपा काठमाडौँले पर्चा वितरण, पोस्टरिङ र कोणसभा आयोजना गरेको हो ।

प्रतिबन्ध र सरकारको कडा सुरक्षाप्रबन्धलाई छल्दै काठमाडौँका विभिन्न स्थानमा आइतबार कोणसभा आयोजना गरिएको नेकपा काठमाडौँले जनाएको छ । समाचारअनुसार आधा दर्जन स्थानमा कोणसभा सम्पन्न भएका छन् । कोणसभामा सम्बोधन गर्दै नेकपाका नेताहरूले सरकारको चर्को आलोचना गरेका थिए । प्रहरीले नेता-कार्यकर्तालाई गिरफ्तार गर्नुका साथै धरपकड जारी राखेको भन्दै उनीहरूले सरकारी गतिविधिको विरोध जनाएका थिए ।

न्युरोड र इन्द्रचोकमा दिउँसो कोणसभा आयोजना गरिएको थियो । उक्त सभालाई सङ्कल्पले सम्बोधन गरेका थिए ।

दक्षिणकाली गेटमा भएको कोणसभालाई निश्चल र मिसनले सम्बोधन गरेका थिए । प्रहरीले गिरफ्तारी र धरपकड जारी राखे नेकपा त्यसको प्रतिवाद गर्न बाध्य हुने चेतावनी उनीहरूले दिएको समाचारमा उल्लेख छ ।

त्यसैगरी काठमाडौँकै नैकाप र टोखामा पनि कोणसभा सम्पन्न भएको छ । नैकपाको कोणसभालाई ग्याल्बो र प्रतापले सम्बोधन गरेका थिए भने टोखाको कोणसभालाई विज्ञानले सम्बोधन गरेका थिए । वक्ताहरूले सरकारले भ्रष्टाचारी, कालोबजारीको संरक्षण गर्नुका साथै जनविरोधी कार्य जारी राखेको बताएका थिए । उनीहरूले एकीकृत जनक्रान्तिमार्फत स्थापना हुने वैज्ञानिक समाजवादले मात्र जनताको वास्तविक मुक्ति गर्ने बताउँदै आफ्नो पार्टीलाई साथ दिन आग्रह गरेको समाचारमा जनाइएको छ ।

### पार्टी पुनर्गठन दिवसको पूर्वसन्ध्यामा काठमाडौँमा जुलुस र कोणसभा

नेपाल कम्युनिस्ट पार्टी निकट जनगणतान्त्रिक सम्पर्क मञ्च समन्वय समितिले पार्टी पुनर्गठन दिवसको पूर्वसन्ध्यामा आइतबार काठमाडौँका विभिन्न ठाउँमा जुलुस तथा कोणसभा आयोजना गरेको समाचार प्राप्त भएको छ ।

केन्द्रीय कार्यक्रमअनुसार जनगणतान्त्रिक सम्पर्क मञ्चका केन्द्रीय सदस्य रिहाज प्रधानको नेतृत्वमा बालुवाटारमा जुलुस तथा कोणसभा सम्पन्न भएको थियो भने मञ्चका केन्द्रीय सदस्य निश्चल थापाको नेतृत्वमा बहरमहलमा कोणसभा सम्पन्न भएको थियो ।

यसैगरी काभ्रे-काठमाडौँ सम्पर्क मञ्चले खुमलटारमा भौतिक लामाको नेतृत्वमा जुलुस तथा कोणसभा सम्पन्न गरेको छ । रामेछाप-काठमाडौँ सम्पर्क मञ्चले बागबजारमा रुन्जन श्रेष्ठको नेतृत्वमा कोणसभा सम्पन्न गरेको छ भने गोरखा-काठमाडौँ सम्पर्क मञ्चले महाराजगन्जमा विवश श्रेष्ठको नेतृत्वमा कोणसभा सम्पन्न गरेको छ ।

यसैगरी इलाम-काठमाडौँ सम्पर्क मञ्चले चक्रपथमा सन्तोष गर्तौलाको नेतृत्वमा, खोटाङ-काठमाडौँ सम्पर्क मञ्चले निश्चल राईको नेतृत्वमा सुकेधारामा, सिन्धुली-काठमाडौँ सम्पर्क मञ्चले विकास रानाको नेतृत्वमा नयाँबानेश्वरमा, धादिङ-काठमाडौँ सम्पर्क मञ्चले प्रतीक अधिकारीको नेतृत्वमा लैनचौरमा र मकवानपुर-काठमाडौँ सम्पर्क मञ्चले दीपक मगरको नेतृत्वमा पुरानोबानेश्वरमा कोणसभा सम्पन्न गरेको मञ्चले जनाएको छ ।

### पार्टी पुनर्गठन दिवसमा नेकपा काठमाडौँद्वारा बेलुनको वर्षा र रक्तदान

सातौँ पार्टी पुनर्गठन दिवसका अवसरमा नेकपा काठमाडौँले राजधानीको मुटु सिंहदरबार आसपासबाट '७ औँ पार्टी पुनर्गठन दिवस भव्य रूपमा मनाऔँ' नारा अङ्कित ब्यानर र झन्डा झुन्ड्याउनुका साथै रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।

नेकपा काठमाडौँले पार्टी पुनर्गठन दिवसको खुसीयालीमा उत्सव मनाउने क्रममा बेलुनका गुच्छा बनाएर उडाएको समाचार पनि प्राप्त भएको छ । प्राप्त समाचारअनुसार दक्षिणकाली, टोखा, नागार्जुन र चन्द्रागिरि क्षेत्रमा पनि बेलुन वर्षा गराइएको छ ।

यस्तै पार्टी पुनर्गठन दिवसका अवसरमा आयोजित रक्तदान कार्यक्रम पार्टीका काठमाडौँ जिल्ला सेक्रेटरी पवनले रगत दिएपछि उद्घाटन गरिएको थियो । कार्यक्रममा सयजनाभन्दा बढी नेकपाका नेता-कार्यकर्ता र सर्वसाधारणले रक्तदान गरेका छन् ।

# जनगणतान्त्रिक सम्पर्क मञ्चले काठमाडौँ उपत्यकाभरि टाँस्यो नेकपाका पोस्टर

नेपाल कम्युनिस्ट पार्टी निकट जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समिति र विभिन्न जिल्लाका काठमाडौँ समन्वय समितिले उपत्यकाका विभिन्न ठाउँमा नेकपा सातौँ पुनर्गठन दिवसका ब्यानर र पोस्टर टाँसेका छन् ।

पार्टीको सातौँ पुनर्गठन दिवसका अवसरमा केन्द्रीय कार्यक्रमअन्तर्गत पार्टी निकट जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समिति र विभिन्न जिल्लाका काठमाडौँ समन्वय समितिले उपत्यकाका विभिन्न ठाउँमा ब्यानर र पोस्टर टाँसेका हुन् ।

प्राप्त समाचारअनुसार जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समितिले टोखा मालपोत कार्यालय गेट, बालुवाटार, धादिङ-काठमाडौँ जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चले गोंगबु, नयाँ बसपार्क, दैलेख-काठमाडौँ जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चले कपन, साततले, मिलनचोक, खोटाङ-काठमाडौँ जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चले चाबहिल, सुकेधारामा ब्यानर र पोस्टर टाँसेका हुन् ।

त्यसैगरी गोरखा-काठमाडौँ जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चले लगनखेल, इमाडोल, दार्चुला-काठमाडौँ जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चले ग्रिन्डल्यान्ड हरियाली बस्ती, धापासी, बझाङ-काठमाडौँ जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चले चक्रपथ बाँसबारी, इलाम-काठमाडौँ जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चले बसुन्धरा, रानीबारी, मकवानपुर-काठमाडौँ जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चले नयाँबानेश्वर, पुरानोबानेश्वर, अर्घाखाँची-काठमाडौँ जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चले जोरपाटी, मूलपानी, रामेछाप-काठमाडौँ जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चले जडीबुटी, काँडाघारी, काभ्रे-काठमाडौँ जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चले गोठाटार, सानोठिमी, बर्दिया-काठमाडौँ जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चले जाउलाखेल, पुल्चोकमा, बाँके-काठमाडौँ जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चले सामाखुसी, म्हैपी, सिराहा-काठमाडौँ जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चले कपन, सरस्वतीनगर, चुच्चेपाटी, नुवाकोट-काठमाडौँ जनगणतान्त्रिक जिलूला सम्पर्क मञ्चले महाराजगन्ज, पानीपोखरी, सिन्धुली-काठमाडौँ जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चले डिल्लीबजार, पुतलीसडक, दोलखा-काठमाडौँ जनगणतान्त्रिक जिल्ला सम्पर्क मञ्चले रत्नपार्क, खुलामञ्च र बागबजारमा ब्यानर टाङ्दै पोस्टर टाँसेको जानकारी जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समिति नेपालका केन्द्रीय सदस्य रिहाज प्रधानले दिएका छन् ।

# जनप्रगतिशील मोर्चा मलेसियाद्वारा जनक्रान्ति सफलताको शुभकामना

**काठमाडौँ** : मलेसियामा बस्ने नेपालीहरूको सङ्गठन जनप्रगतिशील मोर्चा मलेसियाले नेपालमा एकीकृत जनक्रान्ति सफलताको शुभकामनाका साथै नेकपाले मनाइरहेको सातौँ पार्टी पुनर्गठन दिवसप्रति ऐक्यबद्धता प्रकट गरेको छ । मोर्चाका अध्यक्ष विजय लामा र महासचिव तुफान सिंहले जारी गरेको विज्ञप्तिमा एकीकृत जनक्रान्तिमार्फत मात्र मुक्ति सम्भव रहेकाले त्यसको नेतृत्व गरिरहेको नेकपालाई सफलताको शुभकामना सन्देश दिइएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'आदरणीय न्यायप्रेमी जनसमुदायहरू, स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरू, ,बौद्धिक श्रमजीवीहरू, युवा तथा विद्यार्थीहरू, देशभक्त र राष्ट्रवादी शक्तिहरू, कर्मचारी, सेना, प्रहरी साथै नेपाल र नेपाली क्रान्तिलाई योगदान गर्नुहुने, माया गर्नुहुने सम्पूर्ण क्षेत्र तथा आफ्नो अमूल्य जीवन देश र जनताका लागि बलिदान गर्नुहुने महान् सहिदहरू, बेपत्ता, घाइते योद्धाहरू आजको यो विशेष दिनमा सम्पूर्णमा सम्मान तथा स्मरण गर्न चाहछौँ । मङ्सिर ८ गते नेपाली कम्युनिस्ट आन्दोलनको छुट्टै महत्व र विशेषता राख्ने दिन । नेपाली क्रान्तिमा देखापरेको विसर्जनवाद, संशोधनवाद, आत्मसमर्पणवाद र प्रतिक्रान्तिका विरुद्ध क. विप्लवको नेतृत्वमा पार्टी पुनर्गठन गरिएको दिन । ७ औँ पार्टी पुनर्गठनको दिवस । दशकौँदेखि जनताले गरेको बलिदान, त्याग र तपस्यालाई व्यक्तिगत स्वार्थ र निजी अस्तित्व अनि अमूक व्यक्तिको हितमा मात्र प्रयोग गरी हिजो क्रान्तिबाट प्राप्त भएका सम्पूर्ण उपलब्धिहरू दलालहरूलाई सुम्पँदै पुरानै, जनताबाट बहिष्कृत राज्यप्रणाली कायम गरियो र देश र जनताको अधिकारलाई विदेशी दलालहरू, भ्रष्टाचारी र राष्ट्रघातीहरूको इसारामा बन्धक बनाइएपछि नेपाली क्रान्तिलाई नयाँ ढङ्गले संश्लेषण गर्दै क्रान्तिको झन्डालाई सगरमाथाको उचाइमा फर्फराउँदै विभिन्न सङ्घर्ष र बलिदानको गौरवपूर्ण इतिहासबाट आज हाम्रो पार्टी नेकपा यहाँसम्म आइपुगेको छ ।'

विज्ञप्तिमा भनिएको छ, 'पार्टीको सङ्घर्ष, जनकारबाही र जनसमर्थनबाट आत्तिएको दलाल राज्यसत्ताले अहिले पनि संविधानको खिल्ली उडाउँदै राजनीतिक दलमाथि लगाएको प्रतिबन्ध साथै जनघात, राष्ट्रघात, भ्रष्टाचार, स्वास्थ्य, शिक्षा र दैनिक उपभोग्य वस्तुजस्ता जनताका नैसर्गिक अधिकारमाथिको लुटखसोट र ज्यादतीले देश र जनता आक्रान्त छन् । झनै कोभिड १९ को विश्वमहामारीले विश्वको अर्थतन्त्र नै खतरामा परेको बेला नेपालजस्तो गरिबीको रेखामुनि रहेको देशको जनधनको सुरक्षा झनै गम्भीर भइरहेको छ । तर यो दलाल राज्यव्यवस्थासँग कुनै पनि ठोस कार्यक्रम र योजनाहरू छैन । यो सबै समाधान गर्न दलाल राज्यव्यवस्थाबाट सम्भव पनि छैन । त्यसैले हाम्रो पार्टीले पुनर्गठन भएदेखि नै वैज्ञानिक समाजवादले मात्र राष्ट्र र जनताको समस्या हल गर्न सम्भव छ भन्दै वैज्ञानिक समाजवाद स्थापनाका लागि सङ्घर्ष गर्दै आएको विषय सर्वविदितै छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'जनताको सङ्घर्ष निरन्तर जारी छ । क्रान्तिमा भएको जनसमर्थन र युवाहरूको उत्साहजनक सहभागिताले क्रान्ति छिट्टै सम्पन्न हुनेछ । सम्पूर्ण नेपालीहरू एकजुट भाई अघि बढौँ । क्रान्तिलाई सफल पारौँ । अनि मात्र जनता अधिकारसम्पन्न हुनेछ । देश स्वाधीन र समुन्नत हुनुका साथै साथै एकीकृत जनक्रान्तिमार्फत क्रान्ति सम्भव छ भन्ने शुभकामना सन्देश आजको विशेष दिनमा व्यक्त गर्दछौँ ।'

# मेची–कोसीमा उत्सवमय रूपमा मनाइयो पार्टी पुनर्गठन दिवस

नेपाल कम्युनिस्ट पार्टीको ७ औँ पुनर्गठन दिवसका अवसरमा घोषित केन्द्रीय कार्यक्रमअनुसार 'एकीकृत जनक्रान्तिको झन्डालाई उच्च पारौँ ! ७ औँ पार्टी पुनर्गठन दिवस भव्य रूपमा मनाऔँ !' भन्ने नारासहित मेची-कोसी ब्युरोका विभिन्न जिल्लामा विभिन्न कार्यक्रमका साथ पार्टी पुनर्गठन दिवस भव्यतापूर्वक मनाइएको छ ।

नेकपाको मेची-कोसी ब्युरोले सरकारको गृह प्रशासनको ठाडो आदेशमा प्रहरीको हस्तक्षेप र सर्च अपरेसनलाई धज्जी उडाउँदै कार्यक्रम सम्पन्न भएको जनाएको छ । मेची-कोसी ब्युरोअन्तर्गत ताप्लेजुङमा अन्तरक्रिया, सुनसरीमा कोणसभा, तेह्रथुम, पाँचथर, इलाम र झापामा पनि विभिन्न कार्यक्रम गरी उत्साहपूर्वक पार्टी पुनर्गठन दिवस मनाइएको खबर प्राप्त भएको छ ।

कार्यक्रमस्थलमा ठूलो सङ्ख्यामा सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको टोली सर्च अपरेसनका लागि खटाइएको र मोरङको मिक्लाजुङ गाउँपालिकाका प्रत्येक घरघरमा सर्च अपरेसन गरी त्यस क्षेत्रका जनतालाई एकदमै तल्लो स्तरको अश्लील गालीगलौज गर्दै जनताका मोबाइल जफत गरी घरका अन्य सामग्रीसमेत यत्रतत्र छरपस्ट पारेर त्रास र आतङ्क उत्पन्न गरेको जनाइएको छ ।

उक्त क्षेत्रमा अहिले पनि सर्च अपरेसन जारी रहेको र नेपाल कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्ताका आफन्तको घरमा गएर समेत सङ्कटकाललाई बिर्साउने गरी त्रास उत्पन्न गरेको भन्दै नेकपाले आपत्ति जनाएको छ ।

# गिरफ्तार गरिएका नेता–कार्यकर्ता रिहा गर : आस्था

नेपाल कम्युनिस्ट पार्टीकी गण्डक ब्युरो इन्चार्ज आस्थाले प्रहरीद्वारा गिरफ्तार गरिएका आफ्नो पार्टीका नेता-कार्यकर्ताहरूलाई बिनासर्त रिहा गर्न आग्रह गरेकी छिन् ।

प्रहरीले लमजुङबाट गएराती नेकपाका जिल्ला इन्चार्जसहित छ जना नेता तथा कार्यकर्तालाई गिरफ्तार गरेपछि सोमबार प्रेस विज्ञप्ति जारी गर्दै आस्थाले शान्तिपूर्ण रूपमा वार्षिकोत्सव मनाउन लागिरहेको बेला प्रहरीले आफ्नो पार्टीका कार्यकर्ताहरूलाई गिरफ्तार गरेको बताएकी छिन् ।

आइतबार राती प्रहरी नेकपाका मनाङ-लमजुङ जिल्ला इन्चार्ज विवेक भण्डारी (आक्रोश), जिल्ला सेक्रेटरी भीमबहादुर गुरुङ 'गौरव', युवा सङ्गठनका केन्द्रीय सदस्य एवम् गण्डक ब्युरो संयोजक कुमार परियार, रवीन्द्र, नारायण कुँवर, दुर्गा मङ्गललगायतलाई प्रहरीले गिरफ्तार गरेको थियो । उनीहरूलाई सुतिरहेको अवस्थामा प्रहरीले लमजुङको दोर्दी गाउँपलिका ८ स्थित खिम्तीबाट गिरफ्तार गरेको आस्थाले बताएकी छिन् ।

# कैलाली कारागारमा सांस्कृतिक कार्यक्रम सम्पन्न

**धनगढी** : दीपावली तथा छठको बिदाइसहित कैलाली कारागारका कैदीबन्दीहरूले यही मङ्सिर ६ गते शनिबार शनिबारीय साहित्यिक तथा सांस्कृतिक कार्यक्रम सम्पन्न गरेका छन् ।

कारागारका नाइके कैलास पाल (गडरिया) को अध्यक्षता, रमेश बटालाको सञ्चालन र नृत देवकोटाको स्वागत मन्तव्यबाट सुरु गरिएको कार्यक्रमका प्रमुख अतिथि कैलाली कारागार 'बी' ब्लकका मूल नाइके जयबहादुर धानुक थिए भने अन्य अतिथिहरूमा नेकपाका केन्द्रीय सदस्य ओमप्रकाश पुन, विमल चौधरी, अनुप महरा, भुवन सिंह, जनक मिजार, प्रेमध्वज केसी, गङ्गाराम थारूलगायत थिए ।

कार्यक्रममा मूल रचना वाचक ओमप्रकाश पुन थिए भने अरू स्रष्टाहरूमा देवबहादुर विक, चन्द्रप्रकाश रिमाल, सुवर्ण श्रेष्ठ, जनक मिजार, सन्तोष नेपाली, शङ्कर थापा, गणेश रोकाया, गोरख रोकायालगायत थिए । कार्यक्रममा गीत, कविता, सायरी, चुट्किला र मुक्तकहरू सुनाइएको थियो । कारागारका पीडा, देशको समस्या, सामाजिक परिवेश र आफ्नै जीवनसम्बन्धी रचनाहरू वाचन गरिएको बताइएको छ । प्रस्तुत रचनाहरू सङ्कलन गरेर उत्कृष्ट रचना प्रकाशन गर्ने निर्णय पनि कैदीबन्दीहरूले गरेका छन् ।

दीपावली अर्थात् हिन्दुहरूको दोस्रो ठूलो चाड तिहार र छठ पर्वको धार्मिक तथा सामाजिक पक्षको महत्वका बारेमा नेकपाका केन्द्रीय सदस्य ओमप्रकाश पुन, कारागारका नाइके विमल चौधरी, मूल नाइके जयबहादुर धानुक, सुदूरपश्चिमका चर्चित कलाकार सुवर्ण श्रेष्ठले प्रकाश पारेका थिए । नियमित सिर्जनात्मक कार्यक्रम गर्दा कारागारको बसाइ सहज, मनोरञ्जनपूर्ण र कैदीबन्दीहरूको व्यक्तित्व विकास हुने कैदीबन्दी बताउँछन् ।

शनिबारीय साहित्यिक, सांस्कृतिक कार्यक्रम सुरु भएदेखि प्रायः सबै कैदीबन्दीको हातमा कापीकलम रहने गरेको र सिर्जनशीलता बढेको कैदीबन्दीको प्रतिक्रिया छ । यसले कारागारको अत्यासपूर्ण वातावरणलाई सहज बनाउँदै लगेको अनुभव कैदीबन्दीहरूको छ ।

कार्यक्रममा कारागारकै कैदी उदय रावतको हृदयाघातका कारण भएको मृत्यु, कारागारकै मेस सञ्चालक भुखाली चौधरीको आमाको मृत्युलगायत घटनाले तिहारमा भनेबमोजिम रचनात्मक कार्यक्रम गर्न नसकिएको र भैलो खेल्ने र सामूहिक खानपिन गर्ने कार्यक्रम सम्पन्न भएको समीक्षा पनि गरिएको थियो ।

# नेकपाले गऱ्यो जनयुद्धका प्राविधिक योद्धालाई सम्मान

**जाजरकोट** : नेपाल कम्युनिस्ट पार्टी जाजरकोटले जनयुद्धका इमानदार प्राविधिक योद्धा लालबहादुर विक 'तेजाब' लाई सम्मान गरेको छ ।

नेकपा भेरी नगरपालिकाद्वारा भेरी नगरपालिका वडा नम्बर १ डौरीकाँडामा आयोजित विशेष कार्यक्रममा महान् जनयुद्धमा उनले गरेको योगदानको कदर गर्दै सम्मान गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि भेरी नगरपालिकाका इन्चार्ज प्रेमबहादुर शाही, विशेष अतिथि अखिल (क्रान्तिकारी) जाजरकोटका अध्यक्ष विराजन शाही, अतिथि, प्रवासी नेपाली जनसमाज भारत हिमाञ्चल राज्य संयोजन समिति सदस्य जनकबहादुर थापा थिए । सम्मान कार्यक्रमको अध्यक्षता विशाल चनारा र सञ्चालन विक्रमले गरेका थिए ।

कार्यक्रमका अतिथि र वक्ताहरूले एकीकृत जनक्रान्तिको कार्यदिशामार्फत नेपालमा वैज्ञानिक समाजवाद स्थापना गरी आमनेपाली जनताको अधिकार सुनिश्चित गर्ने उद्घोष गरेको जाजरकोटबाट प्राप्त समाचारमा जनाइएको छ ।

# डोटीमा पार्टी पुनर्गठन दिवस मनाइयो

नेपाल कम्युनिस्ट पार्टी डोटीले आफ्नो ७ औँ पुनर्गठन दिवस भव्य तरिकाले मनाएको छ । जिल्लाको आदर्श गाउँपालिका गिरिचौकामा कार्यक्रम आयोजना गरिएको हो । दिवसका अवसरमा गिरिचौका माध्यमिक वियालयका विद्यार्थीलाई भुइँमा ओछ्याउन म्याट्रिस हस्तान्तरण गरिएको छ ।

साथै भलिबलमा प्रथम हुने टिमलाई रकमसहित पुरुस्कार प्रदान गरिएको छ । जिल्ला पार्टी कार्यालय सचिव विकल्पले सञ्चालन गरेको कार्यक्रम पार्टी सचिव कालु पाण्डेको स्वागतमा सम्पन्न भएको थियो । कार्यक्रमको अध्यक्षता गरेका जिल्ला पार्टी इन्चार्ज तर्कराजले सम्पूर्ण क्रान्तिकारी शक्ति, राजनीतिक दल, नगरिक समाज, बुद्धिजीवी, मानवअधिकारकर्मी, देशभक्त, राष्ट्रवादी शक्ति, सुरक्षाकर्मी, पत्रकार सबै लाई शुभकामना व्यक्त गरेका थिए ।

उनले निकै गम्भीर र सङ्कटमा रहेको अहिलेको पुँजीवाद र त्यसले सञ्चालन गरेको संसदीय व्यवस्था नै नेपाली जनताको दुस्मन भएकाले वैज्ञानिक समाजवादी व्यवस्था नै अहिलेको समाज सुहाउँदो व्यवस्था भएको बताए ।

# नारायणी ब्युरोमा पार्टी पुनर्गठन दिवस मनाइयो

पार्टी पुनर्गठन दिवसका अवसरमा नेकपा नारायणी ब्युरोले ब्युरोभरि विभिन्न कार्यक्रम सम्पन्न गरेको छ । चितवनको भरतपुर महानगरपालिकाका शुक्रनगर, चन्दनीको प्रेमबस्ती, क्यान्सर हस्पिटलवरिपरि, राप्ती नगरपालिकाको वीरेन्द्रचोक, टाँडीलगायत विभिन्न ठाउँमा १५० वटा झन्डा, १०५ वटा भित्तेलेखन र १७ वटा ब्यानर राखिएको नेकपा नारायणी ब्युरोले जनाएको छ ।

भरतपुर महानगरपालिकाको हाकिमचोक, राप्ती नगरपालिकाको वीरेन्द्रचोक, भण्डारा, लोथर र दुबीचौरसमेत चितवनका विभिन्न ठाउँमा चियापान कार्यक्रमका साथै शुभकामना आदानप्रदान गरी दीप प्रज्वलन कार्यक्रम गरिएको छ ।

बाराका सिमरा, निजगढ, जितपुर, कलैया लगायत विभिन्न ठाउँमा ३० वटा झन्डा, ५० वटा पोस्टर र १५ ठाउँमा भित्तेलेखन गरिएको र विभिन्न ठाउँमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न भएको जनाइएको छ ।

यस्तै धादिङ जिल्लाको सिम्लेलगायत विभिन्न ठाउँमा सातौँ पार्टी पुनर्गठन दिवसका अवसरमा विभिन्न कार्यक्रम सम्पन्न भएको समाचारमा जनाइएको छ ।

पर्सा जिल्लामा पनि सातौँ पार्टी पुनर्गठन दिवसका अवसरमा विभिन्न ठाउँमा विभिन्न कार्यक्रम गरिएको छ ।

यस्तै बकैया बागमती गाउँपलिकामा शुभकामना कार्यक्रम संयुक्त रूपमा सम्पन्न भएको छ । उक्त कार्यक्रममा गाउँपालिका इन्चार्जलगायत नेता-कार्यकर्ताको उपस्थिति रहेको थियो ।

यस्तै भीमफेदी गाउँपालिकामा पनि सातौँ पार्टी पुनर्गठन दिवसका अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमसहित दीप प्रज्वलन गरिएको छ । उक्त कार्यक्रममा पनि कार्यकर्ताको बाक्लो उपस्थिति रहेको बताइएको छ ।

यसैगरी मकवानपुरको मनहरी गाउँपालिका र राक्सिराङ गाउँपालिकाको सिमाना र राक्सिराङ गाउँपालिका वडा नं ६ मा ऱ्यालीसहित कोणसभा सम्पन्न गरी शुभकामना आदानप्रदान कार्यक्रमसमेत सम्पन्न गरेको छ । अन्य गाउँपालिकाले संयुक्त रुपमा ब्यानर, झन्डा र पोस्टर टाँसेका छन् ।

मनहरी गाउँपालिकामा दुई ठाउँमा गरी लगभग ३०० जनाको सहभागिता रहेको थियो । यस्तै मनहरी हाँडीखोला र मनहरी उपल्लो डाँडामा कार्यक्रम सम्पन्न भएका छन् । हाँडीखोलामा इन्चार्जको उपस्थिति रहेको थियो ।

## अखिल नेपाल महिला ...

छ, 'एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापना गर्ने महान् र गौरवपूर्ण अभियानमा उच्च साहसपूर्ण, सक्रिय र जुझारु भूमिका निर्वाह गर्दै आउनुभएकी हाम्रो जनप्रिय महिला सङ्गठन अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी केन्द्रीय सदस्य क. लक्ष्मी राईको ४५ वर्षको उमेरमा क्यान्सर रोगका कारण यही मिति २०७७ कात्तिक २६ गते निधन भएको खबरले हाम्रो सङ्गठन अत्यन्त मर्माहत र स्तब्ध बनेको छ । क्रान्तिप्रति उच्च विश्वास र प्रतिबद्धताका साथ महिला मुक्तिका लागि कटिबद्ध रही उहाँले देखाएको बाटोमा हाम्रो सङ्गठन निरन्तर अगाडि बढ्नेछ । उहाँको असामयिक निधनप्रति हाम्रो सङ्गठन अखिल नेपाल महिला सङ्घ क्रान्तिकारी केन्द्रीय समितिका तर्फबाट हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्न चाहन्छ ।'

वक्तव्यमा अगाडि भनिएको छ, 'उहाँको दुःखद् निधले हाम्रो सङ्गठन र नेपालको महिला आन्दोलनमा अपूरणीय क्षति पुगेको छ । हाम्रो सङ्गठन क. लक्ष्मी राईको बाटो र लक्ष्यलाई सफलताको शिखरसम्म पुऱ्याउन प्रतिबद्ध हुँदै लाग्नेछ । क्रान्तिको झन्डालाई निरन्तर फहराइरहने प्रतिबद्धता व्यक्त गर्दछ ।'

## बाजुरा कारागारभित्रै ...

ओली 'आदर्श' ले माओवादी जनयुद्धलाई प्रचण्डले शान्तिसम्झौतामा ल्याएर दलाल संसदीय व्यवस्थामा बेचेको बताए । अहिले माओवादीको केही हिस्सालाई प्रचण्डले एमालेमा बुझाएको पनि नेता आदर्शले बताए ।

प्रचण्ड माओवादी आन्दोलनको उद्देश्यविपरीत क्रान्तिविरुद्ध दलाल र गद्दार बनेर संशोधनवादी बाटोमा गएपछि मोहन वैद्य 'किरण' को नेतृत्वमा ठूलो हिस्साले विद्रोह गरेको र वैद्य नेतृत्वको पार्टीले पनि क्रान्ति आरम्भ गर्न नसकेपछि विप्लवको नेतृत्वमा २०७१ साल मङ्सिर ८ गते नेकपा गठन गरिएको उनले स्मरण गराए ।

कार्यक्रममा नेता आदर्शले केपी वली र प्रचण्डले कम्युनिस्ट पार्टीको नाम लिएर बदनाम गरेको पनि प्रस्ट पारे । लोकतान्त्रका नाममा सहिदहरूको रगत नसुक्दै र घाइतेहरूको घाउ निको नहुँदै केपी र प्रचण्डले आपराधिक क्रियाकलाप गरेको उनले बताए ।

उनले भने, 'अहिलेका नेता-कार्यकर्ताको आफ्नै जीवनकालमा भएका झापा विद्रोह, जनयुद्ध र ०६२-०६३ सालको जनआन्दोलनका प्रत्यक्षदर्शी हुँदाकै अवस्थामा केपी र प्रचण्डले कुनै पनि जनता, कार्यकर्ता र क्रान्तिकारीहरूलाई गिरफ्तार गर्ने, धरपकड गर्ने, गोली हान्ने, झूट्टा मुद्दा लगाउने, आर्थिक क्षति गर्नेजस्ता आपराधिक क्रियाकलाप गर्दै आएका छन् । त्यसको छानबिन र कारबाही एकीकृत जनक्रान्तिको मैदानबाट उचित समयमा आमजनसमुदायले गर्नेछन् र त्यसको नेतृत्व नेकपाले गर्नेछ ।'

केपी वलीले राष्ट्रघाती अमेरिकी परियोजना एमसीसी पारित गरेर गम्भीर राष्ट्रघात गर्ने षड्यन्त्र गरिरहेकाले उक्त षड्यन्त्रका विरुद्ध चनाखो भएर प्रतिरोधका लागि तयार रहन उनले देशभक्त नेपालीलाई आह्वान पनि गरे । भारतीय साम्राज्यज्यवादले नेपालका कालापानी, लिपुलेकदेखि लिम्पियाधुरासम्मको भूमि आफ्नो नक्सामा पार्दा पनि केपी वलीले त्यो भूमि फिर्ता गराउनुको साटो उल्टै भारतीय गुप्तचर संस्था 'रअ' का प्रमुख र भारतीय सेनाप्रमुखलाई नेपाल बोलाएर सम्मान र रहस्यमय भेटघाट गरी झन् ठूलो राष्ट्रघातको पगरी गुथेको नेता आदर्शले बताए । सीमा सुरक्षाका बारेमा केपी सरकार चुकेको पनि उनको भनाइ थियो । केपी र प्रचण्ड कम्युनिस्टका नाममा दलाल पुँजीवादका चाकर भएको नेता आदर्शले बताए ।

साम्राज्यवादी उत्पीडन र दलाल पुँजीवादी शोषणका विरुद्ध एकीकृत जनक्रान्तिको माध्यमबाट वैज्ञानिक समाजवादको प्राप्ति देश र श्रमिक जनताको मुक्तिको एक मात्र विकल्प भएकाले विभिन्न पार्टीमा छरिएर रहेका देशभक्त, क्रान्तिकारी, उत्पीडित वर्ग र समुदायलाई जनक्रान्तिमा लामबद्ध हुन नेता आदर्शले आह्वान गरे ।

कोरोना कहरले थलिएका जनतामाथि उल्टै कहर थोपरेर वली सरकारले राष्ट्रघातमाथि जनघात लादेको नेता आदर्शको भनाइ थियो । सबैखाले अन्याय र अत्याचारको अन्त्यको एक मात्र विकल्प जनक्रान्ति भएकाले त्यसका लागि क्रान्तिको मैदानमा रहेको नेकपामा लामबद्ध हुन उनले सबै तप्काका न्यायप्रेमीहरूलाई आह्वान पनि गरे । केपी वली र प्रचण्ड देश र जनताका नेता नभएर फासिवादी संसदीय व्यवस्था र दलाल पुँजीवादका मतियार भएकाले त्यसबाट विद्रोह गर्न उनले अपिल गरे ।

नेता आदर्शले कैदीबन्दीहरूको समस्याका विषयमा धारणा राख्दै सरकारले कैदीहरूमाथि ठूलो अपराध गरेको बताए । सरकारले दिएको प्रतिदिन ७ सय ग्राम चामल र ६० रुपैयाँले कुनै पनि हालतमा कैदीले जीवन चलाउन नसक्ने उनले बताए ।

देशभरका जेलहरूमा प्रशासनसँग मिलेर चौकीदार र नाइकेहरूले कैदीबन्दीहरूमाथि मानसिक, शारीरिक र आर्थिक यातना दिने र शोषण गर्ने गरेको उनको भनाइ थियो । जेलभित्रै शोषित तथा उत्पीडित कैदीबन्दीहरूका दुःखका कथा सुनाउँदै उनले आर्थिक शोषणमा परेका कैदीबन्दीहरूले आफन्त र घरपरिवारलाई टेलिफोन गर्दा नाइकेहरूले एक कलकै ५ रुपैयाँभन्दा बढी शुल्क लिएर ज्यादती गरेको बताए । बाजुरा जेलमा भने नेपाल टेलिकमबाट नेपाल टेलिकमकै नम्बरमा फोन गर्दा १ रुपैयाँ मात्रै शुल्क लाग्ने बनाइएको र आम्दानी सबै बन्दीहरूको साझा बनाइएको उनले बताए । यो नेपालको सबैभन्दा उत्कृष्ट काम भएको उनको भनाइ छ ।

त्यस्तै गम्भीर प्रकृतिका बिरामीलाई प्रत्येक जेलमा बेवास्ता गरिने गरेको उनले बताए । उनले भने, 'देशैभरिका कैदीबन्दी र थुनुवाको स्वास्थ्य अवस्था निकै कमजोर छ । अझ विकट जिल्लाका कैदीबन्दी वा थुनुवाहरूले सुविधाजनक अस्पताल नहुँदा निकै कष्टपूर्ण स्थितिमा बाँच्नुपरेको छ । यसतर्फ केपी वली सरकारले कुनै ध्यान दिएको छैन ।'

अम्मलाल थापा 'आशीष' को अध्यक्षतामा भएको पार्टी पुनर्गठन दिवस कार्यक्रममा केन्द्रीय सदस्य आदर्शका साथै धर्मराज सुनार, राजेशकुमार शाही 'आकाश', डबलबहादुर नेपाल, उदय कसेरा, विजय हमाल, कृष्णराज गिरीलगायतले एकापसमा शुभकामना साट्दै मन्तव्य राखेका थिए । डम्बरबहादुर सुनारको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको सञ्चालन गोरखराज गिरीले गरेको प्राप्त समाचारमा जनाइएको छ ।

## विकल्प र सुवर्णलाई ...

छ, 'मङ्सिर ८ गते पार्टीको सातौँ पुनर्गठन दिवसका उपलक्ष्यमा पार्टीको आयोजनामा हुने विभिन्न उत्सव कार्यक्रमहरूमा सरकारी प्रतिबन्धको बीचबाट उपस्थित भई गिरफ्तार हुँदै अगाडि बढ्ने सम्पूर्ण आमजनसमुदायप्रति नेपाली जनप्रगतिशील मोर्चा कतार हार्दिक आभार प्रकट गर्दछ । मङ्सिर ८ को कार्यक्रममा भौतिक रूपले मोर्चाका तर्फबाट उपस्थित हुन नसके पनि नेपाली जनप्रगतिशील मोर्चा कतार केन्द्रीय समिति उक्त वार्षिक उत्सव कार्यक्रमप्रति पूर्ण रूपले ऐक्यबद्धता जाहेर गर्दछ ।'

विज्ञप्तिमा भनिएको छ, 'विदेशमा रहेका लाखौँ नेपाली युवाहरूको हकहितका निमित्त ऐतिहासिक कदमहरू चाल्दै मजदुरहरूका बीचमा नङ र मासुको सम्बन्ध कायम गरी आइरहेको प्रगतिशील नेपालीहरूको साझा सङ्गठनका रूपमा नेपाली जनप्रगतिशील मोर्चा कतार स्थापित रहेको सर्वविदितै छ । यो सङ्गठनले देशभित्रका दलाल संसदीय पुँजीवादीहरूको भद्दा मार पनि खेपिरहेको छ । त्यसका बाबजुद युवाहरूलाई विदेश पलायन हुनबाट रोक्न भरमग्दुर प्रयत्नरत छ । देश परिवर्तनको कठिन आन्दोलनमा ज्यानको आहुति दिनुहुने ज्ञातअज्ञात सम्पूर्ण सहिदहरूप्राति मोर्चा परिवार हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । अपाङ्ग, घाइते र बेपत्ता योद्धाहरूमा हार्दिक सम्मान प्रकट गर्दछ ।'

विज्ञप्तिमा भनिएको छ, 'देशभित्र राष्ट्रियता र जनजीविकाको संदर्भ दयनीय अवस्थामा छ । आफूलाई कम्युनिस्ट र त्यसमा पनि समाजवादउन्मुख भन्न रुचाउने सरकार कथित दुई तिहाइको हवाला दिँदै दलाल पुँजीपतिहरूको फेरो समातेर निर्लज्ज तरिकाले जनताको शोषण गरिरहेको छ । अर्कोतिर राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई मालेमावादको विकसित वैचारिक आलोक एकीकृत जनक्रान्तिको कार्यदिशाद्वारा दलाल संसदीय पुँजीवादी व्यवस्थाका विरुद्ध वैज्ञानिक समाजवादको झन्डा उठाउँदै नेपाल कम्युनिस्ट पार्टी अगाडि बढिरहेको छ । आजको यो कठिन परिस्थितिमा महान् जनयुद्ध र तमाम मुक्तिकामी आन्दोलनले स्थापित गरेका मूल्य र मान्यताहरूको रक्षा र विकास गर्ने नैतिक अधिकार नेपाल कम्युनिस्ट पार्टीबाहेक अरू कसैलाई छैन । महान् तथा गौरवशाली पार्टीको वैज्ञानिक र वस्तुवादी संश्लेषणसहित २१ औँ शताब्दीको मौलिक जनक्रान्ति 'एकीकृत जनक्रान्ति' वैज्ञानिक मार्गनिर्देशन र वैज्ञानिक समाजवादी सत्ता स्थापनाको स्पष्ट उद्देश्यसहित अगाडि बढिरहेको छ ।'

## विकल्प र सुवर्णलाई ...

जिम्मेवार दलाल वली सरकार, थापा गृह प्रशासन र अपहरणकारी गिरोह हुने कुरा पार्टी स्पष्ट गर्दछ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'हाम्रो पार्टीको केन्द्रीय आर्थिक नीति र योजनाअन्तर्गत आर्थिक कार्यमा क्रियाशील अर्थ विभागका कमरेडद्वयलाई जबर्जस्ती चन्दा असुली र धम्कीको मिथ्या अभियोगको सरकारी खेतीमा उहाँहरूको राजनीतिक स्वतन्त्रता र मानवअधिकारको वली सरकारले घोर उल्लङ्घन गरेको छ । यसको जति निन्दा गरे पनि कमै हुन्छ ।'

विज्ञप्तिमा भनिएको छ, 'हाम्रो पार्टी कम्युनिस्ट पार्टी हो । यो देशमा दलाल पुँजीपति वर्गको राज्यसत्ता र वली सरकारले गर्ने राष्ट्रघात एवम् जनघातका विरुद्ध एकीकृत जनक्रान्तिमार्फत सङ्घर्ष गर्दै नेपाली समाजबाट यसको उन्मूलन गर्न निःस्वार्थ ज्यान हत्केलामा राखेर होमिएको पार्टी हो । हाम्रा नेता र कार्यकर्ता कमरेडहरू यो आदर्श र अभियानमा समर्पित छन् । महान् क्रान्तिका मान्छेहरूलाई निचतापूर्ण आक्षेप लगाउने, बदनाम गर्न कुचेष्टा गर्ने, झूट्टो मुद्दामा फसाउन अपराध गर्ने र शारीरिक तथा मानसिक यातना दिई कार्यकर्ताहरूको स्वास्थ्यमाथि खेलबाड गर्ने हर्कत गरियो भने उक्त कार्य पार्टीलाई कुनै पनि मूल्यमा स्वीकार्य हुनेछैन । त्यसको भागीदार अपराधमा संलग्न तत्वहरू भएरै छोड्ने कुरा पनि पार्टी स्पष्ट गर्दछ ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'चोरलाई चौतारो र साधुलाई शूली' गर्ने वली सरकार र यसको गृह प्रशासनका विरुद्ध विरोधमा उत्रन राजनीतिक पार्टी, मानवअधिकारवादी, जनवर्ग, बुद्धिजीवी, व्यापारीव्यवसायी, कर्मचारी, पत्रकारलगायत आम जनसमुदायहरूमा हाम्रो पार्टी विशेष अपिल गर्दछ ।'

## सातौँ पार्टी पुनर्गठन ...

विभिन्न प्रचारात्मक कार्यक्रमसहित शान्तिपूर्ण रूपमा सातौँ पार्टी पुनर्गठन दिवस मनाइरहेको बेला सरकारले जनतालाई आतङ्कित पार्दै प्रहरी परिचालन गरी गिरफ्तारी र धरपकड गरेको भन्दै चौतर्फी सरकारको आलोचना सुरु भएको छ ।

## ७ औं पार्टी पुनर्गठन ...

सम्बन्धविच्छेद गर्दै आन्दोलनको लालझन्डा पुनः उठाइएको दिन भएको हो । यो उत्सव जनताले आफ्नै सेना निर्माण गरेको ऐतिहासिक दिन पनि हो ।'

उनले महासचिव विप्लवको नेतृत्वमा पार्टी पुनर्गठन गरेर सातौँ वजार्षिक उत्सव मनाइहँदा पार्टीले प्रतिबन्ध, धरपकडजस्ता कठिनाइहरू झेल्दै आएको बताए । उनले पार्टी आन्दोलनमाथि दमन गर्न देशीविदेशी प्रतिक्रियावादी शक्तिहरू लागिपरे पनि पार्टीमाथि जनभरोसा बढ्दै आएकाले प्रतिक्रियावादी शक्तिहरू अत्तालिएको बताए ।

त्यस्तै जनपरिषद् रूपन्देही प्रमुख जीवनले भने, 'जनताको सत्ता प्रचण्ड-बाबुरामले विघटन गरे पनि हामीले पुनर्स्थापना गरेका छौँ । पार्टी पुनर्गठनको सातौँ वर्षगाँठ मनाइरहँदासम्म जनपरिषद्ले जनताको काम उल्लेखनीय रुपमा गर्दै आइरहेको छ । जनपरिषद्ले दलाल, माफिया, भ्रष्ट कमिसनखोर, समाज बिथोल्ने तत्वहरूलाई जनकारबाहीको नेतृत्व गर्दै आएको छ । यसले गर्दा दलालहरूको निद्रा सकिएको छ । हामीले जनताका वैरीहरूलाई कुनै हालतमा पनि कारबाही गरिछाड्नेछौँ ।'

कार्यक्रमको सञ्चालन युवा सङ्गठन नेपाल लुम्बिनी ब्युरो संयोजक विश्लेषणले गरेका थिए । कार्यक्रममा 'एकीकृत जनक्रान्ति जिन्दावाद ! ७ औँ पार्टी पुनर्गठन दिवस भव्य मनाऔँ, वीर सहिद लालसलाम !, दलाल, भ्रष्ट, माफियाहरू होसियार !, जनबिरोधी वली सरकार मुर्दावाद !' लगायत नारा लगाइएको थियो ।

यसैगरी नेपाल कम्युनिस्ट पार्टी कपिलवस्तुले पार्टीको सातौँ पुनर्गठन दिवस जिल्लाका विभिन्न स्थानहरूमा मनाएको छ ।

जिल्लाका विजयनगर गाउँपालिका, मायादेवी गाउँपालिका र बुद्धभूमि नगरपालिकाका विभिन्न स्थानमा जनप्रदर्शन गरिएको नेकपा कपिलवस्तुले जनाएको छ । जनप्रदर्शनलाई सम्बोधन गर्दै जिल्ला इन्चार्ज जुझारुले मङ्सिर ८ ऐतिहासिक वीरता, बलिदान र उत्सवको दिन भएकाले यो दिन क्रान्तिकारीहरूका लागि प्रेरणाको दिन भएको बताए । उनले दक्षिणपन्थी संशोधनवाद, आत्मसमर्पणवाद, अकर्मण्यतावादविरुद्ध सङ्घर्ष गर्दै नेकपा पुनर्गठन भएको दिन भएकाले श्रमिक वर्गका लागि उत्सवको दिन रहेको पनि बताए ।

जिल्लाका विभिन्न स्थानमा भएको जनप्रदर्शनलाई सम्बोधन गर्दै जिल्ला सेक्रेटरी शेरमान र मधेसी मुक्ति मोर्चा नेपालका केन्द्रीय अध्यक्ष सुनिल थारूले मङ्सिर ८ गते दलाल संसदीय व्यवस्थाविरुद्ध क्रान्तिको थालनी गरिएको दिन भएको बताए ।

जनप्रदर्शनमा विकल्प, क्रिपाल, सङ्घर्ष, पावेल, ममता, सन्देशलगायतले सम्बोधन गरेको समाचारमा उल्लेख छ ।

## दोलखामा नेकपाको सातौँ पार्टी पुनर्गठन दिवस कार्यक्रम भव्य

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टी दोलखाले सातौँ पार्टी पुनर्गठन दिवसका अवसरमा पोस्टरिङ र कोणसभा गरेको छ । पार्टीको केन्द्रीय कार्यक्रमअनुसार नेकपा दोलखाले पर्चा, पोस्टरिङ र कोणसभा सम्पन्न गरिएको जनाएको छ । जिल्लाका विभिन्न गाउँमा पार्टीको सातौँ पुनर्गठन दिवसको पोस्टर र ब्यानर टाँसेको जानकारी दोलखाबाट प्राप्त भएको छ ।

अधुरो क्रान्ति पूरा गर्ने उद्देश्यका साथ आत्मसमर्पणवादी र अवसरवादीहरूबाट छुट्टिएर क्रान्तिकारी पार्टी पुनर्गठन गरेको ७ वर्ष लागेको अवसरमा पार्टीको केन्द्रीय निर्देशनअनुसार पार्टी पुनर्गठन दिवसलाई भव्य र सभ्य रूपमा सफल पार्न प्रचारप्रसार तीव्र पारिएको नेकपा दोलखाले जनाएको छ । जिल्लाको कालिञ्चोक गाउँपालिका कार्यालयको गेटमा ब्यानर, झन्डा र पम्प्लेट टाँसिएको छ भने भीमपास्थित हुलाक कार्यालयको गेटमा ब्यानर, कालिञ्चोक स्कुल र गौरीशङ्कर बालगृहमा पम्प्लेट टाँसिएको छ ।

यसैक्रममा पार्टी पुनर्गठन दिवसका सन्दर्भमा दोलखा जिल्ला सेक्रेटरी करणले सम्पूर्ण शोषितपीडित श्रमिक नेपाली जनता र मजदुर वर्गलाई हार्दिक शुभकामना व्यक्त गरेका छन् ।

## सरकारको राष्ट्रघाती ...

२७ कात्तिकमा बसेको बैठकले मङ्सिर ७ गते काठमाडौँलगायत सातवटै प्रदेशमा विरोध प्रदर्शन गर्ने निर्णय गरेको थियो ।

राजनीतिक दलहरूले विवादित अमेरिकी परियोजना एमसीसीका साथै नेपालका विभिन्न सरकारद्वारा विभिन्न समयमा गरिएका राष्ट्रघाती सम्झौताको खारेजी, भारतले अतिक्रमण र कब्जा गर्दै आएको लिम्पियाधुरा-कालापानी-लिपुलेक, सुस्ता, महेशपुरलगायत भूभागमाथि नेपालको स्वामित्व कायम गर्ने, कोभिड १९ को रोकथाम, नियन्त्रण र निःशुल्क उपचार, बेरोजगार र विपन्न वर्गलाई खानालगायत न्यूनतम् सुविधा, रोजगारीको व्यवस्था, निःशुल्क शिक्षा र स्वास्थ्यको व्यवस्था, उखु किसानको बक्यौता रकम तुरुन्त दिलाउने विषयमा २२ राजनीतिक दलले कार्यगत एकता गर्दै संयुक्त रूपमा सङ्घर्ष गरिरहेका छन् ।

कार्यगत एकतामा सम्मिलित २२ राजनीतिक सङ्गठनहरूमा १. नेकपा (मसाल) २. नेकपा (क्रान्तिकारी माओवादी), ३. नेकपा (माले), ४. राष्ट्रिय जनमोर्चा, नेपाल, ५. देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल ६. नेपाल कम्युनिस्ट पार्टी, ७. नेकपा (माओवादी केन्द्र), ८. राष्ट्रिय जागरण मञ्च, ९. जनसमाजवादी पार्टी, १०. नेकपा (संयुक्त), ११. राष्ट्रिय जागरण परिषद्, नेपाल १२. वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, १३. नेकपा (बोल्सेबिक), १४. राष्ट्रवादी केन्द्र, नेपाल, १५. एमसीसी खारेज अभियान, १६. पुष्पलाल अध्ययन समाज, १७. सर्वहारा कम्युनिस्ट पार्टी (माओवादी), १८. मार्क्सवादी एकता अभियान, १९. नेकपा (मार्क्सवादी), २०. नेकपा मार्क्सवादी (पुष्पलाल), २१. ने.क.पा. (माओवादी) र समाजवादी राष्ट्रिय मञ्च, नेपाल रहेका छन् ।

## दलाल सत्ताविरुद्ध...

कोरोनापछिको देशको अवस्था एउटा राम्रो उदाहरण भएको बताएका छन् । विप्लवले भनेका छन्, 'जनता कोरोनाले आक्रान्त छन् तर दलालहरू औषधीमा समेत व्यापार गरिरहेका छन्, पुँजीवादी व्यवस्था र सत्ताको चरित्र यस्तै हुन्छ ।'

सरकारी पार्टीभित्रको अन्तरविरोध र समसामयिक राजनीतिक विषयमा महासचिव विप्लवले विचार र दृष्टिकोणमा केन्द्रित भएर भन्दा पनि अस्तित्व सङ्कटको बाध्यात्मक अवस्थामा एमाले र एमाओवादीबीच एकता भएको भन्दै यसको केन्द्रमा जनतालाई सेवा गर्ने भन्दा पनि आफ्नै सत्तास्वार्थ मुख्य भएको बताएका छन् । महासचिव विप्लवले भनेका छन्, 'त्यहाँ केवल स्वार्थ र अवसरको खोजी मात्र थियो । यो राज्यकै चरित्र हो । यो कुनै नयाँ कुरा होइन, हुने नै थियो र भयो । कम्युनिस्टहरू मिलेको हेर्ने जनताको चाहना थियो तर जनतामा एउटा निराशा भयो । यसले संसदीय व्यवस्था र दलाल पुँजीवादी व्यवस्थाले जनताको हितमा काम गर्दो रहेनछ भन्ने पुष्टि भएको छ र आज केही मानिसहरूले नयाँ पार्टीका विषयमा कुरा गरे पनि पुरानो शक्ति पनि इतिहासमा टेस्टेड भैसकेको छ ।'

वर्तमान सरकारको विकल्प वा सत्ताकै विकल्पको बहस उठिरहेको बेला नेकपाका महासचिव विप्लवले जनता यो व्यवस्थाको विकल्पको बहसमा उत्रिएको र जनताको सबैभन्दा उत्कृष्ट व्यवस्था वैज्ञानिक समाजवाद नै भएको कुरामा जोड दिएका छन् । समाजवादमा सर्वहारा श्रमजीवी, मध्यमवर्ग, राष्ट्रिय उद्योगी-व्यवसायी सबैको संरक्षण हुने उनको भनाइ छ । उनले भनेका छन्, 'माओले लागू गरेका नियमहरूले चीन आधुनिक युगमा प्रवेश गरेको छ । हाम्रो पार्टीले स्थापना गर्ने वैज्ञानिक समाजवादी व्यवस्थामा राष्ट्रिय पुँजीको संरक्षण हुन्छ ।'

एमसीसीका पक्षधरहरूले यसलाई लागू गर्न विज्ञापन गरिरहेको भन्दै महासचिव विप्लवले अमेरिकी सैन्य रणनीतिलाई मद्दत गर्ने र चीनलाई घेरा हाल्न ल्याइएको अमेरिकी सैनिक रणनीति एमसीसी लागू भएमा नेपालको स्वाधीनता हनन हुने देश पराधीन हुने प्रस्ट पारेका छन् ।

क्रान्तिकारी ध्रुवीकरणका बारेमा महासचिव विप्लवले २१ दलीय मोर्चाल राष्ट्रियता, जनतन्त्र र जनजीविकाका पक्षमा आवाज उठाइरहेका कारण आफ्नो पार्टीको समर्थन रहेको भन्दै हतारमा पार्टी एकता गरेर सरकारी पार्टीको जस्तै हालतमा पुग्नुभन्दा राष्ट्र र देशको भविष्यका लागि जुनसुकै ठाउँमा रहे पनि विचार मिल्नेहरूसँगको सहकार्य अघि बढाउने कार्यगत एकता गर्ने र कैयौँसँग पार्टी एकताका लागि पनि छलफल भैरहेको बताएका छन् ।

पार्टीको आन्तरिक अवस्थाका बारेमा कुरा गर्दै महासचिव विप्लवले कैयौँ साथीहरू सहिद भएको, कैयौँ साथीहरू जेल र हिरासत भोगिरहेको र कैयौँ साथीहरूले कठोर खालका यातना पाइरहेको बेला कतिपय पात्रहरू आत्तिएर आन्दोलनबाट भागेको बताएका छन् । क्रान्ति भनेको सबैको दायित्व भएको भन्दै उनले क्रान्तिकारीहरू जहाँ, जस्तो अवस्थामा रहे पनि क्रान्तिका पक्षमा काम गर्दै गए सबै मिल्दै जाने भएकाले कसैलाई पनि नआत्तिन आग्रह गरेका छन् ।

जनताका सबै समस्या हल भए मात्र क्रान्ति सकिने भन्दै उनले केही साथीलाई मार्दै र जेल-हिरासतमा राख्दैमा क्रान्ति नसकिने बताए । सरकारले आफ्नो पार्टीलाई सीके राउतजस्तो बनाउने ध्वाँस दिएको भन्दै उनले जनता र देशको हितलाई केन्द्रमा राखेर मात्रै वार्ता हुने धारणा राखेका छन् । उनले भनेका छन्, 'सरकार इमानदार थियो तर नेकपाको लिडरसिपले मानेन भन्ने छ नि, यो भ्रामक कुरा हो । हामी राष्ट्रको हितलाई केन्द्रमा राखेर छलफल गर्न सधैँ तयार छौँ र तर सरकार वार्तालाई षड्यन्त्रका रूपमा प्रयोग गर्न खोजेको छ ।'

आगामी कार्यक्रमका बारेमा महासचिव विप्लवले आफ्नो पार्टीले कोरोना महामारीपछिको समयमा मानवीय संवेदनालाई समेत ध्यानमा राखेर एकपक्षीय रूपमा कारबाहीहरू रोकेको भए पनि वली सरकारले यस कुरालाई कमजोरीका रूपमा लिएको, औषधी र राहत बोकेर जनतामा गएका आफ्नो पार्टीका नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गर्ने काम गरेको भन्दै आफूहरूले त्यसको प्रतिरोध गर्ने निर्णय गरेको बताएका छन् । उनले भनेका छन्, 'हाम्रो पार्टीले युद्ध होइन, क्रान्ति गरिरहेको छ ।

महासचिव विप्लवले जनतालाई जागरुक बनाउने, सरकारको प्रतिरोध गर्ने, मित्रशक्तिहरूसँग सहकार्य गर्दै राज्यको रूपान्तरणतिर जाने नै आफ्नो पार्टीको आगामी मुख्य कार्यभार रहेको बताएका छन् । वर्तमान समयमा नेपाल अग्रगमन र प्रतिगमनको विशिष्ट मोडमा आएर उभिएको बेलामा जनतालाई चाहिएको अधिकार र स्वाधीनताका लागि आफ्नो पार्टी लडिरहेको र आमूल परिवर्तनका पक्षमा लडेर देशलाई स्वाधीन बनाउनसक्ने अवस्था रहेकाले हातेमालो गर्दै अघि बढ्न महासचिव विप्लवले देशभक्त, क्रान्तिकारी र राष्ट्रवादीहरुलाई आह्वान पनि गरेका छन् ।

***(अन्तर्वार्ताको पूर्ण अंश अर्को अङ्कमा पढ्नुहोला- सम्पादक ।)***

## जनमुक्ति सेनाको ..

गर्दै क्रान्तिकै बाटोबाट सहिदको सपना पूरा हुने बताए । पार्टी पुनर्गठन गरेकै कारण सिङ्गो कम्युनिस्ट आन्दोलनमा क्रान्तिकारी विचारको रक्षा र एकीकृत जनक्रान्तिको विकास भएकाले उत्पीडित जनसमुदायमा आशा र विश्वास सञ्चार भएको र क्रान्तिको झन्डा उचो रहेको उनले उल्लेख गरे ।

अहिले दलाल पुँजीवादी सत्ता कि वैज्ञानिक समाजवादी सत्ता भन्नेमा बहस हुँदै गएको र पुँजीवादी व्यवस्था तन्त्रहरूको व्यवस्था भएकाले अन्ततः वैज्ञानिक समाजवाद विजयी हुने उनले ठोकुवा गरे । सरकारी नेकपाको अन्तरकलहलाई लुटिखानेहरूका बीचको प्रतिस्पर्धाको संज्ञा दिँदै महासचिव विप्लवले जनताले सक्कली कि नक्कली कम्युनिस्ट पहिचान गरिसकेको बताए । उनले हाम्रोजस्तो अनुशासित जनमुक्ति सेना भएको पार्टीले मात्र क्रान्ति जित्न सक्ने भन्दै आउँदो पार्टी पुनर्गठन दिवस हजारौँ जनमुक्ति सेनाका टुकडीसहित मनाउने घोषणा गरे ।

## विशेष जिल्लामा पार्टी पुनर्गठन दिवस मनाइयो

नेपाल कम्युनिस्ट पार्टी विशेष जिल्लाले पार्टी पुनर्गठन दिवसका अवसरमा जनसभा आयोजना गरेको छ। विशेष जिल्ला इन्चार्ज तथा नारायणी ब्युरो सदस्य पेमाको प्रमुख आथित्यमा सभा सुरु हुनुभन्दा पहिले र्‍याली सम्पन्न भएको थियो । राक्सिराङ गाउँपालिका इन्चार्ज वसन्तको सञ्चालनमा भएको कार्यक्रमको अध्यक्षता विशेष जिल्लाका सत्ताप्रमुख वीरबहादुरले गरेका थिए । यस्तै अथितिहरूमा शीतल, धावालगायत इन्चार्जहरू थिए।

पार्टी पुनर्गठन दिवसका अवसरमा विशेष जिल्लाभरि पम्प्लेट, पोस्टर र झन्डा-ब्यानरहरू टाँसिएको र यसलाई जनसहभागितासहित उत्सवका रूपमा मनाइएको जानकारी नेकपा विशेष जिल्ला समितिले दिएको छ।

## सिन्धुलीमा पार्टी पुनर्गठन दिवस मनाइयो

सातौँ पार्टी पुनर्गठन दिवस सिन्धुलीमा भव्य तथा सानदार रूपमा मनाइएको समाचार प्राप्त भएको छ । सिन्धुलीमा भएको कार्यक्रममा पार्टी जनकपुर ब्युरो इन्चार्ज सन्देशको प्रमुख आतिथ्य, सुशील, गोपाल र तीर्थको उपस्थिति, सहिद परिवारलगायत अन्य नेता, पार्टी कार्यकर्ता तथा जनताको उल्लेखनीय सहभागिता रहेको बताइएको छ।

कार्यक्रममा प्रमुख अतिथिलगायत अन्य अतिथिहरूले पार्टी पुनर्गठनका विषयमा भनाइहरू राखेका थिए। सहिद परिवार र जनतासँग खुसी साटासाट गर्दै कार्यक्रम सम्पन्न भएको र यसअघि जिल्लाभरि नै ब्यानर, पर्चा तथा पम्प्लेट टाँस्नुका साथै ठाउँठाउँबाट र्‍याली निकालिएको नेकपा सिन्धुलीले जनाएको छ।

## भन्सार विभागको अनुरोध

**चोरी पैठारी वा निकासी गरेको वा त्यस्ता मालवस्तुको ओसार पसार गरी राजश्व छली गरेको जानकारी सूचना वा उजुरी भएमा उक्त सूचना वा जानकारी तपसिलको ठेगानामा उपलब्ध गराई चोरी निकासी, पैठारी नियन्त्रणमा सहयोग पुऱ्याउनुहुन सम्बन्धित सबैमा अनुरोध छ। साथै यस्तो सूचना वा जानकारी दिने व्यक्तिको नाम र ठेगाना गोप्य रहनेछ र सूचना वा जानकारी दिने व्यक्तिलाई कानुन बमोजिम पुरस्कृति गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।**

नेपाल सरकार
अर्थ मन्त्रालय
**भन्सार विभाग**
त्रिपुरेश्वर, काठमाडौं
टेलिफोन नं. ०१ ४११७७२१८, ४११७२२३, ४११७२२९
इमेल : prasasan.customs@gmail.com

## "अफ्रिकन स्वाइन फिभर" रोग बारे जानकारी

अफ्रिकन स्वाइन फिभर बंगुर, सुंगुर र बँदेलहरूमा भाइरसबाट लाग्ने महामारी रोग हो। यो रोग हालसम्म नेपालमा देखा परेको छैन। भारतको आसाम प्रदेश र चीनमा समेत यो रोग देखिइसकेको हुँदा नेपाल उच्च जोखिममा रहेको छ।

**मुख्य लक्षणहरू:**

- झोक्राउने र दानापानी खान छोड्ने
- एकै ठाउँमा थुप्रिएर बस्ने
- कानका टुप्पाहरूमा रगत जमेका धब्बाहरू देखिने
- शरीरमा नीलडामहरु देखिने
- नाकबाट फिंज निकाल्ने
- दिसामा रगत देखिने

त्यस्तै उच्च ज्वरो आउने (१०४ डिग्री फरेनहाइट भन्दा माथि), सास फेर्न गाह्रो हुने र एकैपटकमा धेरै संख्यामा (१०० प्रतिशतसम्म) बंगुर, सुंगुर र बँदेलहरू मर्न सक्छन्। तर माथिका जस्तै लक्षणहरू बङ्गुरको हैजा लगायतका अन्य रोगहरूमा पनि देखिने हुँदा प्रयोगशाला परीक्षण नगरी रोग यकिन गर्न सकिदैँन। त्यसकारण बंगुर, सुंगुर र बदेल मरेमा वा मरेको थाहा भएमा नजिकको पशु सेवा शाखा, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पशु क्वारेन्टाईन चेक पोष्ट वा पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा यथाशीघ्र खबर गर्नुहोस्।

**रोग सर्ने मुख्य तरिकाहरु**

- संक्रमित बंगुर, सुंगुर र बंदेल बीच प्रत्यक्ष सम्पर्कबाट
- रोगी पशुको र्‍याल, रगत, मलमुत्र, मासु वा यिनीहरुको लसपसमा आएका दानापानी लगायतका सामग्री मार्फत
- रोगी बंगुर, सुंगुर र बंदेलको ओसार पसार र किनबेच मार्फत
- संक्रमित खोरमा गएको मानिसहरुको कपडा, जुत्ता, चप्पल आदि मार्फत

**रोकथाम**

हालसम्म यो रोग विरुद्ध औषधि तथा खोप समेत बनेको छैन। त्यसकारण जैविक सुरक्षाका उपायहरू अपनाई रोकथाम गर्नु एक मात्र उत्तम विकल्प हो। यस रोगको रोकथामका लागि निम्न उपायहरु अपनाऔं।

- बंगुर, सुंगुर र बँदेलको खोरमा मानिसहरुको अनावश्यक आवत जावत नगरौं।
- होटल, रेष्टुरेन्टबाट फालिएका खानेकुरा बंगुर, सुंगुर र बँदेललाई राम्रोसँग पकाएर मात्र खुवाऔं।
- बंगुर, सुंगुर र बँदेल थुनेर मात्र पालौं।
- घरपालुवा बंगुर र सुंगुरलाई जंगली बदेलसँग सम्पर्क हुन नदिऔं।
- रोगी बंगुर, सुंगुर र बँदेलको मासु, सुकुटी तथा वातावरणमा भाइरस लामो समयसम्म बाँच्ने भएकोले मरेका बंगुर, सुंगुर र बँदेललाई गहिरो खाडल खनी गाडौं।
- अन्य बथानबाट ल्याइएका बंगुर, सुंगुर र बँदेललाई २१ दिन पछिमात्र आफ्नो बथानमा मिसाऔं।

***थप जानकारीको लागि पशु सेवा विभाग हरिहरभवनको सम्पर्क नम्बर महामारी रोग नियन्त्रण तथा व्यवस्थापन शाखाको सम्पर्क नम्बर टोल फ्रि नम्बरमा सम्पर्क गरौं।***

नेपाल सरकार
**कृषि तथा पशुपंक्षी विकास मन्त्रालय**
**पशु विभाग**
हरिहर भवन, ललितपुर

# नेकपाको सातौँ पुनर्गठन दिवसका अवसरमा विभिन्न कार्यक्रम

**काठमाडौँ** : नेकपाको सातौँ पुनर्गठन दिवसका क्रममा आइतबार देशभर पोस्टरिङ गरिएको छ। प्राप्त समाचारअनुसार नेकपा दोलखाले जिल्लाभर पम्प्लेट,

ब्यानर र झन्डासहित विभिन्न ठाउँमा प्रचारप्रसार गरेको छ। दोलखाको कालिञ्चोक गाउँपालिकाको कार्यालय सुनखानीमा रहेको कार्यालयको गेटमा ब्यानर, झन्डा र पम्प्लेट टाँसिएको छ। त्यस्तै भीनपास्थित हुलाक कार्यालयको गेटमा ब्यानर, कालिञ्चोक स्कुल र गौरीशङ्कर बालगृहमा मा पम्पलेट टाँसिएको छ।

यसैक्रममा पार्टी पुनर्गठन दिवसका सन्दर्भमा प्रदर्शन तथा कोणसभाहरू पनि सम्पन्न भएका छन्।

अखिल क्रान्तिकारी सीटीईभीटी जिल्ला र पूर्वाञ्चल उपत्यकाको नेतृत्वमा काठमाडौँमा प्रदर्शन र कोणसभा सम्पन्न भएका छन्। सीटीईभीटी संयोजक डीबी चन्दको सञ्चालन र पूर्वाञ्चल क्षेसस संयोजक लोकेन्द्र सार्कीले मन्तव्य तथा शुभकामना दिएका थिए।

त्यस्तै काठमाडौँ जिल्लामा सम्पन्न कार्यक्रममा जिल्ला अध्यक्ष गोविन्द बिष्टले सञ्चालन तथा सङ्गठनका इन्चार्ज मदन चन्दले मन्तव्य राखेका थिए। ललितपुर जिल्ला र क्याम्पस जिल्लाको आयोजनामा ललितपुरको ग्वार्कोमा आयोजित कार्यक्रममा क्याम्पस जिल्ला अध्यक्ष तारा सन्ज्यालको सञ्चालन तथा सङ्गठनका केन्द्रीय सदस्य नवराज भट्टले सम्बोधन गरेका थिए। पोखरा उपत्यका जिल्ला, केयू जिल्ला र टीयू जिल्लाको आयोजनामा कीर्तिपुरको त्रिभुवन विश्वविद्यालयको केन्द्रीय क्याम्पस प्राङ्गणमा सभा सम्पन्न भएको छ । सभाको सञ्चालन सङ्गठनका केन्द्रीय सदस्य ललित विक र सम्बोधन केन्द्रीय सचिवालय सदस्य पुष्प न्यौपानेले गरेका थिए।

यसैबीच नेपाल कम्युनिस्ट पार्टी सिन्धुलीले सातौँ पार्टी पुनर्गठन दिवसका अवसरमा जिल्लाभरि पोस्टर, पम्प्लेट र ब्यानर टाँसेको छ। जनताको व्यापक उपस्थितिमा जिल्लाका सबै गाउँपालिका र नगरपालिकामा सभा सम्पन्न गरिनुका साथै पर्चापम्प्लेटले रातामे पारिएको त्यहाँबाट जिल्ला सेक्रेटरी प्रसिद्धले जनाएका छन्।

नेकपाले पार्टी सातौँ पार्टी पुनर्गठन दिवसका अवसरमा देशैभरि विभिन्न कार्यक्रमहरू गरिरहेको बेला सिन्धुलीमा पनि प्रचारात्मक कार्यक्रम र सभाहरू सम्पन्न गरिएको हो । नेकपाले पार्टी पुनर्गठन दिवसलाई उत्सवमय बनाउन सिन्धुलीलगायत देशैभरि सानाठूला जनसभाहरू सम्पन्न गरिरहेको छ।

यसैबीच अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घअन्तर्गतको उपत्यका क्षेत्रीय विशेष समन्वय समितिले उपत्यकाका विभिन्न स्थानमा पोस्टर टाँस्ने, भित्तेलेखन गर्ने, तुल-ब्यानर झुन्ड्याउने काम गरेको छ । मङ्सिर ६ गते काठमाडौँ, ललितपुर र भक्तपुर जिल्ला महासङ्घको नेतृत्वमा 'पार्टीको ऐतिहासिक सातौँ पुनर्गठन दिवस भव्य सम्पन्न गरौँ' नारा अङ्कित पोस्टरहरू विभिन्न उद्योग तथा प्रतिष्ठानवरपर टाँसिएको महासङ्घले जनाएको छ। महासङ्घ सम्बद्ध विभिन्न पेसागत सङ्घसङ्गठनले तुल र ब्यानर झुन्ड्याएका थिए।

## रामेछापका गाउँगाउँमा नेकपा पुनर्गठन दिवसका ब्यानर र पोस्टर

नेपाल कम्युनिस्ट पार्टी रामेछापले जिल्लाका विभिन्न गाउँमा पार्टीको सातौँ पुनर्गठन दिवसका पोस्टरहरू टाँस्दै ब्यानरहरू झुन्ड्याएको छ।

जिल्लाबाट प्राप्त जानकारीअनुसार आत्मसमर्पणवादी र अकर्मण्यतावादीहरूको चङ्गुलबाट छुट्टिएर जुझारु र क्रान्तिकारी पार्टी निर्माण गरेको ७ वर्ष लागेको अवसरमा पार्टीको केन्द्रीय कार्यक्रमअनुसार पार्टी पुनर्गठन दिवसलाई भव्य रूपमा सफल बनाउन जिल्लाका विभिन्न ठाउँमा वालिङ, माइकिङ र ब्यानरहरू झुन्ड्याइएको हो।

नेकपाले खाँडादेवी गापा, दोरम्बा गापा, सुनापति गापा र मन्थली नगरपालिकाका विभिन्न वडाहरूमा प्रचारप्रसार गरेको प्राप्त समाचारमा जनाइएको छ।

## चितवनभरि पार्टी पुनर्गठन दिवसका पोस्टर

नेपाल कम्युनिस्ट पार्टी चितवनले पार्टीको केन्द्रीय कार्यक्रमअनुसार जिल्लाभरि पार्टी पुनर्गठन दिवससम्बन्धी पोस्टर टाँसी पर्चा वितरण गरेको समाचार प्राप्त भएको छ।

मङ्सिर ६ गते प्रचारप्रसार, ७ गते प्रदर्शन र कोणसभा, ८ गते पार्टी पुनर्गठन दिवसलाई उत्सवका रूपमा मनाउने योजनाअनुसार नेपाल कम्युनिस्ट पार्टी चितवनले पुनर्गठन दिवसको भव्य तयारी गरेको जानकारी नेपाल कम्युनिस्ट पार्टी चितवनका सदस्य सागरले दिएका छन्।




## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : अनिल शर्मा, प्रबन्धनिर्देशक : भीमप्रसाद चापागाई, सम्पादक : अशोकप्रसाद सुवेदी, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ